# ‘सम्झनाका गल्छेडाहरूमा’ संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**अञ्जना भट्टराई**
त्रि.वि. दर्ता नं. ६-१-१९-२३-९९
क्याम्पस रोल नं. ३६/०६४
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन
२०६९

# त्रिभुवन विश्वविद्यालय
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी अञ्जना भट्टराईले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल**
विभागीय प्रमुख

____________________
हस्ताक्षर

**सह–प्राध्यापक दामोदर रिजाल**
शोधनिर्देशक

____________________
हस्ताक्षर

**प्रा.डा. चूडामणि बन्धु**
बाह्यपरीक्षक

____________________
हस्ताक्षर

मिति : २०६९/१०/०६

‘सम्झनाका गल्छेडाहरूमा’ संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन    अञ्जना भट्टराई    २०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका एम.ए. दोस्रो वर्षका छात्रा अञ्जना भट्टराईले **'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/८/३०

**दामोदर रिजाल**
सह-प्राध्यापक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको **'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन**को शोधपत्र आदरणीय गुरु सह-प्रा. श्री दामोदर रिजालको कुशल निर्देशनमा तयार पारेकी छु । आफ्नो कार्य व्यस्तताबाट समय मिलाएर आवश्यक सल्लाह, सुझाव एवम् उद्देश्यमूलक जानकारी, शोधपत्रको निरीक्षण, परिमार्जन गरिदिनु हुने आदरणीय गुरु श्री दामोदर रिजालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग र यस शोधपत्र तयार गर्नका लागि आफ्नो अमूल्य समय निकालेर प्रत्यक्ष तथा साङ्केतिक निर्देशन, सुझावका साथै हौसला दिई उत्प्रेरित गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. श्री नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य लेख-रचना प्रदान गरी सहयोग गर्नुहुने साथी खडानन्द खतिवडाका साथै यस शोधपत्र लेखनकार्यमा सहयोग पुऱ्याउनु हुने वीरेन्द्र क्याम्पसका सहायक प्रशासक श्री शिवप्रसाद पोखरेलप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने नैतिक अर्ती दिँदै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्ची मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनु हुने मेरा श्रीमान् श्री तोयनाथ पौडेल 'मणि' प्रति आजन्म ऋणी छु । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस शोधलेखन कार्यमा सहयोग पुऱ्याउने साथीहरूप्रति धन्यवाद दिन चाहन्छु साथै सङ्कलित सामग्रीहरू सुरक्षितपूर्वक टङ्कण गरिदिनु हुने 'निक द डिजाइनर' नारायणगढ, चितवनका श्री दीपेन्द्रकुमार जोशी 'निक' र सुमिना जोशीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुरसमक्ष पेस गरेकी छु ।

शोधार्थी

**अञ्जना भट्टराई**
त्रि.वि.दर्ता नं. : ६-१-१९-२३-९९
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन
२०६९

मिति : २०६९/०८/३०

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| आइ.ए. | इन्टरमिडियट अफ आर्ट्स |
| एम.ए. | मास्टर्स अफ आर्ट्स |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| का.मु. | कायम मुकायम |
| डा. | डाक्टर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्र.अ. | प्रधानाध्यापक |
| प्र.म. | प्रधानमन्त्री |
| बी.ए. | ब्याचलर्स अफ आर्ट्स |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची

(क) शोधपत्रको स्वीकृतिपत्र
(ख) शोधनिर्देशकको मन्तव्य
(ग) कृतज्ञताज्ञापन
(घ) सङ्क्षेपीकृत शब्दसूची

## पहिलो परिच्छेद
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.७ | सामग्रीसङ्कलन विधि | ५ |
| १.८ | शोधअध्ययन विधि | ५ |
| १.९ | शोधपत्रको रूपरेखा | ५ |

## दोस्रो परिच्छेद
## संस्मरणको सैद्धान्तिक परिचय

| | | |
|---|---|---|
| २.१ | आरम्भ | ७ |
| २.२ | संस्मरणको अर्थ र परिभाषा | ८ |
| २.३ | संस्मरणका तत्त्वहरू | ९ |
| २.४ | संस्मरणका विशेषताहरू | १० |
| २.४.१ | स्मृतितत्त्वको प्रधानता | १० |
| २.४.२ | निजात्मक अनुभूतिको इमान्दारितापूर्वक प्रस्तुतीकरण | ११ |
| २.४.३ | जीवनभोगाइका अविष्मरणीय क्षणको अभिव्यक्ति | ११ |
| २.४.४ | दृश्य र अन्य संवेद्यवस्तुको ग्रहण | ११ |

२.४.५ प्रथमपुरुषीय पात्रचयन १२
२.४.६ भाषाशैलीमा रागात्मकता १२
२.४.७ परिवेश चित्रणमा कलात्मकता १२
२.४.८ प्रस्तुतीकरणमा पारदर्शीता १२
२.५ संस्मरण उपविधाको अन्य विधाभित्रका उपविधासँग भिन्नता १३
२.५.१ आत्मकथा र संस्मरण १३
२.५.२ जीवनी र संस्मरण १४
२.५.३ यात्रा-वृत्तान्त र संस्मरण १५
२.५.४ दैनिकी र संस्मरण १६
२.५.५ पत्रसाहित्य र संस्मरण १६
२.५.६ अन्तर्वार्ता र संस्मरण १७
२.५.७ शब्दचित्र र संस्मरण १८
२.५.८ विवरण र संस्मरण १९
२.६ निष्कर्ष २०

## तेस्रो परिच्छेद
## संस्मरणको विकासक्रम र ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन

३.१ विषयप्रवेश २१
३.२ संस्मरणको विकासप्रक्रिया २१
३.२.१ प्रारम्भिक चरण २२
३.२.२ माध्यमिक चरण २२
३.२.३ आधुनिक चरण २३
३.३ ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन २६
३.३.१ पहिलो चरण (प्रारम्भदेखि २०५४) २७
३.३.२ दोस्रो चरण (२०५५ देखि २०५८) २८
३.३.३ तेस्रो चरण (२०५९ देखि २०६३) २९
३.४ निष्कर्ष ३०

## चौथो परिच्छेद
## ध.च. गोतामेका 'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण

४.१ कृति परिचय ३१
४.२ त्यो अग्निकाण्ड ३२

| | | | |
|---|---|---|---|
| | ४.२.१ | विषयवस्तु | ३२ |
| | ४.२.२ | पात्र | ३२ |
| | ४.२.३ | उद्देश्य | ३३ |
| | ४.२.४ | परिवेश | ३४ |
| | ४.२.५ | भाषाशैली | ३४ |
| | ४.२.६ | दृष्टिबिन्दु | ३४ |
| ४.३ | बत्तीसपुतली - बालुवाटार | | ३५ |
| | ४.३.१ | विषयवस्तु | ३५ |
| | ४.३.२ | पात्र | ३५ |
| | ४.३.३ | उद्देश्य | ३५ |
| | ४.३.४ | परिवेश | ३६ |
| | ४.३.५ | भाषाशैली | ३६ |
| | ४.३.६ | दृष्टिबिन्दु | ३६ |
| ४.४ | आफ्नै धरातलमा | | ३६ |
| | ४.४.१ | विषयवस्तु | ३६ |
| | ४.४.२ | पात्र | ३७ |
| | ४.४.३ | उद्देश्य | ३८ |
| | ४.४.४ | परिवेश | ३८ |
| | ४.४.५ | भाषाशैली | ३८ |
| | ४.४.६ | दृष्टिबिन्दु | ३८ |
| ४.५ | एक यात्रा : अनेक बिसौनी | | ३९ |
| | ४.५.१ | विषयवस्तु | ३९ |
| | ४.५.२ | पात्र | ३९ |
| | ४.५.३ | उद्देश्य | ३९ |
| | ४.५.४ | परिवेश | ४० |
| | ४.५.५ | भाषाशैली | ४० |
| | ४.५.६ | दृष्टिबिन्दु | ४० |
| ४.६ | मौलिक स्वादको आनन्द | | ४१ |
| | ४.६.१ | विषयवस्तु | ४१ |
| | ४.६.२ | पात्र | ४१ |
| | ४.६.३ | उद्देश्य | ४१ |
| | ४.६.४ | परिवेश | ४२ |
| | ४.६.५ | भाषाशैली | ४२ |
| | ४.६.६ | दृष्टिबिन्दु | ४२ |
| ४.७ | हिउँ पग्लियो | | ४२ |
| | ४.७.१ | विषयवस्तु | ४२ |

| | | | |
|---|---|---|---|
| | ४.७.२ | पात्र | ४३ |
| | ४.७.३ | उद्देश्य | ४३ |
| | ४.७.४ | परिवेश | ४४ |
| | ४.७.५ | भाषाशैली | ४४ |
| | ४.७.६ | दृष्टिबिन्दु | ४४ |
| ४.८ | विषवृक्षको छायाँमुनि | | ४४ |
| | ४.८.१ | विषयवस्तु | ४४ |
| | ४.८.२ | पात्र | ४५ |
| | ४.८.३ | उद्देश्य | ४५ |
| | ४.८.४ | परिवेश | ४६ |
| | ४.८.५ | भाषाशैली | ४६ |
| | ४.८.६ | दृष्टिबिन्दु | ४६ |
| ४.९ | तेस्रो व्यक्ति | | ४६ |
| | ४.९.१ | विषयवस्तु | ४६ |
| | ४.९.२ | पात्र | ४७ |
| | ४.९.३ | उद्देश्य | ४८ |
| | ४.९.४ | परिवेश | ४८ |
| | ४.९.५ | भाषाशैली | ४८ |
| | ४.९.६ | दृष्टिबिन्दु | ४८ |
| ४.१० | बाघको मुख रातो | | ४९ |
| | ४.१०.१ | विषयवस्तु | ४९ |
| | ४.१०.२ | पात्र | ४९ |
| | ४.१०.३ | उद्देश्य | ५० |
| | ४.१०.४ | परिवेश | ५० |
| | ४.१०.५ | भाषाशैली | ५० |
| | ४.१०.६ | दृष्टिबिन्दु | ५१ |
| ४.११ | घुम्दै फिर्दै रुम्जाटार | | ५१ |
| | ४.११.१ | विषयवस्तु | ५१ |
| | ४.११.२ | पात्र | ५२ |
| | ४.११.३ | उद्देश्य | ५२ |
| | ४.११.४ | परिवेश | ५२ |
| | ४.११.५ | भाषाशैली | ५२ |
| | ४.११.६ | दृष्टिबिन्दु | ५३ |
| ४.१२ | चीनको उकालो | | ५३ |
| | ४.१२.१ | विषयवस्तु | ५३ |

| | | | |
|---|---|---|---|
| | ४.१२.२ | पात्र | ५४ |
| | ४.१२.३ | उद्देश्य | ५४ |
| | ४.१२.४ | परिवेश | ५४ |
| | ४.१२.५ | भाषाशैली | ५४ |
| | ४.१२.६ | दृष्टिबिन्दु | ५५ |
| ४.१३ | छालाको टोपी लाउने हाकिम | | ५५ |
| | ४.१३.१ | विषयवस्तु | ५५ |
| | ४.१३.२ | पात्र | ५६ |
| | ४.१३.३ | उद्देश्य | ५६ |
| | ४.१३.४ | परिवेश | ५७ |
| | ४.१३.५ | भाषाशैली | ५७ |
| | ४.१३.६ | दृष्टिबिन्दु | ५७ |
| ४.१४ | गाँसिएको सम्झना | | ५७ |
| | ४.१४.१ | विषयवस्तु | ५७ |
| | ४.१४.२ | पात्र | ५८ |
| | ४.१४.३ | उद्देश्य | ५८ |
| | ४.१४.४ | परिवेश | ५९ |
| | ४.१४.५ | भाषाशैली | ५९ |
| | ४.१४.६ | दृष्टिबिन्दु | ५९ |
| ४.१५ | तुरिफेलको बुर्जामुनि | | ५९ |
| | ४.१५.१ | विषयवस्तु | ५९ |
| | ४.१५.२ | पात्र | ६० |
| | ४.१५.३ | उद्देश्य | ६१ |
| | ४.१५.४ | परिवेश | ६१ |
| | ४.१५.५ | भाषाशैली | ६१ |
| | ४.१५.६ | दृष्टिबिन्दु | ६१ |
| ४.१६ | शून्य आँगनका उदास आकृतिहरू | | ६२ |
| | ४.१६.१ | विषयवस्तु | ६२ |
| | ४.१६.२ | पात्र | ६२ |
| | ४.१६.३ | उद्देश्य | ६३ |
| | ४.१६.४ | परिवेश | ६३ |
| | ४.१६.५ | भाषाशैली | ६३ |
| | ४.१६.६ | दृष्टिबिन्दु | ६४ |
| ४.१७ | गोपाल ! तिम्रो सम्झनामा | | ६४ |
| | ४.१७.१ | विषयवस्तु | ६४ |

४.१७.२ पात्र ६४
४.१७.३ उद्देश्य ६५
४.१७.४ परिवेश ६५
४.१७.५ भाषाशैली ६५
४.१७.६ दृष्टिबिन्दु ६५
४.८ निष्कर्ष ६६

## पाँचौं परिच्छेद
## ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्तिहरूको मूल्याङ्कन र उपसंहार

५.१ विषयप्रवेश ६७
५.२ ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्ति ६८
५.२.१ ग्रामीण विषयवस्तुलाई संस्मरणमा समेट्ने प्रवृत्ति ६८
५.२.२ धार्मिक अन्धविश्वासको विरोध गर्ने प्रवृत्ति ६८
५.२.३ मानवीय अस्तित्वको बचाउ गर्ने प्रवृत्ति ६८
५.२.४ सामन्ती व्यवस्था वा शोषकसत्ताविरुद्ध विद्रोहको अभिव्यक्ति प्रकट गर्ने प्रवृत्ति ६९
५.२.५ कर्मचारीतन्त्रमा व्याप्त चाकरी प्रथाको विरोध गर्ने प्रवृत्ति ६९
५.२.६ वर्गीय असमानताको खुलेर विरोध गर्ने प्रवृत्ति ७०
५.२.७ समाज विकासका लागि मरिमेट्ने सहिद तथा अग्रजहरूप्रति श्रद्धा गर्ने प्रवृत्ति ७०
५.२.८ संसदीय व्यवस्थामा हुनेगरेका केही भ्रष्टताप्रति असन्तुष्टि व्यक्त गर्ने प्रवृत्ति ७१
५.२.९ महिला उत्पीडनविरुद्ध मुक्तिको आकाङ्क्षा राख्ने प्रवृत्ति ७२
५.२.१० बाल्यकालीन घटनाका स्मृतिहरूलाई रोमाञ्चकताका साथ पाठकसामु प्रस्तुत गर्ने प्रवृत्ति ७२
५.३ मूल्याङ्कन ७३
५.४ उपसंहार ७४

सन्दर्भग्रन्थसूची ७७

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. १९८९ पौष २५ गते जनकपुर अञ्चलअन्तर्गत महोत्तरी जिल्लाको मनराकट्टीमा जन्मेका धनुषचन्द्र गौतम नेपाली साहित्यमा ध.च. गोतामेका नामबाट आख्यानकार र निबन्धकारका रूपमा परिचित छन् । उनले फुटकर रूपमा कविता, कथा र समालोचना विधामा समेत कलम चलाए पनि उनको विधागत प्राप्ति उपन्यास र निबन्ध नै भएको देखिन्छ । २००६ सालमा **सेवा** पत्रिकामा *च्यातिएको पर्दा* शीर्षकको कथाबाट साहित्य सृजनामा लागेका गोतामेका **घामका पाइलाहरू** (२०३५), **यहाँदेखि त्यहाँसम्म** (२०४२) गरी दुई उपन्यास, **कालान्तर** (२०५३), **सम्झनाका गल्छेडाहरूमा** (२०५५), **तीनबास** (२०५८), **उत्तरोत्तर** (२०५९), **आरोह-अवरोह** (२०६२) गरी पाँचवटा संस्मरणात्मक निबन्धसङ्ग्रहका साथै **संज्ञा-सर्वनाम** (२०५४) हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । गोतामेको जीवनी, व्यक्तित्व र कृतित्व तथा अन्य कृतिहरूको कृतिपरक अध्ययन भइसकेको र प्रस्तुत **सम्झनाका गल्छेडाहरूमा** (२०५५) संस्मरणात्मक निबन्धसङ्ग्रहको गहन र विशद अध्ययन हुन बाँकी रहेकाले त्यसैको विधागत अध्ययन गर्नका लागि यो संस्मरणात्मक निबन्धसङ्ग्रह चयन गरिएको छ र **'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षक तयार गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र ध.च. गोतामेका **सम्झनाका गल्छेडाहरूमा** सोह्रवटा संस्मरणात्मक निबन्धहरू सङ्गृहीत छन् । धेरै लामो समयसम्म विभिन्न क्षेत्रमा बसेर काम गर्ने, धेरै ठाउँ घुम्ने र अत्यधिक मानिससँग सम्पर्क गर्ने अवसर प्राप्त गरेका ध.च. गोतामेले यस **सम्झनाका गल्छेडाहरूमा** संस्मरणमार्फत् आफ्नो सङ्घर्षको कथा र प्रशासनिक जीवनका कटु-मधु अनुभव र

अनुभूतिहरूको रम्य वर्णन गरेको पाइन्छ । त्यसकारण यिनै विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि प्रस्तुत शोधपत्र निम्नलिखित समस्यासँग सम्बन्धित रहेको छ :

(क) संस्मरणात्मक निबन्ध विधागत रूपमा कस्तो हुन्छ ?

(ख) ध.च. गोतामेको संस्मरणात्मक निबन्धलेखनको विकासयात्रा कस्तो छ ?

(ग) ध.च. गोतामेको संस्मरणात्मक निबन्धगत प्रवृत्ति कस्तो छ ?

(घ) **सम्झनाका गल्छेडाहरूमा** कृतिको कृतिगत मूल्याङ्कन कस्तो छ ?

यिनै समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या-विश्लेषणका साथ प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

विशेषत: शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हुन्छ । प्रस्तुत शोधकार्यका समस्यालाई सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान के-कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर गरिने यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) संस्मरणको विधागत अध्ययन गर्नु ।

(ख) ध.च. गोतामेका संस्मरणात्मक यात्राको अध्ययन गर्नु ।

(ग) ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्तिहरूको अध्ययन गर्नु ।

(घ) ध.च.गोतामेका **सम्झनाका गल्छेडाहरूमा** संस्मरणको कृतिगत अध्ययन गर्नु ।

यिनै उद्देश्यमा आधारित भई यो शोधपत्र तयार पारिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

मूलत: नेपाली साहित्यका उपन्यासकार र संस्मरणकारका रूपमा परिचित ध.च. गोतामेले साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई धनी तुल्याएका छन् । गोतामेका साहित्यिक योगदानका बारेमा छुट्टाछुट्टै विधाको चर्चा परिचर्चाका क्रममा उपन्यासकारिता, जीवनी र व्यक्तित्वको गहन अध्ययन भएको छ तापनि उनका संस्मरणसङ्ग्रहको कृतिपरक गहन अध्ययन र विश्लेषण हुन सकेको छैन । उनको समग्र संस्मरणकारितालाई चिनाउने क्रममा सबै संस्मरणसङ्ग्रहको सङ्क्षिप्त परिचय मात्र गराइएको हुनाले आजसम्म उनको संस्मरणकारितालाई चिनाउन गरेका ती कार्यहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**मा ध.च. गोतामेको निबन्धकारितालाई चिनाउँदै जागिरे जीवनका विविध क्षेत्रका अनेक मूल्य र मान्यताका धारणाहरू आफ्ना रचनाक्षेत्रमा उतार्ने जमर्को गरेका छन् भन्ने चर्चा गरेका छन् । त्यसै प्रसङ्गमा सुवेदीले उनका रचनामा कथ्य सामान्य प्रकारको भए पनि शिल्पपक्ष भने निकै तिख्खर र निकै गहन रहेको चर्चा गरेका छन् ।[१]

माधव अधिकारीले **संस्मरणकार खगेन्द्र सङ्ग्रौला**मा नेपाली संस्मरणलेखनको विकासक्रममा विभिन्न संस्मरणकारहरूको नामोल्लेख गर्ने क्रममा ध.च. गोतामेको संस्मरणकारिताको सामान्य चर्चा गरेका छन् ।[२]

**नेपाली निबन्धको इतिहास**मा ध.च. गोतामेको संस्मरणकारितालाई चिनाउँदै प्रमोद प्रधानले उनका संस्मरणहरूमा इतिहाससम्बद्ध विविध प्रसङ्ग र सूचनाको इतिवृत्त प्रस्तुत गरेका छन् । उपन्यासमा जस्तो विभिन्न पात्रको प्रस्तुति र तिनको उचित चरित्रचित्रण, कथाको जस्तो उत्सुकता जगाउने घटनावलीको संयोजन र नाटकमा जस्तो घटनाहरूको क्रमबद्धता गोतामेका संस्मरणका विशेषता हुन् भन्ने ठोकुवा पनि प्रधानको छ ।[३]

खडानन्द खतिवडाले **ध.च. गोतामेको जीवनी, व्यक्तित्व र कृतित्व**मा उनका संस्मरणहरूको विषयवस्तुगत सामान्य परिचय दिँदै उनका संस्मरणहरूमा प्रशासनिक क्षेत्रमा भएका अनेक नकारात्मक गतिविधि, त्यहाँ हुने गरेका भ्रष्टाचारका साथ समाजमा घटेका अनेक विकृति-विसङ्गतिलाई कत्ति पनि नलुकाई पाठकसामु ल्याइदिएका छन् भन्ने चर्चा गरेका छन् ।[४]

शेखर दाहालले **ध.च. गोतामेको संस्मरणकारिता**मा उनका सबै संस्मरणहरूको विश्लेषण गर्दै उनका संस्मरणहरूले वरण गरेका विषयवस्तुका आधारमा उनका संस्मरणहरूले ग्रामीण विषयवस्तुलाई समेटेको, धार्मिक अन्धविश्वासको विरोध गरेको, मानवीय अस्तित्वको रक्षा गरेको, सामन्त शोषक सत्ताव्यवस्थाको विरोध गरेको, कर्मचारीतन्त्रमा व्याप्त चाकरीप्रथाको विरोध गरेको, वर्गीय असमानताप्रति खुलेर विरोध गरेको, समाजसेवी अग्रजप्रति श्रद्धा प्रकट गरेको, संसदीय व्यवस्थाको भ्रष्टताप्रति असन्तुष्टि व्यक्त गरेको, महिला उत्पीडनप्रति आवाज उठाउनुका साथै

---

१ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १२७ ।

२ माधव अधिकारी, **संस्मरणकार खगेन्द्र सङ्ग्रौला**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६४), पृ. २८ ।

३ प्रमोद प्रधान, **नेपाली निबन्धको इतिहास**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६६), पृ. १३८-१३९ ।

४ खडानन्द खतिवडा, **ध.च. गोतामेको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६८), पृ. ८०-१०५ ।

आफ्ना बाल्यकालीन घटनावलीलाई रोमाञ्चकताका साथ पाठकसामु स्पष्ट पारेको चर्चा गरेका छन् ।[५]

संस्मरणकार ध.च. गोतामेका सम्बन्धमा गरिएका यी समीक्षा र टिप्पणीहरू सतही मात्र छैनन् प्रभावपरक दृष्टिले उनको समग्र संस्मरणकारितालाई चिनाउने अभिव्यक्तिका रूपमा पनि प्रस्तुत छन् त्यसैले **सम्भनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन गरेर उनको साहित्यिक योगदान र कृतिगत वैशिष्ट्य प्रस्तुत गर्ने उद्देश्यबाट यो शोधकार्य सम्पन्न भएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

यो शोधकार्य ध.च. गोतामेको **सम्भनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहमा सङ्गृहीत संस्मरणको अध्ययनमा केन्द्रित छ । यसमा संस्मरणहरूको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित विश्लेषण र मूल्याङ्कन गरिएकाले यसबाट आउने पिँढीलाई उनका निबन्धात्मक प्रवृत्ति र कृतिका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुन्छ । गोतामेको प्रस्तुत सङ्ग्रहका आधारमा प्रवृत्ति निर्धारण गरिने भएकाले उनका बारेमा जान्न इच्छुक व्यक्ति र सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गर्न अनुसन्धानका क्षेत्रमा यसको महत्त्व छ । यसरी नै नेपाली संस्मरण इतिहास लेखनका क्रममा यस शोधपत्रले संस्मरण लेखनक्षेत्रमा गोतामेको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याएको छ । उपर्युक्त विविध दृष्टिकोणले पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध, संस्मरण र समालोचना आदि विधामा कलम चलाए तापनि गोतामेका उपन्यास र निबन्धात्मक कृतिहरू मात्र पुस्तकाकार कृतिका रूपमा आएका हुनाले पुस्तकाकार कृतिका रूपमा प्रकाशित पाँचवटा संस्मरणसङ्ग्रहमध्ये **सम्भनाका गल्छेडाहरूमा** शीर्षकको सङ्ग्रहको मात्र यहाँ विश्लेषण गरिएको छ । उनका अन्य फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कथा, निबन्ध, कविता र समालोचनाहरूको विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छैन । उनको प्रवृत्ति निर्धारणका क्रममा केही अन्य सङ्ग्रहहरूको सहयोग लिए पनि विश्लेषण भने प्रस्तुत शोधपत्रमा गरिएको छैन ।

---

५ शेखर दाहाल, **ध.च. गोतामेको संस्मरणकारिता**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६८), पृ.१०७-११६ ।

## १.७ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्रको विशेषगरी सामग्रीसङ्कलनका लागि पुस्तकालीय पद्धतिको प्रयोग गरिएको छ । उनका जीवनी र व्यक्तित्वका विविध पाटालाई प्रस्तुत गर्दा उनकै संस्मरणात्मक कृतिहरूलाई मुख्य रूपमा आधार बनाइएको छ । उनलाई विशेष रूपमा चिन्ने प्राध्यापक एवम् अनुसन्धातासँग पनि उनका बारेमा यथोचित रूपमा सरसल्लाह लिएर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.८ शोधअध्ययन विधि

प्रस्तुत शोधपत्रमा संस्मरणकार ध.च. गोतामेको **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययनको क्रममा संस्मरणकारको जीवनी र व्यक्तित्वको पाटालाई उनकै संस्मरणात्मक कृतिलाई मुख्य आधार बनाई आगमन विधिको आधारमा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि सामग्रीको अवस्था हेरेर आवश्यकताअनुसार ऐतिहासिक, वर्णनात्मक, विवरणात्मक, तुलनात्मक तथा विश्लेषणात्मक विधिहरू अपनाइएको छ । कृतिपरक समालोचना वा मापदण्डका आधारमा उनका विभिन्न आयामहरू तथा कृति विश्लेषणका निम्ति समालोचनाका सामान्य सिद्धान्तलाई समेत अँगालिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ । साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित रूपमा विभाजन गरी सम्पन्न गरिएको छ :

(१) पहिलो परिच्छेद : **शोधपत्रको परिचय**

यस परिच्छेदमा शोधपत्रको शीर्षक, शोधसमस्या, शोधविधि, शोधको उद्देश्य, शोधपत्रको रूपरेखा आदि प्रस्तुत गरिएको छ ।

(२) दोस्रो परिच्छेद : **संस्मरणात्मक निबन्धको सैद्धान्तिक परिचय**

यस परिच्छेदमा संस्मरणात्मक निबन्धको सैद्धान्तिक परिचय र समस्या प्रस्तुत गरिएको छ ।

(३) तेस्रो परिच्छेद : **संस्मरणको विकासक्रम र ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन**

यस परिच्छेदमा संस्मरणको विकासक्रमका साथै गोतामेका निबन्धात्मक यात्रा र त्यसका आधारमा उनका निबन्धयात्राका चरणहरू प्रस्तुत गरिएको छ ।

(४) चौथो परिच्छेद : **सम्झनाका गल्छेडाहरूमा संस्मरणको संस्मरणात्मक विश्लेषण**

यस परिच्छेदमा सैद्धान्तिक रूपमा उनका निबन्धहरूको कृतिपरक अध्ययन प्रस्तुत गरिएको छ ।

(५) पाँचौँ परिच्छेद : **ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्तिहरूको मूल्याङ्कन र उपसंहार**

यस परिच्छेदमा ध.च. गोतामेको संस्मरणहरूको मुख्य प्रवृत्तिहरूका साथै मूल्याङ्कन र अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ ।

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । यस शोधपत्रको अन्तमा यो शोधपत्र तयार पार्न प्रयोग गरिएका ग्रन्थ, पत्रपत्रिका र अप्रकाशित शोधपत्रहरूको सन्दर्भग्रन्थसूची दिइएको छ । यसरी आन्तरिक र बाह्य संरचना तथा आदिभाग, मध्यभाग र अन्त्यभाग निर्माणद्वारा साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# संस्मरणको सैद्धान्तिक परिचय

## २.१ आरम्भ

कथा, कविता, नाटक र निबन्ध गरी साहित्यका चारवटा प्रमुख विधाहरू रहेका छन् । संस्मरणसाहित्य निबन्धविधाभित्र पर्ने एक उपविधा हो । संस्मरणबाहेक जीवनी, यात्रा-वृत्तान्त, आत्मकथा, रेखाचित्र, रिपोतार्ज, अन्तर्वार्ता, दैनिकी, पत्ररचना र सिकारकथाजस्ता विधाहरू अन्य विधाभित्रै पर्दछन् ।[१] निबन्धकै एक भेदमा संस्मरणलाई राखेको पनि पाइन्छ । त्यसमा पनि निजात्मक वा आत्मपरक निबन्धको नजिक पर्ने संस्मरणविधा प्रतिदिन परिपक्वतातर्फ अग्रसर छ । साहित्यका अन्य विधाभित्र पर्ने सम्पूर्ण विधाहरूमा भुक्त जीवनकथा, गद्यमयता, आख्यानात्मकता र विकासशील अवस्थाजस्ता साझा तत्त्वहरू रहेका हुन्छन् ।[२]

भिक्टर प्रधानले इतिहाससँग घटनाहरूलाई मिलाएर निर्माण गरिएका नितान्त नवीन विधाहरूलाई *अन्य विधा* नामकरण गरेका छन् ।[३] साहित्यका प्रतिभाशाली स्रष्टाका कलमद्वारा अन्य विधाका विविध फाँटमा फुटकर एवम् पुस्तकका रूपमा प्रकाशन भई विकसित हुँदै जाने सन्दर्भमा नेपाली साहित्यका प्रबुद्ध समीक्षक एवम् इतिहासकारहरूबाट यी उपविधाहरूलाई स्वतन्त्र विधाका रूपमा[४] अध्ययन गर्ने परम्पराको प्रारम्भ भएको देखिन्छ । स्वतन्त्र विधाका रूपमा अध्ययन गर्ने परम्पराको थालनी भए पनि गद्यसाहित्यका अन्य विधाहरूमा सैद्धान्तिक स्वरूपमा एकरूपता पाइने हुनाले नै यी सबै विधाहरूलाई एउटै भएको *अन्य विधा*अन्तर्गत राखी अध्ययन गर्नु सान्दर्भिक हुन्छ ।

---

१ राजेन्द्र सुवेदी, *संस्मरणसाहित्यको सैद्धान्तिक परिचय : सङ्क्षिप्त अध्ययन,* **मधुपर्क**, (वर्ष २८, अङ्क ४, भदौ, २०५३), पृ. ३७ ।

२ मनमाया पाठक, **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६), पृ. २९ ।

३ भिक्टर प्रधान, **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४४), पृ. २ ।

४ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २६ ।

## २.२ संस्मरणको अर्थ र परिभाषा

संस्मरण शब्द अर्थात् स्मरण आधारपदमा सम् उपसर्ग लागेर व्युत्पादित शब्द हो । शाब्दिक रूपमा यसले सम्झना गर्नु भन्ने अर्थ दिन्छ । शाब्दिक रूपमा मात्र संस्मरणको अर्थ पर्याप्त हुन्न । यसको बृहत् अर्थका बारेमा केही विद्वान्हरूले आफ्ना भनाइहरू प्रस्तुत गरेका छन् । बालकृष्ण पोखरेलका अनुसार बारम्बार सम्झनामा आउने बितेका दिनका कुरा, मीठा सम्झना, मधुर स्मृति, पुराना घटनावस्तु, महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख, कथन वा रचना नै संस्मरण हो ।[५]

साहित्यकार पारिजातले संस्मरण लेख्नु भनेको आफैसँग इमान्दार हुनु हो । नत्र मनका स्वीकारोक्तिहरूको साक्षी को ?[६] भन्दै प्रश्नात्मक ढाँचामा यसको चिनारी गराएकी छिन् ।

कुनै घटना, कुनै स्थान, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिका सम्बन्धमा आत्मपरक शैलीमा लेखिने सङ्क्षिप्त आकारप्रकारको रचनालाई संस्मरण भनिन्छ । संस्मरणमा अतीतका घटनाको सम्झना हुने भएकाले लेखकका जीवनभोगाइका विविध सन्दर्भलाई समयान्तर स्मृतिका आधारमा कलात्मक भाषाशैलीद्वारा प्रस्तुत गरिएको पाइन्छ तसर्थ यस विधाले साहित्यिक मान्यता प्राप्त गरेको देखिन्छ[७] भन्दै केशवप्रसाद उपाध्यायले संस्मरणको परिभाषा दिएको पाइन्छ । जीवनमा अनुभव गरिएका र भोगेका स्थितिहरू, नजिकबाट सम्पर्कमा आएका घटना र क्रियाहरूलाई स्मृतिमा समेटेर निजात्मक ढङ्गले कलात्मक रूपमा स्थापित गरिने वस्तुहरूको निबन्धात्मक लेखन[८] संस्मरण भएको कुरा राजेन्द्र सुवेदीले व्यक्त गरेका छन् ।

विलियम वर्कले संस्मरणको वास्तविक अर्थ अनुस्मरण, अनुस्मृति, अभिज्ञान, झल्को, याद, संस्मृति, सम्झना, स्मरण, स्मृति भए पनि साहित्यिक अर्थमा अझ व्यापक छ[९] भनेका छन् ।

धनुषचन्द्र गोतामेका अनुसार संस्मरण कुनै स्मरणकारको स्मृतिको शब्दाङ्कन भएकाले कल्पनारहित हुन्छ । केवल त्यसै घटनाको वर्णन यसमा भएको हुन्छ जुन जीवनमा घटिसकेको हुन्छ । विशुद्ध स्मरणका आधारमा विगतका घटनाहरूलाई उकेरीउकेरी लिपिबद्ध गर्ने काम यसमा हुने भएकाले कल्पना नहुनु स्वाभाविकै हो ।[१०]

---

५ बालकृष्ण पोखरेल र अन्य, **नेपाली बृहत् शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०), पृ. १२८१ ।

६ पारिजात, **पारिजातका सङ्कलित रचनाहरू**, (सिक्किम : निर्माण प्रकाशन, २०५४), पृ. भूमिका ।

७ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, (काठमाडौं : साहित्य प्रकाशन, २०४९), पृ. २०८ ।

८ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत् ।

९ विलियम वर्क, (सम्पा.), **सही शब्द**, (दार्जिलिङ : बेलार्मिन भाषा संस्थान, १९९४), पृ. ४७१ ।

१० धनुषचन्द्र गोतामे, **कालान्तर**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५३), पृ. भूमिका ।

हिन्दी साहित्यका वरिष्ठ विद्वान् खेलचन्द्र आनन्दका अनुसार संस्मरण यथार्थ जीवनसँग सम्बद्ध र सङ्क्षिप्त, रोचक, चित्ताकर्षक, भावुकतापूर्ण, लेखकको व्यक्तित्वले युक्त, चरित्रको गरिमापूर्ण, साङ्केतिक एवम् प्रभावपूर्ण शैलीमा लेखिएको अविस्मरणीय घटना भएको गद्यसाहित्यको एक स्वतन्त्र विधा हो ।[११]

अर्का साहित्यकार धीरेन्द्र वर्माका अनुसार संस्मरण इतिहास पनि हो, यसमा पनि लेखकले आफ्नो समयको इतिहास नै लेख्न चाहन्छ तर इतिहासकारको वस्तुपरक अङ्कनभन्दा यो नितान्त अलग हुन्छ । यस संस्मरणमा लेखकले जुन कुरा देखेको हुन्छ, स्वयम् अनुभव गरेको हुन्छ, त्यसको वर्णन गर्छ । ऊ स्वयम्का अनुभूतिहरू निजी संवेदनाहरू पनि हुन्छन् ।[१२]

जीवनभोगाइका क्रममा सञ्चित घटनाहरू, स्मरणीय क्षण, संवेदनायुक्त घटनाहरूलाई निजात्मक शैली तथा रोचक प्रसङ्गहरू जोडेर रमरम आख्यानसूत्रका माध्यमबाट सार्वजनिक रूपमा सङ्गठनात्मक एवम् कलात्मक अभिव्यक्ति दिनु नै संस्मरणसाहित्य हो । लेखकसँग सम्बन्धित घटना, स्थान, वस्तु, व्यक्ति, कार्यसमय, परिवेश, दृश्य, यात्रा, पीडा, सङ्कट, सुख, दुःख, आनन्द, खेल, झगडा, अध्ययन, अध्यापन र भेटघाट आदि विषयहरू नै संस्मरणका प्रमुख विषयवस्तु भएर देखापरेका हुन्छन् जसलाई लेखकले इमानदार भई स्मृतिका आधारमा आत्मपरक शैलीमा शब्दाङ्कन गर्दछ ।

## २.३ संस्मरणका तत्त्वहरू

संस्मरणसाहित्य आत्मपरक निबन्धको एक प्रभेद हुनाले यसका तत्त्वहरू निबन्धका तत्त्वहरूसँग मिल्छन् । कुनै पनि साहित्यिक विधाका तत्त्वहरू यति नै छन् भनी किटान गर्न असम्भव भए तापनि मोटामोटी आकलन गर्न भने अवश्य सकिन्छ । विद्वान्हरूले भिन्नाभिन्नै ढङ्गले संस्मरणका तत्त्वहरूको निर्धारण गरेका छन् र त्यस क्रममा भिक्टर प्रधानले संस्मरणलाई साहित्यका *अन्य विधा*मा समेट्दै यसका भोगयुक्त जीवन, आख्यानात्मकता, गद्यमयता र विकासशील अवस्था[१३]जस्ता चारवटा तत्त्व छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । राजेन्द्र सुवेदीले स्मृति तत्त्वको प्रधानता, निजात्मक संवेदना, दृश्य र अन्य संवेद्य वस्तुको ग्रहणपश्चकालिक अभिव्यक्ति, वैयक्तिक प्रस्तुति[१४] गरी पाँचवटा मुख्य तत्त्वको उल्लेख गरेका छन् । संस्मरणकार धनुषचन्द्र गोतामेले संस्मरणका साझा तत्त्वलाई स्वीकार्दै लेखकीय

---

११ खेलचन्द्र आनन्द, **आधुनिक हिन्दी गद्य**, (दिल्ली : सूर्य प्रकाशन, १९७४) पृ. १४० ।

१२ धीरेन्द्र बर्मा र अन्य (सम्पा.), **हिन्दी साहित्यकोश** भाग–१, (दोस्रो संस्क.), (वाराणसी : ज्ञानमण्डल लिमिटेड, २०३०), पृ. ८७० ।

१३ भिक्टर प्रधान, पूर्ववत्, पृ. ४-५ ।

१४ राजेन्द्र सुवेदी, **मधुपर्क**, पूर्ववत्, पृ. ३७-३८ ।

इमान्दारिता र पारदर्शीतालाई यसका महत्त्वपूर्ण तत्त्वमा समावेश गरेका छन् ।[१५] शोधकर्ता रमेशचन्द्र रोकाले संस्मरणका आधारभूत तत्त्वहरूमा अविस्मरणीय भोगाइ, परिवेशको चित्रण, तटस्थता, सुसङ्गठन, पात्र, भाषाशैलीलाई[१६] राखेका छन् । शोधकर्ता इन्द्रप्रसाद भट्टराईले भोगयुक्त जीवन, स्मृतितत्त्व प्रधान, निजात्मक संवेदना, पश्चकालिक प्रस्तुति, परिवेशको चित्रण, तटस्थता, पात्र, आख्यानात्मकता र भाषाशैलीलाई[१७] संस्मरणका तत्त्व मानेका छन् ।

संस्मरणसाहित्यको तत्त्वनिर्धारणका सन्दर्भमा माथि उल्लेखित विद्वान्हरूले फरक अभिमत राखे पनि साझा तत्त्वमा उनीहरूले समानता रहेको देखाएका छन् । उक्त आधारमा संस्मरणका तत्त्वको निर्धारण यसरी गर्नु बढी सान्दर्भिक देखिन्छ :

(क) स्मृतिप्रधान कथानक

(ख) चरित्र

(ग) परिवेश

(घ) विचारधारा वा दृष्टिबिन्दु

(ङ) भाषा

(च) शैली

साहित्यका अन्य विधाभित्र पर्ने संस्मरणविधा भोगभुक्त जीवनको अनुकरण भएकाले यसमा मूलत: जीवन बाँच्ने क्रममा भोगेका स्मरणीय घटनाहरूलाई स्मृतिका माध्यमबाट इमान्दारितापूर्वक प्रस्तुत गरिएको हुन्छ ।

## २.४ संस्मरणका विशेषताहरू

### २.४.१ स्मृतितत्त्वको प्रधानता

संस्मरणको सोझो अर्थ सम्झना गर्नु हुन्छ । विगतको सम्झना नै संस्मरण भएकाले यसमा स्मृतितत्त्वको प्रधानता हुन्छ । स्मृतिपटमा सञ्चित विगतलाई स्थानीयभावसँग अभेद्य गराएपछि रागात्मक र कलात्मक रूपमा प्रस्तुति गरिने साहित्यिक रचना संस्मरण हुन आउँछ । संस्मरण मानवको भोगमूलक जीवनमा आश्रित हुनुका साथै गद्यसाहित्यमा देखापरेको एउटा रूप हो त्यसैले यसलाई *अन्य विधा* भन्ने समष्टिगत नाम दिइएको हो । आफू बाँचेको

---

१५ धनुषचन्द्र गोतामे, **कालान्तर**, पूर्ववत् ।

१६ रमेशचन्द्र रोका, **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५) पृ. १७८ ।

१७ इन्द्रप्रसाद भट्टराई, **सम्झनाका तरेलीहरू**, (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८), पृ. ८ ।

जीवनमा राम्रा-नराम्रा घटनाहरूलाई निजात्मकताका साथ प्रस्तुत गरिने र विगतका क्रियाकलाप तथा घटनालाई उल्लेख गरिने हुनाले यसमा भूतकालिक क्रियाको प्रयोग गर्नु वाञ्छनीय हुन्छ । स्मृति कुनै पनि स्मरणकर्ताको कल्पना नभई विगतका घटनाको अविस्मरणीय भोगाइ हुनाले संस्मरणमा यसको प्रधानता रहन्छ ।

## २.४.२ निजात्मक अनुभूतिको इमान्दारितापूर्वक प्रस्तुतीकरण

लेखकको विगतलाई उजिल्याउने सन्दर्भमा उसले देखे-भोगेका वस्तुगत कुराहरूमा निजी अनुभूति थपेर कलात्मकताका साथ प्रस्तुत गरिने विधाविशेष नै संस्मरण हो । भूतकालिक घटना र सन्दर्भलाई बढी इमान्दारितापूर्वक र विश्वसनीय ढङ्गले पाठकसमक्ष प्रस्तुत गरेको संस्मरण उत्कृष्ट ठहर्छ । घटनाभन्दा कल्पनाको उडान बढी भएमा संस्मरणमा लेखकको इमान्दारिता कम भएको मानिन्छ त्यसैले लेखकले घटनाको जानकारी कलात्मक ढङ्गले संस्मरणमा प्रस्तुत गरेको हुनुपर्छ । घटनाको प्रस्तुतीकरणमा विश्वासनीयता अत्यन्त आवश्यक पर्ने हुनाले यो महत्त्वपूर्ण विशेषता हो ।

## २.४.३ जीवनभोगाइका अविस्मरणीय क्षणको अभिव्यक्ति

स्रष्टाले भोगिसकेका सामाजिक बिम्बहरू, जीवन र जगत्का घटनाहरूको प्रस्तुतीकरणका सन्दर्भमा गरिएको कलात्मक अविस्मरणीय अभिव्यक्ति नै साहित्य हो । संस्मरण लेख्नु भनेको विगत लेख्नु हो अर्थात् वर्तमानकालमा बसेर समयको अन्तरालमा पर्दा लगाउँदै भूतकालका घटनाहरूको विवरणलाई आन्तरिक आकलनका साथ प्रस्तुत गर्नु हो ।[१८] तसर्थ संस्मरणका लागि चाहिने कच्चा पदार्थ विगतबाट लिइने हुनाले जीवनभोगाइका अविस्मरणीय क्षणको अभिव्यक्ति संस्मरणको महत्त्वपूर्ण विशेषता हो ।

## २.४.४ दृश्य र अन्य संवेद्य वस्तुको ग्रहण

आफ्नो जीवनमा देखेका र अन्य इन्द्रियद्वारा संवेदना ग्रहण गरेका सन्दर्भ, वस्तुदृश्य र सूचना एवम् सन्देशहरू आवश्यकताअनुसार पुनरुद्धृत हुनु[१९] संस्मरणका निम्ति उपयोगी हुन्छ । लेखकीय घटना, परिवेश आदि ग्रहण गरी सम्झनाका सहायताले निष्ठावान् भई तिनलाई संस्मरण लेखनमा प्रस्तुत गरिने हुनाले दृश्य र अन्य संवेद्य वस्तुको ग्रहण गर्नु उल्लेख्य विशेषता हो ।

---

१८ इन्द्रप्रसाद भट्टराई, पूर्ववत्, पृ. ९ ।

१९ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. ३८ ।

## २.४.५ प्रथमपुरुषीय पात्रचयन

संस्मरण साहित्य लेखकको निजी अनुभवलाई वैयक्तिकताका साथ प्रस्तुत गरिने विधा हो । यसमा सानातिना संवाद, आख्यानात्मक प्रस्तुति र चारित्रिक टिप्पणी पनि यथास्थान गरिएको हुनसक्छ ।[२०] सानातिना संवाद भए पनि संस्मरण लेखकको नितान्त निजी अनुभूतिको प्रस्तुति हुनाले यसमा प्रथमपुरुष एकवचन 'म' र बहुवचन 'हामी' सर्वनामको प्रयोग हुन्छ । संवादमा अरू सर्वनामको प्रयोग पनि हुनसक्छ तर म, हामीकै सेरोफेरोमा अरू संवादहरू घुमिरहेका हुन्छन् त्यसैले प्रथमपुरुषीय आत्मलापीय प्रयोग हुनु यसको विशेषता हो ।

## २.४.६ भाषाशैलीमा रागात्मकता

साहित्यलाई सजीव बनाउने काम भाषाको हो भने त्यसलाई मनोहारी बनाउने काम शैलीले गर्छ । लेखकीय अनुभूतिलाई व्यक्त गर्ने क्रममा भाषामा रागात्मकताको सम्मिश्रणले पाठकलाई रचनाप्रति आकर्षित बनाउँछ । संस्मरणमा व्यास शैलीको प्रयोग हुन्छ ।[२१] संस्मरण साहित्यमा एउटै स्थान, काल र कार्यक्रममा घटेका विविध विषयवस्तुको प्रयोग गर्न सकिन्छ ।

## २.४.७ परिवेश चित्रणमा कलात्मकता

परिवेश भन्नाले देश, काल, कार्य र व्यक्ति बुझिन्छ । संस्मरणमा वर्णन हुने विषयवस्तु विश्वसनीय र सर्वमान्य हुनुपर्छ । काल्पनिक विषयवस्तु वर्णित संस्मरण असफल ठहर्छ । परिवेशको सजीव चित्रणमा संस्मरणको सफलता निर्भर रहेको हुन्छ । एउटा सफल संस्मरणमा वातावरणको पुनर्निर्माण यस प्रकार गरिन्छ कि त्यहाँ कलात्मक भ्रम नै सृजना हुन्छ ।[२२] रचनाकारले वर्णन गरेको घटनालाई विषयवस्तुको सोलोडोलो प्रस्तुति र आधिक्यले पाठकको चित्त खैँची उक्त रचनाप्रति तदारुकता गराउन सफल हुन्छ त्यसकारण परिवेश चित्रणमा कलात्मकता हुनु उत्कृष्ट संस्मरणको विशेषता नै हो ।

## २.४.८ प्रस्तुतीकरणमा पारदर्शीता

संस्मरणकारले आफूले भोगेका घटना, परिवेश, चुनौती र विभिन्न बाह्य परिस्थितिको प्रस्तुति गर्दा कुनै सङ्कोच नमानी कल्पनात्मकताको लगाम खैँची पाठकप्रति अत्यन्त पारदर्शी भई चित्ताकर्षक ढङ्गले व्यक्त गर्नुपर्छ । परिस्थितिबाट उत्पन्न हुनसक्ने सम्भावित घटनामा कल्पनातत्त्व घोलेर पनि संस्मरण लेख्ने प्रयास भएका छन् तर त्यस्ता संस्मरणले पाठकको मन

---

२० ऐजन ।

२१ माजदा असद्, **गद्यकी नवीन विधाएँ**, (दिल्ली : ग्रन्थ अकादमी, १९६६), पृ. १० ।

२२ भिक्टर प्रधान, पूर्ववत्, पृ. २६ ।

जित्नुको सट्टा लेखकप्रति वितृष्णा जन्माउने हुनाले लेखक अत्यन्त चनाखो भएर प्रस्तुतिमा पारदर्शी भई पाठकको मन नियन्त्रित गर्न सक्नुपर्छ र यस्तो संस्मरण चिरस्थायी पनि हुन्छ । मूलत: लेखन तथा वर्णनमा पारदर्शी अनि विश्वसनीय रचनाले मात्र साहित्यको कार्यलाई आह्लाद दिन, नैतिक शिक्षा दिन र पाठकलाई नि:सर्त रचनाप्रति समर्पित गराउन सक्छ । त्यसैले यस्तो कठीन कार्य गर्नसक्ने हुनाले यो महत्त्वपूर्ण विशेषता हो ।

## २.५ संस्मरण उपविधाको अन्य विधाभित्रका उपविधासँग भिन्नता

साहित्यका अन्य विधाभित्र पर्ने जीवनी, आत्मकथा, यात्रा-वृत्तान्त, संस्मरण, रेखाचित्र-रिपोतार्ज, अन्तर्वार्ता, दैनिकी, पत्ररचना, सिकारकथा[२३]जस्ता विधाहरूमा अत्यन्त निकटतम सम्बन्ध रहेको छ । त्यसैले यिनीहरूमा प्रयुक्त हुने केही समान तत्त्वहरूलाई नै साझा तत्त्व मानिएको छ । अन्य विधाभित्र पर्ने अरू उपविधाहरू प्रत्येकका आफ्ना निजी विशेषता भए पनि तिनमा रहने साझा तत्त्वहरूले गर्दा यी सबै विधालाई अन्य विधाभित्र समेटिएको हो । संस्मरणविधाको माथि उल्लेखित अन्य प्रविधासँगको सम्बन्धको निक्यौंल तल क्रमश: गरिन्छ :

### २.५.१ आत्मकथा र संस्मरण

कुनै लेखकले कलात्मक र साहित्यिक ढङ्गले आफ्नो जीवनी स्वयम् लेख्छ भने त्यो आत्मकथा हुन्छ ।[२४] लेखकले आफ्ना जीवनका अनुभूतिलाई बिनासङ्कोच पाठकसामु प्रस्तुत गरी आफ्नो इमान्दारीको परिचय दिनु र विगतलाई पाठकसामु पस्केर आफ्ना बारेमा जानकारी दिँदै अगाडि बढ्नु आत्मकथाको उद्देश्य ठहर्छ । दु:ख-सुख, हर्ष-बिस्मात, आपत्-विपत्का घटनालाई शृङ्खलित गर्दै कलात्मकताका साथ प्रस्तुत गर्नु र आत्माह्लादको महसुस गर्दै पाठकमाझ उपस्थित हुनु आत्मकथाको धर्म हो । आफूलाई पूर्णरूपमा आत्मप्रशंसा र आत्मसङ्कोचबाट टाढा राख्दै वास्तविकतालाई तटस्थ भई प्रस्तुत गर्दा उत्कृष्ट आत्मकथा बन्दछ ।

आत्मकथाकारले आफ्नो कथा आफै लेख्ने हुँदा यसमा ऊ स्रष्टा पनि हुन्छ, आफ्नै विगतलाई उल्लेख गर्ने हुँदा विषय र विषयी पनि आफै हुन्छ ।[२५] आत्मकथा मूलत: आत्मसन्तुष्टिका लागि लेखिने हुँदा लेखक स्वयम् स्रष्टा र सामग्री हुन्छ ।[२६] संस्मरणमा जस्तै आत्मकथामा भोगभुक्त जीवनको प्रस्तुति, आख्यानात्मकता, गद्यमयता र विकासशील अवस्थाको

---

२३ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत् ।

२४ माजदा असद्, पूर्ववत्, पृ. १९ ।

२५ ऐजन ।

२६ भिक्टर प्रधान, पूर्ववत्, पृ. ४० ।

चित्रण हुने गर्दछ । अतीतका अनुभूतिको मनोगत चित्रण गर्ने छुट मूलत: संस्मरणमा हुने भएकाले आत्मकथा र संस्मरणको सम्बन्ध निकटमा रहन्छ । संस्मरण भावुकताले ओतप्रोत भएको जीवनको एउटा भोगाइ, एउटा घटना, एउटा दृश्य तथा वस्तुको कलात्मक प्रस्तुति हो भने आत्मकथा भावुकता कम भएको सत्यतथ्यमा आधारित जीवनका अनेकानेक भोगाइ र घटनाको विवरणसहित शृङ्खलाबद्ध प्रस्तुति हो ।[२७] आत्मकथा र संस्मरणमा केही समानता भएकाले यिनीहरू एउटै अन्य विधाका उपविधा अवश्य हुन् तापनि यिनमा रहेका असमानतालाई तल उल्लेख गर्न सकिन्छ :

आत्मकथामा धेरै पात्रको प्रयोग हुन्छ, केन्द्रीय पात्र स्वयम् लेखक र परिधीय रूपमा धेरै पात्रहरू हुन्छन्, वातावरणको भव्य चित्रण र भाषाशैलीमा व्याख्यात्मक शैलीको प्रयोग हुनाका साथै यसको उद्देश्य असल कार्यको जसप्राप्ति र गलत कार्यप्रति पश्चात्ताप गर्दै पुन: मूल्याङ्कन र आत्मनिरीक्षण गर्नु रहेको हुन्छ भने संस्मरणमा कम पात्रको प्रयोग हुन्छ, सम्झना गरिएको पात्र केन्द्रीय पात्र, परिवेशको छोटो, छरितो र सङ्क्षिप्त चित्रण हुनाका साथै सङ्क्षिप्त, रोचक र मनोगत कुराको वर्णन हुने हुनाले वर्णनात्मक शैलीको प्रयोग हुन जान्छ तसर्थ यसको उद्देश्य अतीतका विशेष घटनाहरूको संस्मरणात्मक प्रस्तुति गर्नु रहेको हुन्छ ।

## २.५.२ जीवनी र संस्मरण

जीवनी व्यक्तिविशेषको जीवनका वास्तविक घटनाको सुन्दर एवम् कलात्मक प्रस्तुतिको इतिहास हो ।[२८] विशिष्ट व्यक्तिको बाल्यकालदेखि मृत्युपर्यन्तका घटना, क्रियाकलाप, स्वभाव, आर्थिक एवम् सामाजिक अवस्था, वैयक्तिक विशेषता, अविस्मरणीय क्षण, योगदान आदि विषयको शृङ्खलाबद्ध प्रस्तुति यसमा हुने गर्दछ । अङ्ग्रेजीमा बायोग्राफी, संस्कृत र हिन्दीमा जीवनचरित्र र नेपालीमा जीवनी भनिने यस विधाले विशेषत: वैयक्तिकता झल्काउने काम गर्दछ । जीवनी र संस्मरण दुवै गद्य विधामा लेखिन्छ । भाषा, शैली, परिवेशको चित्रण, सत्यता, तटस्थ अभिव्यक्तिजस्ता कुरामा जीवनी र संस्मरणमा समानता छ । यति हुँदाहुँदै पनि यिनमा केही असमानताहरू भने अवश्य छन् जसलाई तल उल्लेख गरिएको छ :

जीवनमा लेखक तटस्थ रहन्छ साथै यसमा लेखकका वैयक्तिक संवेदना कल्पना रहन्न र जीवनीकृत व्यक्ति नै केन्द्रीय पात्र हुन्छ भने संस्मरणमा लेखक निजात्मक रूपमा प्रस्तुत हुन्छ, यसमा लेखकका केही निजी संवेदना र कल्पना अटाउँछन् र संस्मरणकार व्यक्ति केन्द्रीय पात्र हुन्छ साथसाथै अन्य स्मृत पात्र पनि केन्द्रीय पात्र बन्न सक्छ ।

---

२७ मनमाया पाठक, पूर्ववत्, पृ. ४० ।

२८ माजदा असद्, पूर्ववत्, पृ. २० ।

## २.५.३ यात्रा-वृत्तान्त र संस्मरण

नेपाली साहित्यमा निबन्धको एक भेद मानिने यात्रा-वृत्तान्तलाई नियात्रा, यात्रासंस्मरण पनि भनिन्छ । यात्रा-वृत्तान्तबारे कथनात्मक शैलीमा लेखिएको निबन्धलाई नियात्रा वा यात्रा-वृत्तान्त भनिन्छ ।[२९] अङ्ग्रेजीमा *ट्रैवल एक्काउन्ट* भनिने यस विधामा मूलत: यात्रासम्बन्धी घटनालाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरिन्छ । यात्रामा निस्कने यात्रीले आफूले देखेभोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तत्त्वलाई निबन्धका रूपमा स्थापना गरिएको रचनालाई नियात्रा वा यात्रा-वृत्तान्त भनिन्छ ।[३०]

यात्रामा निस्किएको यात्रीले प्रकृतिका मनोरम छटा, रमणीय वातावरण उत्तेजक क्रियाकलाप वा स्मृतिपटमा पहिले आइपुगेको अनौठो वस्तुको दृश्यावलोकन गरिसकेपछि उल्लसित भई नवीनताको प्रवेशले भावविभोर हुँदै पूर्णत: तथ्य र केही मात्रामा निजात्मकता घुसाइ रचना गरेको रचना नै नियात्रा हो । नियात्राका सन्दर्भमा दयाराम श्रेष्ठ र मोहनराज शर्माले अत्यन्त महत्त्वपूर्ण भनाइ राखेका छन् । उनीहरूका विचारमा नियात्रा मूलत: तथ्य र अंशत: भावको अनुपातिक संयोजन गरी चित्रोपम शैलीमा अनुभूत स्मृतिलाई उल्लेख गर्दा नियात्रा बन्छ ।'[३१]

यात्रा-वृत्तान्त यात्राकालीन संस्मरणको अंश हो । संस्मरण र नियात्रा दुवैमा जीवनभोगाइका घटनाको निजात्मक ढङ्गमा प्रस्तुति हुन्छ । दुवैमा रागात्मक र कलात्मक भाषा, परिवेशको सुन्दर चित्रण, केही मनोगत कुरा सन्निवेश, अनुभूतिको कलात्मक प्रस्तुतीकरण गरिएको हुन्छ तापनि यी दुई उपविधामा केही असमानता छन् :

यात्रा-वृत्तान्तमा यात्राकालीन घटनाको सविस्तार वर्णन गरिने हुनाले विस्तृत हुन्छ । यसमा प्राकृतिक बाह्यसौन्दर्यको उद्घाटनमा जोड दिइएको हुन्छ र यो बढी वस्तुपरक हुनाका साथै यसमा वर्णनात्मक शैलीको आधिक्य रहन्छ भने संस्मरणमा अतीतका घटनाको एक बिजुली चम्काइको सम्झना हुनाले यसको आयाम छरितो हुन्छ । यसमा आन्तरिक अनुभूतिको मनोगत चित्रण हुनाको साथै कल्पनामिश्रित हुन्छ र यसमा संस्मरणात्मक शैलीको बाहुल्य रहन्छ ।

---

२९ बालकृष्ण पोखरेल र अन्य (नि.), **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०), पृ. ७३४ ।

३० राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. ४६ ।

३१ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (काठमाडौँ : साझा प्रकाशन, २०४४), पृ. १९१ ।

## २.५.४ दैनिकी र संस्मरण

दैनिक क्रियाकलापको टिपोट नै सामान्य रूपमा दैनिकी हो । अङ्ग्रेजीमा डायरी, हिन्दीमा दैनन्दिनी, दैनिकी, बासुरी, वासरिका आदि र नेपालीमा रोजनाम्चा पनि भनिने यस विधाको प्रचलित नाम दैनिकी हो । दिनभर र प्रत्येक दिनरातका घटनाहरूको टिपोटलाई दैनिकी भनिन्छ ।[३२] केशवप्रसाद उपाध्यायका अनुसार रोजरोजको घटना र कार्यव्यापारसम्बन्धी टिपोटलाई दैनिकी भनिन्छ ।[३३] नितान्त निजी अनुभवका आधारमा व्यक्तिले तिथिमितिका सापेक्षतामा जीवनमा घटित घटनाहरू र आफूले देखेभोगेका धार्मिक, सामाजिक तथा साहित्यिक गतिविधिलाई व्यक्त गर्दा दैनिकी साहित्य सृजना हुन्छ ।[३४]

अन्य विधाका साझा विशेषताबाहेक दैनिकी र संस्मरणविधामा घटनाको विवरण, परिवेश चित्रण, निजात्मकता आदिमा समानता पाइन्छ । यिनका बीचको विषमतालाई बुँदागत रूपमा तल उल्लेख गरिन्छ :

दैनिकी लघु आकारको हुन्छ । यो वैयक्तिक प्रयोजनका निम्ति लेखिन्छ । यसमा कलात्मकता, रागात्मकताको न्यूनता हुन्छ र समयशासित हुनाका साथै यसमा उल्लेख्य घटनाको आवश्यकता पर्दैन भने संस्मरण दैनिकीभन्दा लामो हुनाका साथै वैयक्तिक र साहित्यिक दुवै प्रयोजनको निम्ति हुन्छ । संस्मरणमा कलात्मकता र रागात्मकता बढी हुन्छ । यो स्मृति शासित हुन्छ र यसमा अविस्मरणीय घटनाको जरुरत पर्दछ ।

## २.५.५ पत्रसाहित्य र संस्मरण

कुनै व्यक्तिद्वारा कसैलाई लेखिएको आत्मीय, सुन्दर, कलात्मक अभिव्यक्ति भएको पत्रसाहित्य विधा नेपाली गद्यको एक रचना हो । लेखकले प्रापकसँग एक सहज, सुमधुर सम्बन्ध स्थापित गर्न सुन्दर र सुरुचिपूर्ण शैलीमा लेखिएको पत्र नै साहित्यिक दृष्टिले महत्त्वपूर्ण हुन्छ ।[३५] अङ्ग्रेजीमा लेटर, हिन्दीमा पत्रसाहित्य र नेपालीमा पत्रसाहित्यको नामले चिनिने विधाविशेष नै पत्रसाहित्य हो । परिभाषित रूपमा पत्रसाहित्य भनेको एक स्थानका मूल्य, महत्ता

---

३२ वसन्तकुमार शर्म्मा (सम्पा.), **नेपाली शब्दसागर**, (काठमाडौं : भाभा पुस्तक भण्डार, २०५७), पृ. ६८१ ।

३३ केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०९ ।

३४ माजदा असद्, पूर्ववत्, पृ. २१ ।

३५ केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०९ ।

र अनुभूतिलाई अर्को ठाउँमा पठाउने अनि अर्को ठाउँबाट आएका वस्तुस्थिति र पर्यावरणको अनुभव गर्नसक्ने साहित्य नै पत्रसाहित्य हो ।[३६]

पन्ध्रौँ शताब्दीमा यूरोपबाट सुरु भएको पत्रसाहित्यलेखन नेपाली साहित्यमा पर्याप्तताको सिँढी चढिसकेको भने छैन । पत्रसाहित्यको जन्म त्यतिबेला हुन्छ जतिबेला कुनै व्यक्ति आफ्नो विचार, भाव वा अनुभूति उसले इच्छाएको व्यक्तिलाई प्रत्यक्ष अभिव्यक्ति गर्न असमर्थ हुन्छ । यसमा प्रसङ्गअनुसार समाजका विविध पक्ष र पाटाहरू, प्रकृतिको रमणीयता र रौद्र रूप, घटना, यात्रा, प्रगति र पतनका मोड आदि समावेश गरिएका हुन्छन् । सन्देश दिने, आनन्द दिने, शिक्षा प्रदान गर्ने, प्रेरणा दिने आदि उद्देश्यका साथ पत्रसाहित्यको रचना गरिन्छ । कसैले आफ्नो आत्मीय व्यक्तिलाई लेखेको चिठीमा उद्देश्य फरक हुन्छ र लक्ष्य प्राप्तिमा अनेकता देखिन सक्छ तापनि विविधताभित्र अनेक एकता देखापर्नु पत्रसाहित्यको विशेषता नै हो । यिनीहरूका बीचमा रहेका केही भिन्नताहरू तल क्रमश: प्रस्तुत गरिएका छन् :

पत्रसाहित्यमा प्रापकलाई पनि सम्बोधन गरिएको हुन्छ, सुरु र अन्त्य कसरी गर्ने भन्ने कुरामा रचनाकार सचेत हुनुपर्छ, मानवीय भावसंवेदना र सन्देशका विविध पक्षलाई पत्रकै अङ्गभित्र मिलाएर व्यक्त गरिन्छ, वैयक्तिक समस्याहरूका सम्बन्धमा जानकारी दिइनुका साथै सूचना, सन्देश वा जानकारी नै यसको केन्द्रीय वस्तु हुन्छ भने संस्मरणमा प्रापकको अनिवार्यता रहँदैन, लेखकले स्वतन्त्र रूपमा संस्मरणको आदि र अन्त गर्न सक्छ, विगतका रोचक सन्दर्भलाई नियमबिना स्वतन्त्र रूपमा प्रस्तुत गरिन्छ । आफ्नो विगतलाई हेरेर पाठकले पनि सन्देश ग्रहण गरून् भन्ने उद्देश्य रहन्छ र यसमा अतीतका घटनाहरू नै केन्द्रीय वस्तु बन्दछ ।

### २.५.६ अन्तर्वार्ता र संस्मरण

समाजका प्रतिष्ठित व्यक्तिसँगको प्रत्यक्ष कुराकानीलाई समेट्दै लेखकले निजात्मक अनुभूति र आफ्ना केही मान्यतालाई मिसाएर अन्तर्वार्ता साहित्य रचना गरेको हुन्छ । सामान्यत: अन्तर्वार्ता साहित्य भन्नाले साहित्य, कला, राजनीति, धर्म, समाजसेवा आदि विविध क्षेत्रका विशिष्ट व्यक्तिसँग साक्षात्कार गरी तिनीहरूसित गरिएको अन्तरङ्ग वार्तालापको प्रस्तुतिलाई अन्तर्वार्ता भनिन्छ ।[३७]

समाजका उल्लेख्य व्यक्तिहरूसँग समयसापेक्ष र उसको दक्षताको विषयमा आधारित भई सम्बद्ध शीर्षकमा अन्तर्वार्ता लिइन्छ र यिनै सामग्री भविष्यमा साहित्यका रूपमा विकसित हुन्छन् । अन्तर्वार्ता लिनेले पनि विषयवस्तुमा आधारित प्रश्नहरूको टिपोट गरी व्यक्तित्वका

---

३६ राजेन्द्र सुवेदी **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. ४७ ।

३७ केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०९ ।

तत्सम्बन्धी धारणाहरू बुझ्ने र सङ्कलन गर्ने काम गर्दछ । अन्तर्वार्तामा उत्तरदाता विषयबोध गर्ने र निपुण हुनुपर्दछ जब कि भविष्यका पिँढीलाई मार्गदर्शन गर्न सक्ने विचार प्रवाहित गर्न सकोस् र उत्कृष्ट अन्तर्वार्ता साहित्यको रचना हुन सकोस् । अन्तर्वार्ता साहित्य कत्तिको उत्कृष्ट हुने भन्ने कुरा प्रश्नकर्ताको तत्कालीन प्रश्न गर्ने क्षमतामा पनि भर पर्दछ ।

अन्तर्वार्तालाई विशेष महत्त्वपूर्ण बनाएर लिपिबद्ध गर्दा त्यो साहित्य विधामा दरिन्छ । भेटवार्ता, अनौपचारिक, औपचारिक, दुवै र आत्मीय वातावरण हुनसक्नु अन्तवार्ता साहित्यको मौलिकता हो । साझा विशेषताबाहेक संस्मरणसँग यसका केही भेदक गुणहरू छन् जुन तल क्रमशः उल्लेख गरिएको छ :

अन्तर्वार्तामा घटनाको प्रत्यक्ष भोक्ता स्वयम् वक्ता हुनाले प्रामाणिक रहन्छ, प्रश्नोत्तरात्मक र विवरणात्मक शैलीको प्रयोग विशेष रूपमा हुन्छ, यसमा प्रतिष्ठित व्यक्तिको व्यक्तित्वको प्रकाशन हुन्छ र यसमा प्रश्नकर्ता र उत्तरदाता हुनै पर्दछ भने संस्मरणमा भोक्ताले स्वयम् उल्लेख गरे पनि कल्पना र भावुकता केही घुस्ने हुनाले कम प्रामाणिक हुन्छ । यसमा निजात्मक शैलीको प्रयोग विशेषतः हुन्छ । संस्मरणमा विगतको पुन ताजकीकरण हुनाले सुस्त प्रकाशन हुनाका साथै संस्मरणकार आफू मात्र विचरण गर्दै पनि उत्कृष्ट रचना दिन सक्छ ।

## २.५.७ शब्दचित्र र संस्मरण

गद्यसाहित्यमा छुट्टै विशेषता बोकेको विधा नै शब्दचित्र हो । शब्दचित्र वा रेखाचित्रमा लेखकले चित्रलाई प्रत्यक्ष रूपमा देखेजस्तो गरी थोरै शब्दमा कसिलो पारेर वर्णन गर्दछ । साहित्यमा चित्रकलाबाट आयात गरिएको विधा नै शब्दचित्र हो । शब्दचित्रलाई हिन्दी र नेपालीमा रेखाचित्र, चरित्रचित्रण, शब्दचित्र आदि नामले पुकारिन्छ । अक्षरहरूको रखाइद्वारा कुनै जीवन वा वस्तुको वर्णनचित्र तयार पारिने साहित्यिक रचना वा प्रत्यक्ष देखेझैँ गरी कुनै व्यक्ति, वस्तु वा घटनाको वर्णन गरिने साहित्यिक लेखनलाई शब्दचित्र भनिन्छ ।[३८] हिन्दी साहित्यका विद्वान् माजदा असद्का अनुसार केही चुनिएका शब्दहरूद्वारा विषयवस्तु, व्यक्ति, स्थान, घटना एवम् दृश्यको साकार रूप प्रस्तुत गरिएको एक साहित्यिक विधाविशेष नै शब्दचित्र हो ।[३९] हर्षनाथ भट्टराई र अन्यका अनुसार शब्दचित्रको अर्थ शब्दहरूमा कुनै विषय वा कुराको विस्तृत चर्चा जुन देख्दा वा पढ्दा त्यसको चित्र अगाडि आउँदछ ।[४०] शब्दचित्र र संस्मरणलाई केही विद्वान्हरूले एउटै विधाका रूपमा राखेर चिनाउने प्रयास गरेको पाइन्छ तापनि यिनीहरूका बीचमा स्पष्ट रूपमा फरक पाउन सकिन्छ ।

---

३८ बालकृष्ण पोखरेल र अन्य (नि.), पूर्ववत्, पृ. १२५३ ।

३९ माजदा असद्, पूर्ववत्, पृ. १२ ।

४० हर्षनाथ भट्टराई र अन्य (सम्पा.), **नेपाली राष्ट्रिय शब्दकोश**, (काठमाडौं : एजुकेसनल पब्लिसिङ हाउस, २०६३), पृ. ८८८ ।

शब्दचित्रमा लेखकको वैयक्तिक दृष्टिकोण नभई अर्कै पात्रको चरित्रचित्रण हुन्छ । यसमा वर्णनात्मक शैलीमा विषयको चित्रात्मक प्रस्तुति हुन्छ र विषयवस्तुको बाह्यचित्रणमा जोड दिइनुका साथै आकर्षक शब्द, पदावली र वाक्यको बनोटले यसको महत्ता झल्काउँछ भने संस्मरणमा रचनाकारले आत्म प्रकाशनमा जोड दिन्छ । यसमा विवरणात्मक शैलीको प्रयोग गर्नुका साथै बाह्य र आन्तरिक दुवै पक्षको चित्रण भई कलात्मक, रागात्मक भाषाशैली र हृदयस्पर्शी विषयवस्तुमा यसको श्रेष्ठता झल्कन्छ ।

## २.५.८ विवरण र संस्मरण

नवीन विधाका रूपमा स्थापित हुन लागेको गद्यको एक भेदलाई नै नेपाली साहित्यमा विवरण साहित्य भन्न थालिएको छ । लेखक स्वयम्ले आफ्नो आँखाले देखेभोगेका तथा अनुभव गरेका वास्तविक घटनाको कलात्मक र रमणीय टिपोट विवरण साहित्य हो ।[४१] विवरणमा कुनै पनि घटनाको जस्ताको तस्तै वर्णन गरिन्छ । यथार्थ घटनालाई यथाशक्य, कलात्मक र संवेदनाका साथ यसमा प्रस्तुत गरिने हुनाले कार्यकारणको स्पष्ट जानकारी दिने उद्देश्य यसमा राखिन्छ ।

विवरणलाई अङ्ग्रेजीमा रिपोर्ट, हिन्दीमा रिपोतार्ज, नेपालीमा विवरण, रिपोतार्ज आदि नामले सम्बोधन गरिन्छ । सामान्य अर्थमा वर्णनभन्दा विशिष्ट प्रकारको सत्यतथ्यमा आधारित घटनाको प्रस्तुति नै विवरण साहित्य हो । स-साना घटनालाई लेखकले आफ्नो अन्तर्भावद्वारा साहित्यिक रूप दिँदा विवरण साहित्यको सृजना हुन्छ ।[४२] विवरण साहित्यमा कल्पना र भावनाभन्दा बढी नै सत्यतथ्यको उपयोग गरिएको हुन्छ । निबन्धविधाको एक भेदका रूपमा रहेको विवरण वस्तुपक्षसँग सम्बन्धित हुन्छ, ज्ञानवर्द्धक हुन्छ, सूचना प्रवाहका क्रममा साहित्यिकता सुमार्ग भएर रहेको हुन्छ ।[४३]

विवरण र संस्मरणमा आख्यानात्मकता, वस्तुताको चित्रण, गद्यात्मकता, मानवीय क्रियाकलापको प्रस्तुतिजस्ता समानता पाइन्छन् तापनि यिनीहरूमा निहित विषम गुणहरूलाई तल औँल्याइएको छ :

प्रत्यक्ष रूपमा अवलोकन गरिने हुनाले विवरणमा प्रमाणिकता धेरै हुन्छ । यो वस्तुपरक शैलीमा लेखिन्छ र कलात्मकताको मात्रा न्यून हुन्छ भने संस्मरणमा स्मृतितत्त्वप्रधान हुनाले कम विश्वासिलो हुन्छ । यो आत्मपरक शैलीमा लेखिन्छ र यसमा उत्कृष्ट कलात्मक संयोजन हुन्छ ।

---

४१ ऐजन ।

४२ भिक्टर प्रधान, पूर्ववत्, पृ. ६१ ।

४३ इन्द्रप्रसाद भट्टराई, **सम्झनाका तरेलीहरू**, (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८), पृ. २९ ।

## २.६ निष्कर्ष

निरन्तर नवीनताको खोजी गर्नु मानवीय स्वभाव हो । साहित्यका क्षेत्रमा पनि यही मानवीय गुणका कारणले कथा, निबन्ध, नाटक, कविता पछाडि 'अन्य विधाहरू' को खोजी गर्दै प्रचलनमा ल्याउने कार्य भइरहेको छ । भाषाको प्राण साहित्य हो र साहित्यको शरीर भाषा हो । साहित्यको मूलभूत प्रवृत्ति नै नवीन प्रयोग गर्दै विकसित रूपमा अघि बढ्नु हो । प्राचीनकालदेखि वर्तमानसम्म भएका विविध साहित्यका नवीन प्रयोगले गद्यसाहित्यका क्षेत्रमा विभिन्न किसिमका नयाँ ढाँचाका विधाहरू देखापर्ने क्रम जारी छ जसको कारकतत्त्व रचनाकारमा रहेको नवीनताको खोजी गर्ने बानी र स्थापित साहित्यकार तथा लेखक/कलाकारभन्दा भिन्न हुन खोज्ने स्वभाव नै हो ।

गद्यसाहित्यको नवीनतम अन्य विधामा जीवनभोगाइको वर्णन, स्वाभाविकता, मौलिकता, सम्प्रेषणमा कलात्मकता पाइन्छ । जीवनी, विवरण, पत्रसाहित्य, अन्तर्वार्ता, शब्दचित्र, नियात्रा आदि प्रविधिलाई एउटै अन्य विधाअन्तर्गत राखिएको हो । अन्य विधाका विविध प्रविधिहरूले नेपाली गद्यसाहित्यलाई अत्यन्त द्रुतगतिमा अघि बढाएका छन् । यही गतिमा अन्य विधा निरन्तर अगाडि बढेका खण्डमा साहित्यमा स्थापित कथा, कविता, निबन्ध, नाटकजस्तै यी विधाहरू पूर्णरूपमा स्थापित हुने कुरालाई नकार्न सकिन्न ।

# तेस्रो परिच्छेद

# संस्मरणको विकासक्रम र ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन

## ३.१ विषयप्रवेश

संस्मरण एउटा यस्तो विधा हो जसमा संस्मरणकार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपस्थित भएको हुन्छ । नेपाली साहित्यमा संस्मरण साहित्य खासगरी यात्रासंस्मरणबाट विकास भएको हो । यात्रासंस्मरणमा यात्राको अभिलेख तयार पार्नु मुख्य उद्देश्य भए पनि स्मृतितत्त्वले यात्राकारलाई सघाएकै हुन्छ नत्र यात्रासंस्मरण पूर्ण हुन सक्दैन । यात्रा नायकले नित्य, नवीन ठाउँको भ्रमण गरी त्यस ठाउँको जनजीवन, रीतिथिति, परम्परा, प्रकृतिलाई आफ्नो मस्तिष्कमा सुरक्षित राखी भ्रमण सकिएपछि ती कुरालाई विशुद्ध सम्झनाको सहायताले यात्रासंस्मरणमा पनि उधिनिन्छ ।[1] पहिले यात्रासंस्मरणसँग गाँसिएर आफ्नो अस्तित्व जोगाउन सफल भएको संस्मरणले अहिले आफ्नो छुट्टै स्थान कायम गरेको छ । संस्मरण स्मृतिको सहायताले लेखकको जीवनमा घटेका घटनाहरूलाई पाठकसामु उजागर गर्ने एक साहित्यिक विधा हो । यसमा लेखकले पूर्ण इमान्दारिका साथ घटनाहरूलाई पाठकसामु पस्किने गर्दछ । संस्मरणमा केही तत्त्व निबन्धबाट र केही तत्त्व आख्यानबाट आएका हुन्छन् । निबन्धबाट निजात्मकता, अनुभूति, विचार, वैयक्तिकता र भावात्मकता तथा आख्यानबाट घटना, परिवेश, चरित्र र सन्दर्भ लिएर संस्मरणले पूर्णता पाएको छ ।

## ३.२ संस्मरणको विकास प्रक्रिया

मानवसभ्यताको विकासमा संस्मरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आजसम्म आर्जन गरेको ज्ञान मानिसले बिर्सियो भने यहाँ पुनः ढुङ्गे युगको आरम्भ हुन्छ । अतः संस्मरण

---

१ प्रमोद प्रधान, *नेपाली यात्रासाहित्यको यात्रावृत्तान्त,* **समकालीन साहित्य**, (वर्ष ३, अङ्क ३, पूर्णाङ्क ११, २०५०), पृ. १०३ ।

मानिसमा चेतना भएदेखि नै विद्यमान रहिआएको छ । मानिसमा लिपिको ज्ञान हुनुभन्दा पहिले स्मरण वा भावसम्प्रेषणका लागि उनीहरूद्वारा भित्तामा कोरिएका चित्रहरू संस्मरणका प्रारूप हुन् । पछि लिपिको विकास भएपछि यात्राविवरणबाट क्रमश: विकसित हुँदै संस्मरणको विकास भएको हो । नेपाली साहित्यमा संस्मरणको विकासप्रक्रियालाई तल उल्लेखित तीन चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ :

(१) प्रारम्भिक चरण (वि.सं. १९७४ पूर्व)

(२) माध्यमिक चरण (वि.सं. १९७५ देखि १९९१ सम्म)

(३) आधुनिक चरण (वि.सं. १९९२ देखि हालसम्म)

## ३.२.१ प्रारम्भिक चरण

नेपाली साहित्यमा संस्मरण साहित्यको विकास विधागत रूपमा धेरैपछि मात्र भएको हो । वि.सं. १५५० सालमा करवीर रावलको **राजा गगनीराजको यात्रा** र वि.सं. १९१० मा **जङ्गबहादुरको बेलाइत यात्रा** प्रकाशित भएपछि संस्मरणको केही स्वरूप भेट्न सकिन्छ । दुवै कृतिमा यात्रासँग सम्बन्धित विषयवस्तुको विवरण छ । संस्मरणका विशेषताहरू पूर्णरूपमा नभए पनि सुरुका रचना हुनाले यी महत्त्वपूर्ण कृति मानिन्छन् । यिनमा शीर्षकबाट नै पूर्णरूपमा यात्रासँग सम्बन्धित विषयवस्तु रहेको कुरा छर्लङ्ग हुन्छ । संस्मरणको प्रारम्भिक स्वरूप यात्राविवरण नै मानिने हुनाले यी कृतिलाई संस्मरणको विकासमा प्रारम्भिक कृति मानिएको छ ।

## ३.२.२ माध्यमिक चरण

संस्मरण साहित्यमा वि.सं. १९७५ मा चिरञ्जीवी शर्मा पौड्यालको **आफ्नू कथा** प्रकाशित भएपछि माध्यमिक कालको सुरुवात भएको पाइन्छ । यस कृतिको लेखन समयका बारेमा विद्वान्हरूका बीचमा मतभिन्नता पाइन्छ । दयाराम श्रेष्ठ र मोहनराज शर्माले **आफ्नू कथा** वि.सं. १९५५ मा लेखिएको कुरामा जोड दिएका छन् ।[२] बालकृष्ण पोखरेलले यसको लेखन वि.सं. १९७४ मा लेखिएको कुरा उल्लेख गरेका छन् ।[३] यी विविध मान्यता भए तापनि **आफ्नू कथा**का केही वाक्यलाई उल्लेख गर्दा यसको समयक्रम स्पष्ट हुन आउँछ '७३ सालको जेष्ठ मैन्हा २२ गते छोरालाई ली बुढिया नेपाल गइन् र जेष्ठ २६ गते देवीप्रसादको विहा डिट्ठा

---

२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (चौथो संस्क.) (ललितपुर : साझा प्रकाशन, २०४५), पृ. १९४ ।

३ बालकृष्ण पोखरेल, पूर्ववत् ।

जानुकीप्रसादकी छोरीका साथ गरी आषाढ ९ गते छोराको विवाह बत्तीसपुतली बाबुराम रेग्मीकी नातिनीका साथ गरी श्रावण १७ गते नेपालबाट हिँडी २७ गते गोर्खे गञा तहाँदेखि ।१॥ वर्ष गोर्खेमा बसी ७४ साल फागुन चार गते श्रीपञ्चमीका दिन नेपाल गञा फागुन १६ गते नेपाल उत्रे ।'[४]

माथिका वाक्यबाट के स्पष्ट हुन्छ भने संस्मरणमा विगतमा घटेका घटनाको स्मृतिका आधारमा वर्णन गरिन्छ । यस **आफ्नू कथा** संस्मरणमा घटित घटनाको समय १९७४ साल फागुन महिना उल्लेख गरिएको हुनाले यस सालमा यसको लेखन समयावधि छोटो रहेको देखिन्छ । त्यसैले वि.सं. १९७५ नै यसको स्पष्ट र साँचो लेखनसमय हो । कृतिभित्र शीर्षकीकरण नगरिएको हुँदा यसको प्रस्तुतीकरण ढाँचा सोलोडोलो रूपमा व्यक्त छ । 'यसको प्रस्तुतीकरण शुद्ध, संस्मरणात्मक ढाँचामा भने छैन । आत्मपरकताको उपस्थिति भए पनि अनुभूति पक्ष अत्यन्तै कम वा शून्य प्राय: हुनाले इतिहास पढेजस्तो लाग्छ ।'[५] वस्तुको जस्ताकोतस्तै विवरण इमान्दारिताका साथ भएको भए पनि घटनावृत्त मात्र हुनाले संस्मरणात्मक आनन्द यसमा पाउन सकिँदैन । अविश्वसनीय घटनावर्णन, संरचनात्मक शिथिलता हुनाले, विषयवस्तुमा अनुभूतिको न्यूनता हुनाले पूर्णत: संस्मरणात्मक स्वरूप यसले धारणा गर्न सकेको छैन । केही राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तु वा विषयवस्तुको व्यापकता छ । यसरी माध्यमिककालको एउटै मात्र कृति भएर पनि शीर्षकचयनमा नवीनता र केही संस्मरणात्मक तत्त्वको प्रयोग भएको हुनाले संस्मरणसाहित्यको विकासक्रममा यसले एउटा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ३.२.३ आधुनिक चरण

नेपाली साहित्यका विविध विधामा आधुनिक काल भित्र्याउने साहित्यिक पत्रिका **शारदा** (वि.सं. १९९१) को प्रकाशन संस्मरण विधामा आधुनिक काल निम्त्याउन पनि उल्लेखनीय छ । संस्मरण विधाको पहिलो आधुनिक कृति भने केशरबहादुरको **करुण कहानी**[६] नै हो । संस्मरणका आधारभूत तत्त्व स्मृतित्वको प्रधानता, प्रथमपुरुषीय पात्र प्रयोग आदि यसमा पाइन्छन् । माध्यमिक कालमा प्रकाशित **आफ्नू कथा**मा रहेका कमजोरीहरूको निराकरण **करुण कहानी**ले गरेको छ । वस्तुपक्षको विश्वसनीय वर्णनका साथै कलात्मक र रागात्मक भाव तथा लेखकको रचनाप्रतिको पूर्ण इमान्दारिता प्रस्तुत हुनाले **करुण कहानी**लाई आधुनिकताको

---

४ चिरञ्जीवी शर्मा पौड्याल, **आफ्नू कथा**, (दोस्रो संस्क.), (ललितपुर : जगदम्बा प्रकाशन, २०२१), पृ. ६८ ।

५ इन्द्रप्रसाद भट्टराई, **सम्झनाका तरेलीहरू**, (अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८), पृ. २९ ।

६ केशरबहादुर, *करुण कहानी,* **शारदा**, (वर्ष १, अङ्क १२, माघ, १९९२), पृ. १२ ।

श्रीगणेश गर्ने कृतिका रूपमा व्याख्या गरिएको हो । **करुण कहानी**मा केशरबहादुरले आफू परीक्षामा असफल भएको घटनालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यस संस्मरणको शीर्षकमा संस्मरण भनी उल्लेख गरिएको छैन तापनि यसमा वर्णित घटना, रचनाको आरम्भ, प्रस्तुतीकरण र टुङ्ग्याउनीले प्रस्तुत कृतिलाई संस्मरण सावित गरेको छ । त्यसैले संस्मरण विधाका पहिलो प्रतिभा केशरबहादुर र **करुण कहानी**लाई प्रथम आधुनिक संस्मरण मान्दा अरू लेखकलाई अन्याय हुने देखिँदैन ।

**करुण कहानी**बाट सुरु भएको आधुनिक संस्मरण साहित्यको लेखन निरन्तर रूपमा अघि बढिरहेको छ । फत्तेबहादुर सिंहको **अवहेलना** (वि.सं. १९९६) पनि **शारदा**कै उपलब्धि हो । मातृकाप्रसाद कोइरालाको **गरिब** (वि.सं. १९९६) पनि उल्लेख्य संस्मरण हो । आफ्नै विगतको दारिद्र्यलाई रत्तिभर पनि नलुकाइकन कोइरालाले जुन इमान्दारिता यसमा देखाएका छन्, त्यसले संस्मरणलाई विश्वसनीय बनाएको छ ।

यसबाहेक **रूपरेखा, मधुपर्क, गोरखापत्र, मेचीसन्देश, दियालो**जस्ता साहित्यिक पत्रिकाहरूमा प्रशस्त संस्मरणहरू प्रकाशित भएका छन् ।

पुस्तकाकार कृति लिएर नेपाली संस्मरण साहित्यमा प्रवेश गर्ने सशक्त व्यक्तिप्रतिभा भने पारसमणि प्रधान हुन् । उनको पूर्ण संस्मरणात्मक सचेतताका साथ लेखिएको कृति **रोचक संस्मरण** (वि.सं. २०२६) हो । पारसमणि प्रधान सर्वप्रथम यस्ता संस्मरणकार हुन् जसले आफ्ना संस्मरणहरूको सँगालो **रोचक संस्मरण** प्रकाशन गरेका छन् ।[७] मनका कुरालाई स्पष्ट ढङ्गमा नलुकाई इमान्दारिपूर्वक लेख्नु पारसमणि प्रधानको विशेषता हो ।[८] राणाकालीन समाजको चित्रण गरिएको अर्को महत्त्वपूर्ण संस्मरणात्मक कृति राममणि आ.दी.को **पुरानो सम्झना** (वि.सं. २०२९) हो । केही आत्मपरिचयका साथ रागात्मक ढङ्गले प्रस्तुत यस कृतिमा आ.दी.ले तत्कालीन शासकवर्गको विवरण उल्लेख गरेका छन् । यसमा वि.सं. १९८७ सम्मका घटना र अनुभूति मात्र समेटिए पनि यसको स्पष्ट समय ज्ञात छैन ।[९] यसमा सम्पादकले पर्याप्त परिवर्तन गरेको पाइन्छ ।[१०] अर्का सशक्त संस्मरणकार खड्गमान सिंह **जेलमा बीसवर्ष** (वि.सं. २०३०) का साथमा देखापर्छन् । थोरै आत्मश्लाघाको भाव पाइए पनि कृतिको कथ्य प्रदूषित भने छैन । आफूले जेलमा बिताएको समयको स्मृति यसमा समेटिएको छ । उनले संस्मरणको सिर्जना गरेर एउटा सफल कृति हामीलाई पस्कँदै संस्मरण साहित्यको विकासमा एउटा ईंटा

---

७ तारानाथ शर्मा र पारसपणि प्रधान, **रोचक संस्मरण**, (दोस्रो संस्क.) (कालिङपोङ : भाग्यमणि प्रकाशन, २०४०), पृ. ... ।

८ ऐजन ।

९ केशवमणि आ.दी. र राममणि आ.दी., **पुरानो सम्झना**, (......... : शान्ति निकेतन पुस्तकालय, २०२९), भूमिका पृ. ।

१० ऐजन ।

थपेका छन् । भाषिक कलात्मकता तथा अनुभूतिगत प्रचुरताले उनका संस्मरणहरू घतलाग्दा भएका छन् ।[११] त्यो पुस्तक आधुनिक समयमा स्वर्गीय श्री ५ त्रिभुवनको प्रेरणाबाट नेपाली जनताले पारिवारिक शासनका विरुद्ध गरेको क्रान्तिको आंशिक इतिहास सिद्ध हुन गएको छ ।[१२] यसमा वि.सं. १९८८ देखि प्रजातन्त्रको आगमनपूर्वसम्मका जम्मा बीसवर्षका घटनाहरू कारुणिक शैलीमा नितान्त निजी अनुभूतिका साथ प्रस्तुत गरिएका छन् ।

यीबाहेक संस्मरणात्मक कृतिहरू लिएर देखापर्ने लेखकहरू अरू पनि छन् । खड्गमान सिंहकै **जेल बाहिर चालीस वर्ष** (२०४८), सरदार भीमबहादुर पाँडेको **त्यस बखतको नेपाल** (२०३८) जस्ता महत्त्वपूर्ण कृतिहरू पाइन्छन् । यिनमा सूचनात्मकता, आत्मपरकता, संस्मरणात्मक सचेतता, भाषिक कुशलता तथा संरचनात्मक सुगठनजस्ता प्रवृत्तिहरू पाइन्छन् । यस्तै प्रकारले दिलबहादुर नेवारको **मेरो बितेका दिनहरू** (२०३४), कमल दीक्षितको **बिर्सेको सम्झेको** (२०४१), केशवमणि आ.दी.को **सम्झनाको बाटोमा** (२०४९), हरि श्रेष्ठको **तिनलाई सम्झेर** (२०२२), रामलाल अधिकारीको **निसंस्मरण** (सन् १९९४), केशवप्रसाद उपाध्यायको **बकेयाको तीरमा तीन मूर्ति** (२०५१), देवीप्रसाद सुवेदीको **मेरो दैनिकीका पानामा चीन** (२०५५), तारानाथ शर्माको **आँसु छचल्किँदै जान्छ** (२०५६), **पारिजातका फुटकर संस्मरणहरू**, धनुषचन्द्र गोतामेको **कालान्तर** (२०५३), **सम्झनाका गल्छेडाहरू** (२०५५), **तीनबास** (२०५८), **उत्तरोत्तर** (२०५९), **आरोह–अवरोह** (२०६२), निर्मोही व्यासको **सम्भवामि युगे युगे** (२०५३), सुधा त्रिपाठीको **जीवन सूत्र र स्वप्नाभास** (२०५३) आदि महत्त्वपूर्ण छन् । यसै अवधिमा पत्रपत्रिकाले पनि संस्मरण विशेषाङ्क प्रकाशित गरेको पाइन्छ । गोरखापत्र संस्थानले **मधुपर्क** पत्रिकाको २०५२ सालको वैशाख अङ्कलाई संस्मरण विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ ।

संस्मरण साहित्यमा फुटकर रचनामार्फत् निरन्तर अघि बढिरहेका राजेन्द्र सुवेदी, मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठीलगायत अरू विद्वान्‌हरूले पनि महत्त्वपूर्ण योगदान दिएका छन् । यसैगरी संस्मरण साहित्यको विकासमा पछिल्लो चरणमा सशक्त कृति लिएर देखापर्ने लेखक खगेन्द्र सङ्ग्रौला हुन् । २०४४ सालदेखि फाट्टफुट्ट रूपमा विभिन्न पत्रपत्रिकामा संस्मरण प्रकाशित गर्दै आएका यिनले २०६२ सालमा केही नवीन संस्मरणहरू थपेर **सम्झनाका ऐनाका तस्बिरहरू** कृति प्रकाशित गरेका छन् भने **सम्झनाका कुइनेटाहरू** (२०६४) कृति पस्कँदै संस्मरण साहित्यको विकासमा गहकिलो कार्य गरेका छन् । विगतका घटनालाई स्मृतिका सहायताले प्रस्तुत गर्दै यिनले आफ्ना कृतिमा नितान्त निजी अनुभूतिमा कल्पनात्मक लगाम

---

११ इन्द्रप्रसाद भट्टराई, **सम्झनाका तरेलीहरू**, (अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८), पृ. २९ ।

१२ सूर्यविक्रम ज्ञवाली, खड्गमान सिंह र प्र. गजानन्द वैद्य, **जेलमा बीस वर्ष**, (काठमाडौं : ………, २०३०), मन्तव्य पृ. ।

खैँचेर बिनालाज र पूर्वाग्रहरहित भावना राख्दै आफ्ना विचार प्रस्तुत गरेका छन् । आफ्नै बाबुआमासँग सम्बन्धित विभिन्न रुढिवादी कुराहरूको अनुसरणले निम्त्याएको नराम्रो असरलाई बिनाढाकछोप प्रस्तुत गरेका छन् । पछिल्लो चरणका उनका संस्मरणमा बौद्धिकता, यथार्थता, लेखकीय इमान्दारिता, केही आलोचनात्मकता, प्रगतिवादी चिन्तन, यथार्थको पूर्ण प्रष्फुटन आदि विशेषता पाइन्छन् । उनको संस्मरण विधामा महत्त्वपूर्ण भूमिका रहेको कुरा विभिन्न विद्वान्हरूले स्वीकारेका छन् । निर्भीक, सचेत, प्रगतिवादी लेखक सङ्ग्रौलाका कृतिले आधुनिककालको पनि पछिल्लो चरणको प्रतिनिधित्व गरेका छन् ।

यसरी प्राथमिककालमा *यात्रा संस्मरण*को नामले आफ्नो परिचय स्थापित गर्न अघि बढेको संस्मरण साहित्यले माध्यमिक कालमा आफ्नो जग निर्माण गर्ने कार्य गर्दछ भने आधुनिककालमा पत्रिका एवम् पुस्तकाकार कृतिका माध्यमबाट आफ्नो क्षेत्रलाई व्यापक एवम् विस्तृत बनाएको छ । औपचारिक रूपमा विधागत रूपमा संस्मरण साहित्यको अत्यन्त छोटो समयावधि भएर पनि उल्लेख्य उपलब्धि हासिल गर्न सफल भएको छ ।

## ३.३ ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन

ध.च. गोतामेले वि.सं. २०१६ सालमा **एक संस्मरण** लेखेपछि उनको संस्मरणको यात्रा सुरु भएको जानकारी प्राप्त हुन्छ । गोतामेको साहित्य लेखन २००६ सालदेखि सुरु भई विभिन्न साहित्यका विधामा छरिएर रहेको देखिन्छ । उनले कथाबाट लेखन आरम्भ गरेर कविता, समालोचना र फुटकर कृति रचना गरेको देखिन्छ । उनले त्यसपछिको सम्पूर्ण जीवन संस्मरण लेखनमा खर्चेको देखिन्छ । उनले संस्मरण लेखनलाई मृत्युपर्यन्त लगातार लगेको देखिन्छ । उनको संस्मरणको सुरुआत कहिलेबाट भयो भनेर निर्क्यौल गर्न निकै कठीन छ । रमेशप्रसाद भट्टराईले **एक संस्मरण**लाई पहिलो निबन्ध मानेका छन् तर त्यो निबन्ध अहिले उपलब्ध छैन । उनका पुस्तकाकार कृतिका रूपमा प्रकाशित कृति **कालान्तर** (२०५३) सालमा आएर मात्र प्रकाशित भएको देखिन्छ । त्यस्तै गरेर **सम्झनाका गल्छेडाहरूमा** (२०५५), **तीनबास** (२०५८), **उत्तरोत्तर** (२०५९), **आरोह-अवरोह** (२०६२) गरी पाँचवटा संस्मरणात्मकसङ्ग्रह प्रकाशित भएका छन् । उनका यिनै प्रकाशित संस्मरणसङ्ग्रहमा पाइएका प्रवृत्तिगत विशेषता, भाषाशैलीय विन्यास र विषयवस्तुका आधारमा ध.च. गोतामेको संस्मरणकारितालाई तीन चरणमा विभाजन गर्न सकिन्छ :

(१) प्रथम चरण (प्रारम्भदेखि २०५४ सम्म)

(२) दोस्रो चरण (२०५५-२०५८ सम्म)

(३) तेस्रो चरण (२०५९-२०६३ सम्म)

### ३.३.१ पहिलो चरण (प्रारम्भदेखि २०५४ सम्म)

गोतामेको संस्मरण लेखनको प्रारम्भ एक संस्करण **झङ्कार** (१/३/२०१६) बाट सुरु भई २०५४ सालको लामो अवधिसम्म फैलिएको देखिन्छ । यो लामो समयावधिमा संस्मरण लेखनमा २०५३ पूर्वलाई आभ्यासिक चरणका रूपमा मान्न सकिन्छ भने २०५३ सालमा **कालान्तर** संस्मरणसङ्ग्रहको प्रकाशन भएपछि उनको संस्मरणकारिता मौलाएको पाइन्छ । उनका संस्मरण यस सङ्ग्रहपूर्व खासै प्रकाशनमा आएको देखिदैन । उनको **कालान्तर** संस्मरणसङ्ग्रहमा प्रकाशित *राजनीतिक गोरेटोको खोजीमा* शीर्षकको संस्मरणमा उल्लेख गरिएको वाक्य – '२००३ सालतिरको कुरा हो, आजभन्दा झण्डै पचास वर्षअघिको'[१३] ले उनको लेखन वि.सं. २०५३ सालतिर मात्र विकसित भएको देखिन्छ । उनले यस चरणमा आफ्ना बाल्यकालीन अनुभवहरू, प्रारम्भिक शिक्षा आर्जन गर्दाका समस्याहरू, राणाविरोधी आन्दोलनका क्रममा भएका रक्सौल बसाइका तीतामीठा अनुभवहरू, काठमाडौँ प्रवेश गरेपछि भोगेका यावत् घटना र जागिर प्रवेश गर्नुपूर्व आफूले भोगेका आर्थिक कठिनाइहरू, पत्रकारिता जीवनमा देखेका अनेक घटनाहरूका साथै प्रशासनिक क्षेत्रमा प्रवेश गरेपछि गरेका विदेश भ्रमणको वर्णन, अनेक व्यक्तिका चारित्रिक विशेषताका साथै थोरबहुत रूपमा समाजमा देखिएका विकृतिहरूको पर्दाफास गर्नुका साथै कार्यक्षेत्रमा प्रवेश गरेका दिनहरूको संस्मरण गर्दै विशृङ्खलित विषयवस्तुको प्रयोग गरिएका संस्मरणहरू लिपिबद्ध छन् । उनका यस चरणका संस्मरणमा विषयवस्तुको प्रस्तुतिमा एकरूपता पाइँदैन । उनका संस्मरणहरू कुनै आख्यानात्मक कृति पढेझैँ पाठकले अनुभव गरिरहेको हुन्छ । आफ्नो पारिवारिक र आर्थिक अवस्था, आफन्तजनको चरित्त्राङ्कन गर्न यस चरणका उनका संस्मरणहरू सफल भएका छन् । आफ्नो मानसपटलमा आएका विशृङ्खलित विषयवस्तुलाई टिपेर गोतामेले अनेक किसिमका अनुभूति र भोगाइहरूलाई लिपिबद्ध गरेका छन् । सामान्य विषयवस्तु भए पनि उनको काव्यशिल्प भने निक्कै गहन र तिख्खर रहेको पाइन्छ ।

ध.च. गोतामेका प्रथम चरणमा प्रकाशित संस्मरणात्मक निबन्धसङ्ग्रह **कालान्तर** (२०५३) मा सङ्गृहीत *राजनीतिक गोरेटोको खोजीमा, आलो माटोका नयाँ संस्कार, विद्रोहको प्रथम उद्घोष, नियतिको वक्रदृष्टि, आन्दोलनको प्रथम चरण, बिरानो माटोमा, ओतलाग्ने जमर्को, आभिजात्य परिवेशमा, यात्राको तयारी, अलकापुरी कान्तिपुरी ..., अभिशप्त, आफ्नो माटोको सुगन्ध, हुरीले हुत्याएको बाछिटा, लामो यात्राको पूर्वाङ्ग, हराएको शिष्टमण्डल, निशाचरको व्यथा, हवानासिगार र अत्तर शालिमार, निलुफर मैयाँ, बहानाविहीन जलपोत, धमिराको सुस्वादु भोजन, अपरिचयको खल्लोपन, आषाढस्य प्रथम दिवसे, शीतल छहारी र*

---

१३. ध.च. गोतामे, **कालान्तर**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५३), पृ. १ ।

*चर्को घाम, गुडनाइट काजीदाइ, कुरै कुरामा* र **संज्ञा–सर्वनाम**मा *अपरिचयको एक थुँगा, देश परदेश, सावरमतिका सन्त* रहेका छन् ।

## ३.३.२ **दोस्रो चरण** (२०५५ देखि २०५८)

ध.च. गोतामेको दोस्रो चरण लेखनमा वैचारिक परिवर्तन आएको अवस्था हो । यस चरणका गोतामेको संस्मरणलेखनमा प्रत्यक्ष वा परोक्ष रूपले विचारको उतारचढाव आएको देखिन्छ । पहिलो चरणका गोतामेका संस्मरणका विषयवस्तुहरूमा बाल्यकालीन अवस्थाहरू, शिक्षाका निम्ति गरिएका दौडधुपहरू र अभावग्रस्त समस्याहरू समेटिएका थिए । यस दोस्रो चरणका संस्मरणमा भने गोतामेले जागिरे जीवन सुरु भएको र एकाएक उनको जीवनमा प्रगतिशील विचारका परिष्कृत चिन्तनहरू पलाउन थालेको पाइन्छ । कर्मचारीको जीवनभोगाइमा देखापरेका विकृति, विसङ्गति र चाकरी प्रथाप्रतिको तीव्र आक्रोश उनका दोस्रो चरणका संस्मरणमा अभिव्यक्त भएको पाइन्छ । यस चरणमा गोतामेले आफू कर्मचारी हुँदा स्वदेश तथा विदेशमा गरेका भ्रमणका घटनाहरू, आफ्नो घर र आफन्तजनको गहिरो सम्झनालाई पनि वैचारिक सघनताका साथ प्रस्तुत गरेका छन् । गोतामेले यसै चरणमा कम्युनिष्ट राजनीतिको चेतनाले ओतप्रोत भएका आफ्ना व्यवहार र क्रियाकलाप समेटिएका विषय र विचारसमेत प्रस्तुत गरी संस्मरण तयार पारेकाले पनि पहिलो चरणभन्दा यस चरणमा नितान्त भिन्न र परिवर्तित दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । यस दोस्रो चरणमा गोतामेका *यात्रा संस्मरण*भित्र इतिहासप्रतिको मोह, साहित्यप्रतिको मोह तथा जागिरे जीवनका औपचारिक यात्राले सिर्जना गरेका वैचारिक प्रौढता परिष्कृत भएर प्रस्तुत भएको पाइन्छ । यस चरणमा देखिएका **सम्झनाका गल्छेडाहरूमा** र **तीनबास** संस्मरणमा यिनले प्रगतिशील विचारको परिष्कृतरूप र कर्मचारीतन्त्रमा भएका विकृति र विसङ्गतिलाई उदाङ्गो पार्दै त्यसप्रति तीव्र आक्रोश पोखेका छन् । दोस्रो चरणमा गोतामेमा आएको वैचारिक परिवर्तन **सम्झनाका गल्छेडाहरूमा** (२०५५) देखि **तीनबास** (२०५८) सम्म अभिव्यक्त भएको पाइन्छ । यिनै कृतिहरूका विशेषताबाट गोतामेका संस्मरणगत भिन्नता पर्गेल्न सकिन्छ । यसप्रकार गोतामेका संस्मरणमा देखिएका भिन्नताले नै पहिलो चरणका प्रवृत्तिभन्दा दोस्रो चरणका प्रवृत्तिहरू उर्वर, प्रगतिशील तथा परिवर्तनकारी भएका हुन् । यिनै परिवर्तित प्रवृत्तिका कारण गोतामेका संस्मरणगत प्रवृत्तिहरू पहिलो चरणमा भन्दा दोस्रो चरणमा भिन्न रहेका छन् ।

ध.च. गोतामेका दोस्रो चरणमा प्रकाशित संस्मरणात्मक निबन्धसङ्ग्रह **सम्झनाका गल्छेडाहरूमा** (२०५५) मा सङ्गृहीत *त्यो अग्निकाण्ड, बत्तीसपुतली–बालुवाटार, आफ्नै धरातलमा, एक यात्रा : अनेक बिसौनी, मौलिक स्वादको आनन्द, हिजँ पग्लियो, विषवृक्षको*

*छायाँमुनि, तेस्रो व्यक्ति, बाघको मुख रातो, घुम्दैफिर्दै रुम्जाटार, चीनको उकालो, छालाको टोपी लाउने हाकिम, गाँसिएको सम्झना, तुरिकेलको बुर्जामुनि, शून्य आँगनका उदास आकृतिहरू, गोपाल ! तिम्रो सम्झनामा* र **तीनबास** (२०५८) मा *यात्रारम्भको अशुभ आकस्मिता, बेलाइतको एक साँझ, टाइम्सका पहेँला पानाहरू, हेनरी ओल्डफिल्डका चिठी चपेटाहरू, आख्यक, मेचीवारि : मेचीपारि, लामो बसयात्रा र सीमान्तको सहगोष्ठी, टायर गाडा र धुलौटे बाटो, दुई अग्ला मानिसहरू, दुई यात्री, महायात्रा, अपरिचयको एकथुङ्गा, देश परदेश, सुन्नेलाई सुनको माला* रहेका छन् ।

## ३.३.३ तेस्रो चरण (२०५९ देखि २०६३)

ध.च. गोतामेको तेस्रो चरण वि.सं. २०५९ सालदेखि २०६३ सम्मको समयावधिलाई मान्नु सान्दर्भिक हुन्छ । वि.सं. २०५९ सालभन्दा अगाडिका संस्मरणहरूमा पञ्चायती व्यवस्थाले प्रशासन र समाजमा पारेको प्रभाव, प्रशासनिक क्षेत्रका विकृति र विसङ्गतिको भण्डाफोर, प्रजातन्त्र पुनर्स्थापनापछि जनताको इच्छा पूर्ण नभएकामा असन्तुष्टि र सामान्य कर्मचारीले उच्च कर्मचारीबाट भोग्नुपर्ने बाध्यात्मक परिस्थितिहरूलाई यथार्थपरक रूपमा प्रस्तुत गरेको पाइन्छ तर २०५९ सालमा गोतामेको **उत्तरोत्तर** संस्मरणात्मक सङ्ग्रहमा सङ्कलित संस्मरणहरूमा गोतामेले प्रशासनिक क्षेत्रमा बटुलेका धेरै तीता र थोरै मीठा अनुभूतिलाई तिलाञ्जलि दिँदै सदस्य-सचिव बनेर प्रज्ञाप्रतिष्ठानमा प्रवेश गरेका अनुभव, प्राज्ञिक क्षेत्रका आर्थिक अनियमिततालाई हटाउनका लागि गरिएको पहल, उचित व्यक्तिलाई उचित काम दिनुपर्छ भन्ने विचारहरू प्रकट भएका छन् । प्रज्ञाप्रतिष्ठानमा प्राज्ञहरूको नियुक्तिमा अपारदर्शीता, काम नगरी जागिर मात्र खाने कर्मचारीतन्त्रप्रति विरोधका आवाजहरू घनीभूत रूपमा प्रकट भएको हुनाले नै यी संस्मरणहरू दोस्रो चरणका संस्मरणभन्दा भिन्न भएका हुन् । यिनै प्रवृत्तिगत आधारहरूले गर्दा दोस्रो चरणभन्दा यो चरण उच्च रहेको छ ।

ध.च. गोतामेका तेस्रो चरणमा प्रकाशित संस्मरणात्मक निबन्धसङ्ग्रह **उत्तरोत्तर** (२०५९) मा सङ्गृहीत *सुरुङको पल्लापट्टि, अक्षरको उकाली, रागी-वैरागी, दुई अचर्चित प्रसङ्ग, मुटुको रोग, सीमान्तको सहर : एक धुलौटे सम्झना, उत्तरोत्तर, मुटुको मुस्कान, तिम्रो माया मार्न सकिन्न, ओझेलमा परेका क्रान्तिकारी, प्रेरणाको स्रोत, कर्णालीको बगरमा, सरहदका सिपाही* र **आरोह अवरोह** (२०६२) मा *छिटा-बाछिटा, समयचक्र, अन्तिम पटाक्षेप, निर्णयको दोबाटो, परिबन्ध, एक गाउँको कथा, जलजमनी, सानातिना छाउपडी, ल्हासातर्फ, एक यात्रा अनेक बिसौनी, इतिहास शिरोमणि बाबुराम आचार्य एक संस्मरण, आफ्नो सहर, बसयात्रा र काशी दर्शन, पुराना साथी, शिखर पुरुष* रहेका छन् ।

## ३.४ निष्कर्ष

वि.सं. १९८९ पौष २५ गते महोत्तरी जिल्लाको मनराकट्टीमा पिता गोविन्दचन्द्र तथा माता दपिवतीका जेठा छोराका रूपमा ध.च. गोतामेको जन्म भएको हो । उनको पूरा नाम धनुषचन्द्र हो । गोतामेको बाल्यकाल अभाव र गरिबीमा बितेको थियो । उनले आइ.ए.सम्मको अध्ययन गरेर जागिरमा प्रवेश गरेका थिए र त्यसपछि यिनले जागिरे जीवनमै स्नातकोत्तरसम्मको अध्ययन पूरा गरे । २००४ सालमा विराटनगरकी शान्ता अधिकारीसँग वैवाहिक जीवनमा बाँधिएका गोतामे तीन छोराछोरीका पिता हुन् ।

वि.सं. २००६ सालमा **सेवा** पत्रिकामा *च्यातिएको पर्दा* शीर्षकको कथा प्रकाशित गरेर साहित्य लेखनको औपचारिक यात्रा सुरु गरेका गोतामे सफल गद्य लेखक हुन् । उनले कथा, कविता, संस्मरण, उपन्यास आदि विधामा कलम चलाए पनि उनी विशेषत: संस्मरणकारका रूपमा चिनिन्छन् । २०१६ सालको **झङ्कार** पत्रिकामा *एक संस्मरण* शीर्षकको संस्मरण प्रकाशित गरेर सुरु भएको संस्मरण लेखनको यात्रा मृत्युपर्यन्त अर्थात् २०६३ सालसम्म रहिरह्यो । यस अवधिमा गोतामेका **कालान्तर, संज्ञा–सर्वनाम, सम्झनाका गल्छेडाहरूमा, तीनबास, उत्तरोत्तर र आरोह–अवरोह** गरी ६ वटा संस्मरणात्मक र व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । यिनका संस्मरणात्मक निबन्धहरूको अध्ययन गर्दा यिनले लिएको विषयवस्तु र क्षेत्र, यिनमा आएको वैचारिक परिवर्तन आदि कारणले गर्दा यिनको संस्मरणात्मक यात्रा तीन चरणमा सीमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । यिनका संस्मरणहरू सङ्ख्यात्मक रूपमा मात्र नभएर गुणात्मक दृष्टिले पनि सफल छन् ।

## चौथो परिच्छेद

# ध.च. गोतामेका 'सम्झनाका गल्छेडाहरूमा' संस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण

## ४.१ कृतिपरिचय

**सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रह २०५५ सालमा साझा प्रकाशनबाट प्रकाशित कृति हो । यो आकारप्रकारका दृष्टिले मध्यस्तरीय कृति हो । यसमा जम्मा सोह्रवटा संस्मरणहरू समेटिएका छन् जसमा १२९ पृष्ठमा विस्तार भएको यस कृतिको आकार डिमाइ साइजमा रहेको छ । साझा प्रकाशनले प्रकाशकीय भूमिका लेखेको छ भने अर्को पानामा *यस सँगालोबारे* भन्ने शीर्षकमा लेखकले आफ्ना भनाइहरू प्रस्तुत गरेका छन् ।

प्रस्तुत कृतिमा गोतामेले प्रशासनिक उद्देश्यले प्राय: स्वदेशका विभिन्न क्षेत्रमा गरिएका भ्रमणका सम्बन्धमा लेखिएका संस्मरणात्मक वृत्तान्तहरू प्रस्तुत गरेका छन् । उनले लामो समयसम्म प्रशासनमा बसेर काम गर्दाका अनुभवलाई सामान्य शीर्षकमा प्रस्तुत गरे पनि शिल्पपक्षलाई निकै तिख्खर र गहन तुल्याएका छन् । गोतामेको यस यात्रासंस्मरणमा विषयवस्तु, घटनावली र परिवेशीय विविधता पाइन्छ ।

**सम्झनाका गल्छेडाहरूमा** कृतिमा सोह्रवटा संस्मरणहरूको सङ्कलन गरिएको छ । स्वदेशका औपचारिक यात्राहरू र विदेशका यात्राहरूलाई मूल विषय बनाएर आत्मवृत्तान्त प्रस्तुत गर्ने काम गोतामेले प्रस्तुत यात्रासंस्मरणात्मक सङ्ग्रहमा गरेका छन् । आख्यानात्मक वा कथनात्मक अभिव्यक्तिहरू उनका संस्मरणमा व्यक्त भएका छन् । घटनाक्रमलाई छोएर शृङ्खलाबद्ध रूपमा र विशृङ्खलित रूपमा विषयवस्तुको वर्णन गरिँदा कुनै आख्यानात्मक कृति पढेजस्तो लाग्ने संस्मरणहरू प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहमा रहेका संस्मरणहरूको विश्लेषण गर्दा यसमा प्रशासनिक क्षेत्रमा भएका विविध गतिविधिहरू, आफ्नो घरपरिवार, व्यक्तिविशेषको सम्झना तथा वैदेशिक यात्रालाई वर्ण्य विषय बनाएको पाइन्छ ।

साहित्यका मुख्य चार विधा आख्यान, कविता, नाटक र निबन्धहरूमध्येमा संस्मरणसाहित्य निबन्ध विधाको एक क्षेत्रका रूपमा लिइन्छ । यस संस्मरण विधालाई विधाभित्रकै एक उपविधाका रूपमा चिनाउन सकिन्छ । गद्य विधाकै एक भेदअन्तर्गत निबन्धलाई लिइन्छ । अन्य विधाहरूमा जस्तै यसमा पनि मुक्त जीवनकथा, गद्यमयता, आख्यानात्मकता र विकासशील अवस्थाजस्ता साझा तत्त्वहरू प्राप्त गर्न सकिन्छ । संस्मरणसाहित्यको अभिमत राखे पनि साझा तत्त्वमा भने समानता छ । उक्त आधारमा संस्मरणका तत्त्वहरूको निर्धारण स्मृतिप्रधान कथानक चरित्र, परिवेश, विचारधारा वा दृष्टिबिन्दु, भाषाशैलीजस्ता तत्त्वका आधारमा **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहभित्रका संस्मरणहरूको कृतिपरक अध्ययन गरिएको छ ।

## ४.२ त्यो अग्निकाण्ड

### ४.२.१ विषयवस्तु

यस संस्मरणमा गोतामेले २०३० सालतिर सिंहदरबारमा भएको भीषण आगलागीको विषय प्रस्तुत गरेका छन् । त्यस आगलागी काण्डमा भएको करोडौँ सम्पत्तिप्रति चासो नराख्ने तर राजाका तस्वीर बचाएर ल्याउने व्यक्तिको चाकरितन्त्रका बारेमा विभिन्न व्यक्तिले गरेका टीकाटिप्पणीलाई व्यङ्ग्यात्मक रूपमा चर्चा गरेको पाइन्छ । यसमा गोतामेले तत्कालीन प्रधानमन्त्री कार्यालयमा काम गर्दा राजाका भाषण लेखेको विषयलाई पनि चर्चा गरेका छन् । यस संस्मरणमा गोतामेको सिंहदरबार तथा प्रधानमन्त्री कार्यालयको सेरोफेरोलाई परिवेशका रूपमा प्रस्तुत गरेका छन् । गोतामेले यस संस्मरणमा अग्निकाण्डको नैतिक जिम्मेवारी लिएर कीर्तिनिधिले राजीनामा दिएको, नगेन्द्रप्रसाद रिजाल प्रधानमन्त्री भएको र विभिन्न व्यक्तिहरू मन्त्री तथा अन्य पदमा नियुक्त भएका तथा नियुक्त हुन गरेका चाकरीलाई विषय बनाएका छन् । तत्कालीन कर्मचारीतन्त्रमा भएका चाकरी चाप्लुसीप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.२.२ पात्र

सहभागी भन्नाले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँछ । सहभागीले कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटीबढी भए पनि तिनको उपस्थिति चाहिँ अनिवार्य रहन्छ ।[१] संस्मरणमा संस्मरणकारले स्मृतिपटलमा भएका घटनावलीहरूलाई ओकल्ने क्रममा ती घटेका घटनाका सन्दर्भमा प्रयुक्त पात्र वा चरित्र नै त्यस समयका सहभागी वा

१ खगेन्द्र लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ३१० ।

चरित्रका रूपमा उपस्थित भएझैँ यस संस्मरणमा पनि २०३३ सालको सिंहदरबारमा भएको आगलागीमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रयोग भएका पात्रहरू भन्ने बुझिन्छ । यसमा विभिन्न किसिमका पात्रहरूको प्रयोग भएका छन् । यस संस्मरणमा 'म' पात्रका रूपमा संस्मरणकार प्रत्यक्ष रूपमा अलिकारक द्रष्टा बनेका छन् । विश्व प्रधान नामक उपसचिव पनि यसका प्रत्यक्ष उपस्थित पात्रका रूपमा आएका छन् । तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट त यहाँको अग्निकाण्डका द्रष्टा बनेका छन् । यसपछि अर्को पुन: नियुक्त भएका प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल आएका छन् । राधाप्रसाद घिमिरेको पनि चर्चा गरिएको छ । त्यस्तै गरेर क्षेत्रविक्रम राणालाई पनि पात्रका रूपमा उभ्याइएको छ । उनले राधाप्रसाद नामक व्यक्तिको पनि सामान्य चर्चा गरेका छन् । उनले राष्ट्रिय पञ्चायतको रिक्त पदका अध्यक्ष नयनबहादुर स्वाँरको उल्लेख गरेका छन् । त्यस्तै लोकेन्द्रबहादुर चन्द, जुद्ध शमशेरकी कान्छी छोरी कमल शाह, यस संस्मरणमा नामोल्लेख गरिएका पात्रहरू यति नै देखिन्छन् भने त्यो अग्निकाण्ड प्रत्यक्ष रूपमा देख्ने मानिसको भीड विविध घटनावर्णनमा अप्रत्यक्ष रूपमा सहभागी पात्रहरू उपस्थित भएका छन् । धेरै टुक्राटुक्री घटनाहरूलाई जोडेर निबन्ध विषयवस्तुको वर्णन गरिएको छ । विभिन्न घटनाका टुक्राटुक्रीहरूमा भिन्नभिन्न पात्रहरू प्रत्यक्ष रूप र अप्रत्यक्ष रूपमा आएका छन् ।

## ४.२.३ उद्देश्य

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृतिको उद्देश्य भनिन्छ ।[२] यस संस्मरणमा पनि संस्मरणकारले तत्कालीन समयमा भएका घटनावलीलाई देखाउँदै कर्मचारीतन्त्रमा भएका चाकरी चाप्लुसीप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । माथिल्लो ओहोदामा भएका व्यक्तिहरूले कसरी चाकरी गरेर आफ्नो गैरजिम्मेवारीपन देखाएका छन् भन्ने यथार्थ देखाउन यो संस्मरण सफल भएको छ । चाकडी गर्ने र कसरी हुन्छ आफू माथिल्लो पदमा जाने तत्कालीन समयका कर्मचारीहरूका आनीबानीलाई उदाङ्गो पार्ने काम गरेका छन् । सोझा व्यक्तिहरूले मात्र कानुन पालना गर्नुपर्ने कटु यथार्थ पनि यहाँ व्यक्त गरिएको छ । मूलत: चाकरी गरेर आफ्नो जीवन निर्वाह गर्ने, आफू माथि पुग्नलाई अर्कालाई फसाउने कार्य गर्न पनि मानिस पछि नपर्ने कुट यथार्थ यहाँ व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरी कर्मचारीतन्त्रमा भएका विकृति र विसङ्गतिलाई बाहिर ल्याएर सबै पाठकलाई जानकारी दिँदै यस्ता गलत प्रवृत्तिको सुधार हुनुपर्ने विचार प्रकट गरिएको छ । विकृति र विसङ्गतिको

---

२ ऐजन ।

पर्दाफास गर्दै स्वच्छ र निष्पक्ष कर्मचारी शासन व्यवस्थाको चाहना राखिएको छ । यसको मूल उद्देश्य नै विकृति र विसङ्गतिको सुधार गर्नु रहेको छ ।

## ४.२.४ परिवेश

विषयवस्तु र घटनाको तारतम्य मिलाउन छ पृष्ठमा लेखिएको यस संस्मरणमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो । कृतिभित्र प्रस्तुत घटना घटित हुने परिवेश, सूचक, स्थान, समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति विभिन्न ढङ्गले गरिन्छ । यस संस्मरणमा प्रयोग गरिएको स्थान सिंहदरबारको वरिपरिको क्षेत्र रहेको छ । खास गरेर सिंहदरबारमा लागेको आगलागी मूल विषय बनेर आउँदा यस क्षेत्रका वरिपरि परेका सम्पूर्ण सरकारी कार्यालयहरू परिवेशका रूपमा वर्णित छन् ।

## ४.२.५ भाषाशैली

कृतिको संरचनाको घटकका सन्दर्भमा भाषाशैली अग्रभूमीकरण, बिम्ब, प्रतीक, छन्द, लय, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास मानिन्छ ।[३] गोतामेले प्रस्तुत निबन्धमा सरल र सोझो भाषाशैलीको प्रयोग गरेका छन् । सामान्य पाठकवर्गले पनि बुझ्न सक्ने सरल भाषामा विषयलाई पूर्णता दिएका छन् । सरल तत्सम, तद्भव र केही आगन्तुक शब्दहरूको सम्मिश्रणले संस्मरण रोचक र रोमाञ्चक बन्न पुगेको छ । उखानटुक्काको प्रयोग गरेर भाषामा मिठास थपिएको छ । यस संस्मरणमा धेरै आगन्तुक शब्द र अन्य भाषिकाको शब्दहरूको प्राधान्य देखिँदैन । सरल भाषामा तत्कालीन समयमा कर्मचारीतन्त्रमा देखिएका विकृति र विसङ्गतिलाई उदाङ्गो पारिएको छ ।

## ४.२.६ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसको माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ ।[४] गोतामेको *त्यो अग्निकाण्ड* शीर्षकको संस्मरण प्रथमपुरुषीय दृष्टिबिन्दुमा संरचित छ । आफूले देखेभोगेका वस्तुसत्यको स्मरण गरी निजात्मक अनुभूतिका साथ गोतामेले आफ्ना भोगाइलाई प्रस्तुत गरेका छन् । यस संस्मरणमा संस्मरणकारले विषयवस्तुभरि आफूलाई सक्रिय बनाएका छन् । यसमा उनले संवादात्मक शैलीको पनि प्रयोग गरेका छन् । यसप्रकार त्यो अग्निकाण्ड संस्मरण प्रथमपुरुष कथन ढाँचामा निर्मित रचना हो ।

---

३ पूर्ववत, पृ. ३१० ।

४ ऐजन ।

## ४.३ बत्तीसपुतली–बालुवाटार

### ४.३.१ विषयवस्तु

*बत्तीसपुतली-बालुवाटार* संस्मरणमा गोतामेले आफू प्रधानमन्त्री कार्यालयमा काम गर्दा बत्तीसपुतली, सिंहदरबार र बालुवाटारको दौडधुपमा बढी व्यस्त हुनुपर्ने विषय प्रस्तुत गरेका छन् । यस संस्मरणमा गोतामेले नगेन्द्रप्रसाद रिजालको प्रधानमन्त्री काल र त्यस समयका सानातिना घटना, विवाद र कार्यहरूलाई चाखलाग्दो गरी प्रस्तुत गरेका छन् । उनले आफूलाई रातबिरात बोलाइने भएकाले आफ्नो दौडधुपलाई बत्तीसपुतली, सिंहदरबार र बालुवाटारको त्रिभुजमा मेरो अर्धानो दुईचक्री दगुरिरहन्थ्यो[५] भनेर चिनाएका छन् । यसप्रकार गोतामेले आफ्नो भोगाइको वर्णनसँगै कतिपय मन्त्रीहरूको आनीबानी, स्वभाव र हाउभाउको समेत चर्चा गरेका छन् । उनले आफ्नो बोली बिक्दा हीरालाल विश्वकर्मालाई सहायक मन्त्री बनाउन सफल भएको र ती हीरालाल नामका मन्त्री प्रजातन्त्र पुनर्बहालीअघि नै दिवङ्गत भएको प्रसङ्ग प्रस्तुत गरेका छन् ।

### ४.३.२ पात्र

*बत्तीसपुतली-बालुवाटार* शीर्षकको संस्मरणमा गोतामेले भिन्न प्रसङ्गमा भिन्नभिन्न पात्रहरूको प्रयोग गरेका छन् । यस संस्मरणमा प्रधानमन्त्री निवास कार्यालय, बालुवाटारमा आफू कर्मारी हुँदा आफैसँग काम गर्ने राधाप्रसाद, प्रधानमन्त्रीका दुई सचिव अर्थात् सेमन्त रेग्मी र हरिप्रसादलाई चरित्र बनाएर विविध प्रसङ्गलाई गोतामेले अभिव्यक्ति दिएका छन् । प्रसङ्गवश त्यसबेलाका प्रभावशाली मन्त्रीहरू जोगमेहर श्रेष्ठ, भोला झा, लालबहादुर खडायत, भेख थापाको पनि नामोल्लेख गरेर यिनले संस्मरणलाई जीवन्त तुल्याएका छन् । त्यस्तै गरेर हीरालाल विश्वकर्मालाई मन्त्रीका रूपमा उभ्याइएको र उनलाई मन्त्री बनाउन आफूले खेलेको भूमिकाले अर्को प्रसङ्गको रूप लिएको छ । तत्कालीन प्रधानमन्त्रीका साला हरिनाथ बाँस्तोला आदि पात्रहरूले भिन्नभिन्नै प्रसङ्गलाई देखाउन सफल भएका छन् । यिनै विभिन्न पात्रको प्रयोगले विभिन्न सन्दर्भलाई वर्णन गर्न सघाएका छन् । लेखक स्वयम् ‘म’ पात्रका रूपमा रहेर विषयवस्तु र घटनावली गतिमान भएको छ ।

### ४.३.३ उद्देश्य

तत्कालीन समयका यावत् घटनालाई पाठकसामु ल्याएर प्रधानमन्त्रीदेखि तल्लो तहका कर्मचारीहरूका प्रवृत्तिलाई उजागर गरेर वस्तुतथ्य बाहिर ल्याउनु यस संस्मरणको उद्देश्य हो ।

---

५ ध.च. गोतामे, **सम्झनाका गल्छेडाहरूमा**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ८ ।

माथिल्लो निकायका व्यक्तिहरू कसरी चाप्लुसी गरेर आफू मात्र कमाउन उद्धत रहन्छन् भन्ने वास्तविकता देखाउन यो संस्मरण सफल रहेको छ । वास्तविकताको प्रस्फुटन गरेर त्यस्ता गजब आनीबानीमा सुधारको अपेक्षा यस संस्मरणले गरेको देखिन्छ ।

### ४.३.४ परिवेश

पाँच पृष्ठ खर्चिएको यस संस्मरणमा वर्णन भएका स्थान वा घटना घटित स्थान अर्थात् प्रधानमन्त्री कार्यालय सिंहदरबार, बत्तीसपुतली र बालुवाटारको सेरोफेरो नै यस संस्मरणको परिवेश बनेर आएको देखिन्छ ।

### ४.३.५ भाषाशैली

*बत्तीसपुतली-बालुवाटार* शीर्षकको संस्मरणमा प्रयोग भएको भाषा सरल छ । सामान्य वर्गका पात्रले पनि बुझ्न सक्ने किसिमको तत्सम र झर्रा नेपाली शब्दहरूको प्रयोगले भाषा मिठासपूर्ण र मनोहर बनेको देखिन्छ । घटनावलीलाई प्रस्तुत गर्दा समयसान्दर्भिक र पात्रनुकूल भाषाको प्रयोग गर्न संस्मरणकार सफल छन् । आलङ्कारिक भाषाको समेत प्रयोग गरिए पनि यस संस्मरणमा सरल शैलीको प्रयोग गरेको पाइन्छ । केही संवादात्मक शैलीको प्रयोग भए पनि भाषा दुर्बोध्य भने देखिँदैन ।

### ४.३.६ दृष्टिबिन्दु

*बत्तीसपुतली-बालुवाटार* शीर्षकको संस्मरणमा गोतामेका निजात्मक अनुभूति समेटिएकाले विषयवस्तुको वक्ता ‘म’ पात्र रहेको छ । यात्राको संवादका क्रममा हामी प्रयोग गरिए पनि प्रथमपुरुषीय दृष्टिबिन्दु रहेको छ । गोतामेले यसमा कतैकतै संवादात्मक शैली प्रस्तुत गरेको देखिन्छ तथापि विषयको सुरुदेखि अन्तसम्म प्रथमपुरुष एकवचन म, कहीँ कतै हामी बहुवचनका पात्रद्वारा वर्णन गरिएकाले प्रथमपुरुष दृष्टिबिन्दुमा प्रस्तुत संस्मरण संरचित छ ।

## ४.४ आफ्नै धरातलमा

### ४.४.१ विषयवस्तु

*आफ्नै धरातलमा* शीर्षकको संस्मरणमा गोतामेले रेडियो नेपालको कर्मचारीमा आफू नियुक्ति भएको र त्यसअघि नै पत्रिकाको सम्पादक भइसकेको विषयलाई चर्चा गरेका छन् । यस संस्मरणमा रेडियो नेपालका कर्मचारीहरू, गायकगायिकाहरू र सङ्गीतकारका विषयमा

चर्चा गरिएको छ । यसमा गोतामेले आफू शिक्षक हुँदाका अनुभवहरू, ट्युसन पढाउन घर-घर डुल्दाका झन्झटिला दिनहरू तथा शिक्षक भएर दौडधुप गर्दा पनि कम आयका कारण सृजना भएका विसङ्गतिबोधहरूलाई प्रस्तुत गरेका छन् । यस संस्मरणमा गोताामेले आफूले कोशी आयोजनामा जागिर खान परीक्षा दिएको तथा आशा नगरे पनि यसमा सफल भएर नियुक्तिपत्र घरमै ल्याइदिएको विषयलाई प्रस्तुत गरेका छन् । गोतामेको यस संस्मरणमा आफूले शिक्षक पेसा छोडी कोशी योजनामा काम गर्न गएको तथा पटनाको हाकिमसँग भएका कुराकानी र उसले देखाएको रवाफलाई समेत प्रस्तुत गरेका छन् । गोतामेले यस संस्मरणमा कोशी योजनामा आएको भारतीय सम्पर्क अधिकारी सिन्हाको बानीव्यवहार, स्वभाव र रवाफिलो चालचलन तथा उसले देखाएका दुर्नियत र उसले नेपाली कर्मचारीहरूप्रति गरेको अविश्वासको चर्चा गरेका छन् । यसमा गोतामेले सिन्हाले गरेको बेइमानीबाट सबै कर्मचारी रुष्ट भएको र यसको पर्दाफास गरेको आरोपमा आफू पदमुक्त भएका घटनालाई प्रस्तुत गर्दै गोतामेले आफू आफ्नै धरातलमा आइपुगेको कुरा व्यङ्ग्यात्मक रूपमा चर्चा गरेका छन् । यही विषयवस्तु नै स्मृतिप्रधान कथानक बनी संस्मरणको मुख्य तत्त्वका रूपमा आएको छ ।

### ४.४.२ पात्र

गोतामेको *आफ्नै धरातलमा*भित्र विभिन्न प्रकारका पात्रहरू प्रयोग भएका देखिन्छन् । गोतामेले रेडियो नेपालको परिवेशभित्र प्रकाशमान सिंह, भोग्यप्रसाद शाह, श्यामदास वैष्णव, नातिकाजी आदि कर्मचारीहरू र भैरवबहादुर थापा र तारादेवीजस्ता गायकगायिकालाई यस संस्मरणमा पात्रका रूपमा प्रयोग गरेका छन् । गोतामेले रेडियो नेपालका गायकहरूमा गोविन्दलाल र गोविन्दबहादुर नामका दुई प्रसिद्ध गायकहरूको सामान्य चर्चा गरेका छन् । गोतामेले यस संस्मरणमा तुलसीनाथ र विश्वनाथ विमललाई हिन्दी समाचार वाचन गर्ने र तीर्थराज तुलाधरलाई अङ्ग्रेजी समाचार वाचन गर्ने पात्रका रूपमा चर्चा गरेका छन् । यो संस्मरण ठूलो परिवेशमा फैलिएकाले थुप्रै पात्रहरूको प्रयोग भएको पाइन्छ । गोतामेले कृष्णचन्द्रसिंह प्रधान, केदारनाथ न्यौपाने, केदार आचार्य तथा योगेन्द्रपुरुष ढकाललाई आफ्नो संस्मरणमा पात्रका रूपमा प्रयोग गरेका छन् । यस संस्मरणमा पुरुष पात्रहरूको बाहुल्य छ र ती आवश्यकतानुसार निश्चित घटनामा निस्किँदै हराउँदै गर्ने पात्रहरूका रूपमा प्रयोग भएका छन् । गोतामेले यस संस्मरणमा कोशी योजनाको प्रसङ्गमा एक दुष्चरित्रका नृपेन्द्रप्रसाद सिन्हा नामका पात्रको निकै राम्रो चर्चा गरेका छन् । तत्कालीन गृहका उपसचिव फाल्गुणशमशेर राणालाई सरल स्वभाव भएका पात्रका रूपमा चर्चा गरिएको यस संस्मरणमा गोतामेले रङ्गनाथ शर्मा, दाताराम शर्मा, पि.ए. झालाई पनि पात्रका रूपमा चर्चा गरेका छन् । घटनाका धेरै टुक्राहरूलाई संयोजन गरी विषयवस्तुका रूपमा वर्णन गरिएको गोतामेको यस संस्मरणमा परिवेशअनुसार भिन्नाभिन्नै पात्रहरूको प्रयोग गरिएको पाइन्छ ।

## ४.४.३ उद्देश्य

गोतामेको *आफ्नै धरातलमा* संस्मरण देखेभोगेका विषयलाई स्मरण गरी विकृति र विसङ्गतिमूलक तत्कालीन अवस्थाको चित्रण गर्ने उद्देश्यले लेखिएको संस्मरण हो । गोतामेले रेडियो नेपालको तत्कालीन व्यवस्था र त्यसको वस्तुयथार्थ संस्मरण गर्ने उद्देश्यले यसको रचना गरेको पाइन्छ । त्यसरी नै कन्यामन्दिर विद्यालयमा आफू शिक्षक हुँदाको सौहार्दपूर्ण व्यवहार र वातावरणसमेत उजागर गरेको देखिन्छ । कोशी योजनाको प्रसङ्ग उल्लेख गरी कोशी योजनाका भारतीय कर्मचारी नृपेन्द्रप्रसाद सिन्हाले गरेको ज्यादतीपूर्ण व्यवहारले भारतीयहरूले नेपालीमाथि गर्ने व्यवहारको प्रतिनिधित्व गर्छ भन्ने कुरा उल्लेख गरेको देखिन्छ ।

गोतामेले कोशी योजनाका कर्मचारीका रूपमा रहेर कार्य गर्ने नृपेन्द्रप्रसाद सिन्हा भारतीय जासुसको काम गर्ने व्यक्तिका रूपमा रहेको कुरा उल्लेख गरी भारतीय गुप्तचरहरूको बिगबिगी प्रस्तुत गरेको पाइन्छ । यसरी गोतामेको संस्मरणमा नेपालको कर्मचारीतन्त्रमा रहेको अस्तव्यस्तता र भारतीय कर्मचारीले नेपाल र नेपालीप्रति गर्ने व्यवहार प्रस्तुत गर्नु मुख्य उद्देश्य रहेको पाइन्छ ।

## ४.४.४ परिवेश

घटना र विषयवस्तुको प्रबन्ध मिलाउन दस पृष्ठमा लेखिएको यस संस्मरणमा नेपालदेखि भारतसम्मको परिवेशलाई अँगालिएको पाइन्छ ।

## ४.४.५ भाषाशैली

प्रस्तुत संस्मरणको भाषाशैली सरल र सहज रहेको पाइन्छ । सोझो गद्यमा विषयवस्तुको सरसर्ती वर्णन गर्नु र स्मरणको गतिसँगै घटनाका टुक्राहरू जोड्नु गोतामेको संस्मरणको विशेषता रहेको देखिन्छ । सामान्य रूपमा तत्सम र तद्भव शब्दहरूको प्रयोग भए पनि यसमा थुप्रै हिन्दी भाषाका वाक्यहरू प्रयोग गरिएका छन् । गोतामेले संवादात्मक शैलीमा हिन्दी भाषाका वाक्य यसरी प्रस्तुत गरेका छन्, ‘गौतम ! यह फाल्गुणशमशेर कैसा आदमी है ?’ ... ‘बहुत ही हीरा आदमी है - सिधासादा, छलकपटविहीन व्यक्तित्व’ । यसरी हेर्दा गौतमको संस्मरण विशुद्ध नेपाली भाषी पाठकका निमित्त दुर्बोध्य हुनसक्ने देखिन्छ ।

## ४.४.६ दृष्टिबिन्दु

गोतामेको *आफ्नै धरातलमा* शीर्षकको यस संस्मरण प्रथमपुरुषीय कथन ढाँचामा संरचित छ । यसको विषयवस्तु संस्मरण गरी देखेभोगेका वस्तुसत्यको निजात्मक अनुभूति गर्दै

गोतामेले आफ्नो भोगाइ प्रस्तुत गरेका छन् । गोतामेले यस संस्मरणको विषयवस्तुभरि आफूलाई सक्रिय बनाएका छन् । कतैकतै संवादको शैली प्रयोग भए पनि भोक्ता 'म' पात्रको आत्मानुभूति प्रबल रूपमा व्यक्त भएको छ । समग्र संस्मरणमा प्रथमपुरुष दृष्टिबिन्दु व्यक्त भएको छ ।

## ४.५ एक यात्रा : अनेक बिसौनी

### ४.५.१ विषयवस्तु

*एक यात्रा : अनेक बिसौनी* गोतामेको भारतको कलकत्ता भ्रमण र त्यहाँका वस्तुस्थितिलाई विषय बनाइएको संस्मरण हो । यसमा गोतामेले भारत भ्रमणमा देखेका, भोगेका अनेक घटना, त्यहाँका वास्तविक दृश्यहरू तथा कलकत्तामा रहेका नेपाली र भारतीय व्यक्तित्वहरूसँगको भेटघाट र तिनीहरूको बोली-व्यवहारलाई व्यक्त गरेका छन् । यसमा गोतामेले विभिन्न प्रकारका घटनावलीहरूलाई विशृङ्खलित रूपमा वर्णन गर्दै बाल्यकालीन घटनाहरू, जीवन भोगाइका क्रममा घटेका निरन्तर घटना तथा मादकपदार्थ पिउने बानीका कारण भारत भ्रमणका क्रममा प्रहरीको फन्दामा समेत परेको घटनालाई खुलस्त रूपमा प्रस्तुत गरेका छन् । गोतामेले तेह्र (१३) पृष्ठ खर्चेर आफ्नो विगतको स्मरण गरेको यस संस्मरणमा २०१५ सालको मन्त्रीमण्डल गठन, २०१७ सालको राजा महेन्द्रले गरेको 'कु' समेत वर्ण्य विषय बनेर प्रस्तुत भएका छन् ।

### ४.५.२ पात्र

गोतामेको *एक यात्रा : अनेक बिसौनी* संस्मरणमा कलकत्ता सहरको परिवेश वर्णन गर्दै *सिटी अफ ज्वाय*का लेखक फ्रान्सेली साहित्यकार डोमिनिक लापियरलाई नेपथ्यीय पात्रका रूपमा चर्चा गरिएको छ । पात्रको वर्णन गर्ने क्रममै गोतामेले यस संस्मरणमा पश्चिम बङ्गालका मुख्यमन्त्री विधानचन्द्र रायको चर्चा गर्दै आफू विधानचन्द्रको देहान्तकै दिन कलकत्ता पुगेको विषय उल्लेख गरेका छन् । गोतामेले रामबाबु कार्कीको चर्चा गर्दै आफ्नो र रामबाबुको जिउडालमा समानता रहेको कुरा प्रस्तुत गरेका छन् । गोतामेले कलकत्ताको परिवेशमा रहेका नन्दु, पसलका सेठहरू, पुलिसकर्मीहरू, पुलिसको इन्स्पेक्टर जुँगे शर्मा नामका पात्रहरूको घटनाक्रमहरूसँगै लामो वर्णन गरेका छन् । गोतामेको यस संस्मरणमा कलकत्ताको परिवेश र घटनामा थुप्रै पात्रहरू प्रसङ्गैपिच्छे आइरहन्छन् भने नेपालका परिवेश र घटनामा थोरै पात्रहरू प्रयोग भएका छन् ।

### ४.५.३ उद्देश्य

गोतामेको संस्मरणको मुख्य उद्देश्य भनेको तत्कालीन समयमा देखेभोगेका विषयवस्तु, घटनावली तथा तत्कालीन समयका विकृति, विसङ्गति पाठकसामु प्रस्तुत गर्नु नै हो । त्यसरी

नै उनले कलकत्ता भ्रमणका बेला आफूले व्यवहार गरेका व्यक्तिहरूको चरित्र, त्यस परिवेशका परिदृश्यहरूलाई स्मरण गरी पाठकसामु उजागर गर्नु यस संस्मरणको उद्देश्य देखिन्छ । यसप्रकार गोतामेको संस्मरणमा रहेको वर्णित विषय, परिवेश र पात्रहरूको सहजताले लेखकले आफ्नो यथार्थ भोगाइ पस्कन खोजेको प्रस्ट देखिन्छ ।

## ४.५.४ परिवेश

तेह्र पृष्ठ खर्चिइएको यस संस्मरणमा भारतको कलकत्ता सहर र त्यहाँको कोलाहलयुक्त वातावरण, दुःख एवम् कष्टसाध्य जीवन अनि सन्त्रासमय बसाइँलाई यस संस्मरणमा परिवेशका रूपमा गोतामेले अभिव्यक्ति दिएका छन् ।

## ४.५.५ भाषाशैली

सरल र सहज भाषाको प्रयोग गरे पनि मेजिस्ट्रेट, हेवड्र्स, ह्विस्की, इन्स्पेक्टर, उकयार्ड, क्रेटजस्ता अनेक अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । त्यसरी नै गोतामेले कलकत्ताको परिवेशमा स्मरण गरेको यो लामो संस्मरणमा 'जवा है मुहब्बत हँसी है जमाना, लुटाया है दिन ने खुसीका खजाना ...'[६] जस्ता हिन्दी गीतका अंशहरू र 'आपको कष्ट हुवा, आप जाइए'[७], 'कागा होयन उजरो, सय मन साबुन धोय'[८], 'देखते जाओ सब खेल उसीका है'[९] जस्ता हिन्दीका वाक्यहरू प्रयोग गरेका छन् । विषयवस्तुको विशृङ्खलित लम्बाइमा कलकत्ताको परिवेश र त्यहाँको वस्तुस्थितिमा आफ्नो जीवन भोगाइ प्रस्तुत गर्नु गोतामेको वैचारिक अभीष्ट यस संस्मरणमा व्यक्त भएको पाइन्छ ।

## ४.५.६ दृष्टिबिन्दु

गोतामेको *एक यात्रा : अनेक बिसौनी* संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा केन्द्रित रचना हो । यसमा गोतामेले सबै विषयवस्तु र घटनावली 'म' र 'हामी' शब्दबाट प्रस्तुत गरेका छन् । प्रसङ्गवश कतैकतै गोतामेले 'उनीहरू' सँग सम्बन्धित विषयको छोटो वर्णन पनि गरेको पाइन्छ । तर पनि समग्र संस्मरणमा 'म' पात्रले विषयवस्तु स्मरण गरी आफ्ना अनुभूतिहरू प्रस्तुत गरेको पाइन्छ । यसप्रकार यो संस्मरण प्रथमपुरुष कथन ढाँचामा संरचित रचना हो भन्ने प्रस्ट हुन्छ ।

---

६ पूर्ववत्, पृ. २४ ।

७ पूर्ववत्, पृ. २७ ।

८ पूर्ववत्, पृ. २९ ।

९ पूर्ववत्, पृ. ३३ ।

## ४.६ मौलिक स्वादको आनन्द

### ४.६.१ विषयवस्तु

*मौलिक स्वादको आनन्द* संस्मरण गोतामेको सुदूरपश्चिमको भ्रमण र त्यहाँका यावत् घटना समावेश गरिएको संस्मरण हो । यसमा गोतामेले आफू र मन्त्री खड्गबहादुर सिंहको सहयात्रालाई विषयवस्तु बनाएका छन् । यस संस्मरणमा गोतामे र खड्गबहादुर सिंहको भ्रमणमा भएका घटनाहरूको जानकारी तथा धनगढीबाट निकै टाढा इमिलिया क्याम्पमा श्री ५ को सवारी भएको घटनालाई प्रस्तुत गरेका छन् । उनले इमिलिया क्याम्पमा श्री ५ को सवारी भएका बेला आफू दौडाहा सचिव भएको र क्याम्पमा दर्जाअनुसारको पेयपदार्थ र खाद्यपदार्थको पनि दर्जा रहेको जानकारी दिएका छन् । गोतामेको यस संस्मरणमा विषयवस्तु, घटनावली र परिवेशसमेत छिटोछिटो परिवर्तन भएका छन् भने सानातिना घटनाहरूसमेत निकै प्रभावशाली रूपमा प्रस्तुत भएका छन् ।

### ४.६.२ पात्र

गोतामेको *मौलिक स्वादको आनन्द* शीर्षकको संस्मरणमा विषयवस्तु र घटनापरिवर्तन सँगै भिन्नाभिन्न पात्रहरूको प्रयोग गरिएको छ । उनले यस संस्मरणमा तत्कालीन सहायकमन्त्री खड्गबहादुर सिंहलाई निकै रमाइलो पात्रका रूपमा प्रयोग गरेका छन् । गोतामेका यस संस्मरणमा नारायदत्त भट्ट, धनगढीका बडाहाकिम लीलाराज आङ्दम्बे, कारिन्दा मोहनबहादुरलाई पात्रका रूपमा प्रस्तुत गरेका छन् । गोतामेले धनगढीकै परिवेशमा प्रेमराज आङ्दम्बे, सरदार विष्णुमणिलाई पात्रका रूपमा प्रयोग गरेका छन् । उनले धनगढीपछि कर्णाली अञ्चलको भ्रमणका क्रममा तत्कालीन अञ्चलाधीश मनमोहन मिश्रको पनि चर्चा गरेका छन् भने राजा महेन्द्रलाई पनि पात्रकै रूपमा चिनाएका छन् । यसप्रकार गोतामेको यस संस्मरणमा वर्णित पात्रहरू सबै मञ्चीय तथा घटनाका प्रत्यक्ष भोक्ताका रूपमा प्रयोग भएका छन् । लेख स्वयम् 'म' पात्रका रूपमा रहेर विषयवस्तु र घटनावलीहरूलाई गतिमान तुल्याएको देखिन्छ ।

### ४.६.३ उद्देश्य

ध.च. गोतामे आफूले देखेभोगेका विषय र घटनालाई प्रस्तुत गर्ने संस्मरणकार हुन् । उनका अधिकांश संस्मरणहरू आफू कर्मचारी भएर काम गर्दाका र स्वदेश-विदेश भ्रमणमा भए गरेका कार्यहरूसँग सम्बन्धित छन् । ध.च.को यो *मौलिक स्वादको आनन्द* शीर्षकको संस्मरण पनि स्वदेश भ्रमणकै बेलाका विषयवस्तु र घटनामा आधारित संस्मरण हो । गोतामेको यस संस्मरणको मुख्य उद्देश्य आफू कर्मचारी भएर धनगढी र कर्णाली अञ्चल भ्रमणमा गएका बेलाका घटना प्रस्तुत गर्नु हो । गोतामेले यसमा तत्कालीन सहायकमन्त्री खड्गबहादुर सिंह तथा अन्य कर्मचारीहरू र तत्कालीन राजा महेन्द्रको कर्णाली भ्रमण र उनको सिकारको सौखलाई प्रस्तुत गर्ने मुख्य उद्देश्य बनाएको देखिन्छ ।

### ४.६.४ परिवेश

नौ पृष्ठमा लेखिएको यस संस्मरणमा धनगढी, कर्णाली, सेती र भेरी अञ्चल तथा धनगढीको इमिलिया क्याम्प नै विशेष परिवेशका रूपमा आएका छन् । यस संस्मरणमा सरल भाषाले विषयवस्तुलाई गति प्रदान गरेको छ ।

### ४.६.५ भाषाशैली

गोतामेको *मौलिक स्वादको आनन्द* शीर्षकको संस्मरण सरल र सोझो गद्य भाषामा लेखिएको संस्मरण हो । यस संस्मरणमा गोतामेले सरल तत्सम र तद्भव शब्दहरू प्रयोग गरेका छन् । कतैकतै ह्याङ्ग ओभर, क्याम्प, स्टेनगन, राइफल, ग्याजेटेड, ल्यान्डरोभर, ह्विस्की, क्राभेन आदि अङ्ग्रेजी शब्दहरू प्रयोग गरे पनि यस संस्मरणको भाषा त्यति जटिल देखिँदैन । यसमा गोतामेले देखेभोगेका विषय र घटनाहरू स्मरण गरी निजात्मक शैलीमा प्रस्तुत गरेका छन् । विषय र घटनालाई सरसर्ती वर्णन गरिएकाले प्रस्तुतिको ढाँचा वर्णनात्मकतातिर समेत उन्मुख रहेको पाइन्छ । समग्रमा हेर्दा गोतामेको यो संस्मरण सरल, सहज र बोधगम्य भाषाशैलीमा प्रस्तुत छ ।

### ४.६.६ दृष्टिबिन्दु

गोतामेको *मौलिक स्वादको आनन्द* शीर्षकको संस्मरण प्रथमपुरुषीय दृष्टिबिन्दुमा संरचित छ । विषयवस्तु र समग्र घटनावलीहरूमा लेखक स्वयम् 'म' पात्रका रूपमा प्रस्तुत भएका छन् । गोतामेले कतैकतै संवादको भाषा प्रयोग गरी कथन ढाँचामा केही अलमल पारेको भए पनि समग्र संस्मरण लेखकको 'म' पात्रमा केन्द्रित रहेको पाइन्छ । यसप्रकार गोतामेको *मौलिक स्वादको आनन्द* प्रथमपुरुष कथन ढाँचामा निर्मित रचना हो ।

## ४.७ हिउँ पग्लियो

### ४.७.१ विषयवस्तु

*हिउँ पग्लियो* शीर्षकको संस्मरणमा गोतामेले आफू दौडाहामा सचिव रहेकै बेला हेलिकप्टरबाट जुम्ला गएको र रसियन पाइलटहरू धेरै मोटा भएको र उनीहरूले धेरै दारु पिएर हेलिकप्टर उडाएको प्रसङ्ग उल्लेख गरेका छन् । यसमा जुम्लामा रहेका तत्कालीन अञ्चलाधीश मनमोहन मिश्रको कार्यशैली र स्वभावको समेत चर्चा गरेको पाइन्छ । यस संस्मरणमा गोतामेले आफू र मनमोहन मिश्र बारा जिल्लाको बासिन्दा भएको र २००५/०६ सालतिर नै सामान्य मनमुटाव भएको तथा मनमोहन मिश्रले निकै दु:ख दिन खोजेको कुरा

प्रस्तुत गरेका छन् । जुम्लाको चिसो हावापानी, त्यहाँका मानिसको रहनसहन, गरिबी तथा घोर दरिद्रतामा जीवन धान्ने जुम्लीहरूको यौन र सामाजिक अन्यायका विषयलाई यस संस्मरणले प्रस्तुत गरेको छ । गोतामेले जुम्लामा जाडो बढी भएको र स्नानका निम्ति तातोपानीको प्राकृतिक स्रोतमा पुग्दा देखेको चरीनाङ्गा स्वरूपका महिलाहरूको जलक्रीडालाई समेत विषयभित्र समेटेका छन् । यसमा जुम्लाको जड्यानको चामल तथा जुम्लापछि विभिन्न जिल्लाका अड्डा-अदालतहरूको निरीक्षण गर्दै र उजुरबाजुर सुन्दै अछामको स्वाँर बस्तीको भ्रमण गरेको कुरा प्रस्तुत गरिएको छ । गोतामेले अछाम घर भएका एक कर्मचारीलाई बिदा दिँदा मन्त्री खड्गबहादुर रिसाएको र त्यस दिनको रात्रिभोजमा आफू नजाँदा खड्गबहादुर आफै लिन आएर मित्रवत् व्यवहार गरी आफूले आवेशमा विवाद गरेको स्वीकार गरी हात मिलाएको मार्मिक प्रसङ्ग प्रस्तुत गरेका छन् ।

## ४.७.२ पात्र

गोतामेले *हिउँ पग्लियो* संस्मरणमा जुम्ला खलङ्गाको यात्रामा हेलिकप्टरबाट जाँदा आफ्ना साथमा रहेका खड्गबहादुर र चार रुसी पाइलटहरूलाई पात्रका रूपमा उभ्याएका छन् । संस्मरणभरि प्रसङ्ग र घटनापिच्छे अन्य पात्रहरू परिवर्तन भए पनि 'म' पात्र भने एकोहोरो विषयको वर्णनमा रहिरहन्छ । भ्रमणमण्डलीका खरिदार मोहनबहादुर, तत्कालीन कर्णालीका अञ्चलाधीश मनमोहन मिश्रलाई यस संस्मरणमा घटनाका प्रमुख पात्रका रूपमा चर्चा गरिएको छ । विशेष गरी जुम्ला खलङ्गाको परिवेशमा जुम्लाका केही सर्वसाधारण पात्रहरूलाई नेपथ्यीय पात्रका रूपमा चर्चा गरिएको छ । यस संस्मरणमा अछामको परिवेशमा पुग्दा नृपबहादुर स्वाँर र बमबहादुर कठायतलाई पनि पात्रका रूपमा प्रयोग गरिएको छ । यसप्रकार गोतामेले *हिउँ पग्लियो* शीर्षकको यस संस्मरणमा जुम्ला र अछामको परिवेशमा थोरै पात्रको सेरोफेरोभित्र विषयवस्तु र घटनावलीलाई गतिमान बनाएका छन् ।

## ४.७.३ उद्देश्य

गोतामेको संस्मरण लेखनको उद्देश्य तत्कालीन शासकवर्ग, कर्मचारीतन्त्र तथा सामाजिक विकृति-विसङ्गतिको उजागर गर्नु रहेको देखिन्छ । यस संस्मरणमा पनि उनले जुम्ला यात्राका क्रममा रहेका रुसी पाइलटहरूको गतिविधि, आफ्ना सहकर्मी साथीहरूको व्यवहार तथा उच्चपदस्थ शासकहरूले निमुखा कर्मचारीमाथि गरेको व्यवहार प्रस्तुत गरेका छन् । गोतामेको यस संस्मरणले तत्कालीन जुम्ला र अछामको परिवेश, त्यहाँको वस्तुस्थिति तथा उच्चपदस्थ शासकवर्गले गरेको व्यवहारलाई प्रस्तुत गर्ने मुख्य उद्देश्य लिएको देखिन्छ ।

### ४.७.४ परिवेश

जुम्लाको खलङ्गा, तातोपानी, अछामको मङ्गलसेन, बयलपाटाको स्वाँरबस्ती र हेलिकप्टरभित्रको रोमाञ्चक परिवेशको चित्रण गरेर आठ पृष्ठमा लेखिएको यस संस्मरणको विशेषता नै विषय, घटनावली र परिवेश परिवर्तन भइरहनु हो ।

### ४.७.५ भाषाशैली

यस संस्मरणमा सरल, सहज र सोझो गद्य भाषाको प्रयोग गरिएको छ । गोतामे तराईबासी भएकाले उनको भाषिक प्रस्तुतिमा 'पुरनका हिसाब त नैखे चुक्ता करके ? हउ तुस मन मे बडले बा का ?'[१०] जस्ता भोजपुरी भाषाको प्रयोग यत्रतत्र पाइन्छ । निजात्मक अनुभूतिहरूलाई सम्हाल्दै संस्मरणात्मक शैलीमा विषयवस्तुले गति प्राप्त गरेको यस संस्मरणमा कमलो मन भएको मान्छे धेरै समयसम्म अडान लिएर बस्न सक्दैन, हिउँझैँ पग्लिन थाल्छ भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।

### ४.७.६ दृष्टिबिन्दु

गोतामेको *हिउँ पग्लियो* शीर्षकको संस्मरण जुम्ला र अछामको भ्रमणलाई स्मरण गरिएको रचना हो । यसमा विभिन्न पात्रहरूसँगको नाटकीय संवाद पनि प्रस्तुत गरिएको छ तथापि समग्र संस्मरणमा लेखक 'म' पात्रका निजात्मक अनुभूतिहरू नै प्रस्तुत भएका छन् । संस्मरणको सुरुदेखि नै समग्र घटनावलीहरूमा 'म' पात्र आफ्ना भोगाइहरू व्यक्त गरिरहन्छ । यसप्रकार गोतामेको यस संस्मरणमा प्रथमपुरुष दृष्टिबिन्दु रहेको प्रस्ट देखिन्छ ।

## ४.८ विषवृक्षको छायामुनि

### ४.८.१ विषयवस्तु

*विषवृक्षको छायामुनि* शीर्षकको संस्मरणमा गोतामेले आफ्ना दुई मुसलमान मित्रहरूसँगको सहयात्रालाई विषयवस्तु बनाएका छन् । उनको बालसखा अमीनसँग बिताएको बालापन, विद्यालयका दिनहरू र एकान्तमा हुने अश्लील शब्दप्रयोग तथा पटनामा पढ्दा अमीन प्रथम र आफू दोस्रो भएको विषय यस संस्मरणमा समेटिएको छ । गोतामे सन् १९५० पछि काशीको डी.ए.बी. कलेजमा पढ्न थालेका र अमीन डाक्टर पढ्न थालेको कुरा

---

१० पूर्ववत्, पृ. ४६ ।

संस्मरणमा वर्ण्य विषय बनेको छ । गातामेका अर्का मित्र डा. हई खाँ थिए । उनी लन्डनमा डाक्टरी पढ्थे । गोतामे र खाँको ठूलो भएपछि भेट भएको भए पनि बालसखाझैँ आत्मीयता बढ्दै गएको थियो । यस संस्मरणमा गोतामेले अमीन र खाँबीचको मित्रता तथा कटुता दुवैलाई प्रस्ट पारेका छन् । गोतामेले लन्डनमा खाँ र अमीनसँग बिताएका पलहरू तथा अमीन र खाँबीचको मनोवैज्ञानिक उतारचढाव यस संस्मरणका रोचक पक्ष हुन् । अमीन र खाँ चिकित्सा विज्ञानका सर्वोच्च विद्वान् भए पनि दुवैको बीचमा भएका ईर्ष्या, द्वेष, रिसरागले विक्षिप्त हुँदै मनोरोगी भएर मृत्यु भएको घटनालाई गोतामेले संस्मरण गरेका छन् । डाक्टरी अध्ययनपछि वीरगञ्जलाई नै कार्यक्षेत्र बनाएका दुई मित्रहरूको विद्वेषका कारण मनोरोगी भएर मृत्यु भएको घटना प्रस्तुत गर्दै गोतामेले ती दुई मित्रहरूसँगको सङ्गतलाई विषवृक्षको छायामुनि बिताएका पलसँग तुलना गरेका छन् ।

## ४.८.२ पात्र

गोतामेले *विषवृक्षको छायामुनि* शीर्षकको संस्मरणमा दुई पात्रहरूको विद्वता र विद्वेषको स्थितिले पैदा गरेको घटनालाई अभिव्यक्ति दिएका छन् । यसमा गोतामेले मुहम्मद अमीन र हई खाँ नामका दुई पात्रको प्रयोग गरेका छन् जसको विद्वता उच्च हुँदाहुँदै पनि ती पात्रहरू एकअर्काको विद्वेषका कारण मनोरोगी भएर समाप्त हुन्छन् । यीबाहेक गोतामेले यस संस्मरणमा डा. दिनेशनाथ गोङ्गल, डा. रामबहादुर, डा. फत्तेबहादुरलाई पात्रका रूपमा निकै चर्चा गरेका छन् । त्यसरी नै गोतामेले डा. मृगेन्द्रराज पाण्डे र डा. योगेन्द्रभक्तलाई पात्रकै रूपमा सामान्य चर्चा गरेका छन् । यसरी गोतामेको यस संस्मरणमा थोरै पात्रहरू प्रस्तुत भएका छन् र बौद्धिकस्तरका हुँदाहुँदै पनि दुवैमा रहेको विद्वेषका कारण पैदा भएको दु:खद घटनालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

## ४.८.३ उद्देश्य

गोतामेको *विषवृक्षको छायामुनि* शीर्षकको संस्मरणमा आफूसँग मिल्ने दुई मित्रहरू मुहम्मद अमीन र हई खाँको बौद्धिकस्तरलाई देखाउने उद्देश्य राखिएको छ भने उनीहरूबीच उत्पन्न विद्वेषको स्थितिले सृजना भएको दु:खद घटना प्रस्तुत गर्ने उद्देश्य पनि रहेको देखिन्छ । यसबाहेक गोतामेले दुई मित्रहरूका बीचमा जे-जस्तो सम्बन्ध रहे पनि आफूसँग दुवैको घनिष्ट सम्बन्ध रहेको भन्दै यस संस्मरणमा गोतामेले दुवैले विषाक्त विचार बोकेर मृत्युवरण गरेको घटना प्रस्तुत गरेका छन् । आफ्ना घनिष्ट मित्रहरूले बेहोरेको अभिन्न व्यवहार पस्कनु नै यस संस्मरणको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.८.३ परिवेश

नौ पृष्ठमा लेखिएको यस संस्मरणमा संस्मरणकार गोतामेले वीरगञ्ज र यस आसपासको क्षेत्रहरू कुमालटोल, छपकैया, रक्सौल, हजारीमल हाइस्कुलका साथै काशीको डी.ए.बी. कलेज र लण्डनलाई परिवेशका रूपमा उतारेका छन् ।

### ४.८.५ भाषाशैली

प्रस्तुत संस्मरणमा गोतामेले भोजपुरी भाषाको प्रयोग गरेको पाइन्छ । वीरगञ्जको परिवेशलाई समेट्दै 'पाँच मिनट लेट भैलासे कौनो उखडेवाला नइखे'[११] जस्ता भोजपुरी भाषाको प्रयोग भएका छन् । निजात्मक अनुभूतिहरूलाई समेट्दै आत्मपरक शैलीमा विषयवस्तुलाई गति प्रदान गरिएको पाइन्छ । गोतामेले यस संस्मरणमा सजिला तत्सम शब्दका साथै केही अङ्ग्रेजी शब्दहरू पनि प्रयोग गरेका छन् । समग्रमा हेर्दा गोतामेको यस संस्मरणमा भाषिक जटिलता देखिए तापनि भाषाशैली बोधगम्य, सहज र सरल छ ।

### ४.८.६ दृष्टिबिन्दु

*विषवृक्षको छायामुनि* शीर्षकको संस्मरण प्रथम पुरुषीय कथन ढाँचामा संरचित संस्मरण हो । यसका घटनाहरूमा 'म' पात्रले सम्पूर्ण विषयवस्तुहरूको स्मरण गरेको पाइन्छ । कतैकतै पात्रहरूसँग 'म' पात्रले संवादको शैलीमा आफ्ना कथनहरू व्यक्त गरेको पनि देखिन्छ तथापि समग्र संस्मरणमा 'म' पात्रका निजी अनुभूतिहरू व्यक्त भएका छन् । यसप्रकार गोतामेको प्रस्तुत संम्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित संस्मरणात्मक निबन्ध हो ।

## ४.९ तेस्रो व्यक्ति

### ४.९.१ विषयवस्तु

*तेस्रो व्यक्ति* २००९ सालमा आफू नेकपाको प्रान्तीय कमिटी सचिव भएर सेल गठन गर्न राजविराज गएका बेलाको घटनालाई विषय बनाइएको संस्मरण हो । यसमा गोतामेले आफू भूमिगत भएर शिक्षकका रूपमा राजविराज पुगेको र त्यहाँ राजनैतिक कार्यकर्ता पाउन निकै गाह्रो भएको अवस्था देखाएका छन् । यस संस्मरणमा गोतामेले कमर शाह पढेलेखेको युवक मार्क्स र लेनिनको अध्ययनमा लागेकाले आफ्नो अभीष्ट सिद्ध हुनेमा आशावादी भएको

---

११ ऐजन ।

चर्चा गरेका छन् । कमर शाहकै माध्यमले कृष्णराज वर्मा पनि भेट भएकाले कमिटी गठन गर्न सफल हुनेमा आशावादी हुँदै यिनले लालसलाम गरी तेस्रो व्यक्तिको आवश्यकता देखाउँदै विषयवस्तु अघि बढाएका छन् । गोतामेले भेट भएका साथीहरूको पारिवारिक अवस्थाको समेत प्रसङ्ग जोड्दै रात्रिभोजमा सरिक हुन गएको तर आफूहरूले खोजिरहेको तेस्रो व्यक्तिले गाउँको जमिन्दार धनाढ्यहरूलाई दु:ख दिएको भन्दै भोलि नै पक्राउ गरी खोरमा हाल्ने वाचा डि.एस.पी.ले गर्दा निकै त्रस्त भएको प्रसङ्ग यस संस्मरणमा उल्लेख गरेका छन् । गोतामेले तेस्रो व्यक्ति पुण्डरीकलाई पुलिसले समाउनुपूर्व नै आफूहरूले बचाएर ल्याएको तथा तीन सदस्यको सेल गठन गरी वीरगञ्जमा रहेको आफ्नो घर ल्याएको र आफ्ना पिताको सहयोगले बेतौनामा आफ्ना साथीहरू र अन्य कमरेडहरूले बिताएका पलहरूको चर्चा गरेका छन् । केन्द्रीय समिति र पोलिटब्युरोका वरिष्ठ नेताहरूसँग वीरगञ्ज बैठक बस्न नसकेको अवस्था तथा बेतौनामा एकदिन बैठक बसेर गर्मीले पीडित साथीहरूसँग तीयर नदीको निर्जनतामा निर्वस्त्र नुहाएको प्रसङ्ग चाखलाग्दो गरी गोतामेले प्रस्तुत गरेका छन् । गोतामेले पुण्डरीकलाई पुलिसबाट बचाउन विराटनगर लगेको र आफ्नो ससुरालीमा राखेको तथा पछि पार्टी फुटेपछि सबै साथीहरू आ-आफ्ना बाटा लागेको तीतो यथार्थ प्रस्तुत गरेका छन् ।

## ४.९.२ पात्र

*तेस्रो व्यक्ति* शीर्षकको यस संस्मरणमा लेखक ने.क.पा.को प्रान्तीय कमिटीको सचिव भएर तत्कालीन दक्षिण गण्डक प्रान्तमा सक्रिय भएका समयमा व्यवहार गरिएका व्यक्तिहरूलाई पात्रका रूपमा प्रयोग गरिएको छ । यसमा गोतामेले स्कुले विद्यार्थीहरू कुबेर र तीर्थ नामका किशोरहरूलाई पात्र बनाएका छन् । आफू विद्यालयका शिक्षक रहेर पार्टीको कार्य गर्दै हिँडेका लेखकले कमर शाहलाई पात्रका रूपमा सामान्य चर्चा गरेका छन् । त्यसरी नै यसमा गोतामेले मार्क्स र लेनिनका समेत कुरा गर्दै कृष्णराज वर्मा, डी.एस.पी. तथा अन्य प्रहरीहरूलाई पात्रका रूपमा चर्चा गरेका छन् । गोतामेले आफू पार्टीको काम गर्न गुप्तचरजस्तो भएर राजविराजको गाउँमा कार्य गर्दा एक अर्याल थरका पुण्डरीक पात्रको चर्चा गरेका छन् भने अन्य डा. हैदर, कमाल शाह, आफ्नै मातापिता तथा मनमोहन, पुष्पलाल, तुलसीलाल, डी.पी. अधिकारी, नरबहादुर, निरञ्जनगोविन्द वैद्य, राधाप्रसाद, शैलेन्द्र, द्रव्यमान, शम्भुरामलाई समेत पात्रका रूपमा सामान्य चर्चा गरेका छन् । गोतामेले यसमा सबै पात्रहरूलाई राजनीतिक कार्यकर्ताका रूपमा प्रस्तुत गरेको पाइन्छ । यस संस्मरणमा गोतामेले सबै पात्रहरूलाई क्रियाशील तथा जिम्मेवार पात्रका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.९.३ उद्देश्य

गोतामेका संस्मरणहरूको उद्देश्य आफूले देखेभोगेको विषय र आफ्नो कार्यकालमा आफूसँग ठोक्किन आएका पात्रहरूको वस्तुयथार्थ पाठकसामु प्रस्तुत गर्नु नै हो । उनले यस संस्मरणमा पनि आफू राजनैतिक कार्यकर्ता भएर राजविराज पुगेका बेला देखेका, भोगेका तथा त्यहाँका व्यक्ति पात्रहरूले गरेका कार्यहरूलाई प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ । उनले राजनैतिक कार्यभार लिएका बेला आफूले पाएको दु:ख, अप्ठ्यारो अवस्था तथा आफ्नो कार्यको सफलता-असफलतालाई समेत प्रस्तुत गर्ने उद्देश्यले यस संस्मरणको रचना गरेको देखिन्छ ।

### ४.९.४ परिवेश

बाह्र पृष्ठमा लेखिएको यस संस्मरणमा गोतामेले तत्कालीन राजनैतिक अवस्था तथा राजनीतिले सृजना गरेका अप्ठ्यारा परिस्थितिका बारेमा राजविराजको परिवेशमा हिन्दीको प्रभाव देखाउँदै उखान र हिन्दी-भोजपुरी वाक्य प्रयोग गरेको पाइन्छ । प्रस्तुत संस्मरणमा गोतामेले वीरगञ्ज, नेपालगञ्ज, बेतौना, विराटनगर र राजविराजको क्षेत्रलाई मुख्य परिवेशको रूपमा चित्रण गरेका छन् ।

### ४.९.५ भाषाशैली

सामान्य तत्सम शब्दहरू, कतै अङ्ग्रेजी शब्दको प्रयोगले भाषिक चमत्कार थपेको पाइन्छ । गोतामेले राजविराजको परिवेशमा हिन्दीको प्रभाव देखाउँदै उखान र हिन्दी भोजपुरी वाक्य प्रयोग गरेको पाइन्छ । ‘लाद हो लदादो लद्दापुर पहुँचादो’ हिन्दी उखान, ‘इस बेसर्मीकी दवा आप के होमियोपैथीमें कहाँ, लुकमान हकीम के पास भी नहीं होगी’ जस्ता हिन्दीका वाक्यहरू यत्रतत्र प्रयोग गरेका छन् । गोतामेले यस संस्मरणमा आफू राजनीतिकर्मी भएर राजविराजमा क्रियाशील भएका बेलाको घटनालाई निजात्मक शैलीमा प्रस्तुत गरेका छन् । गोतामेले यस संस्मरणमा विषयवस्तुको वर्णनसँगै भाषा सरल ढङ्गबाट प्रस्तुत गर्नुका साथै वर्णनात्मक शैलीमा सहजता र बोधगम्यता पाइन्छ ।

### ४.९.६ दृष्टिबिन्दु

गोतामेको *तेस्रो व्यक्ति* शीर्षकको संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित छ । लेखकले निजात्मक अनुभूतिहरूलाई समेटी यथार्थ घटनाहरू प्रस्तुत गरेको यस संस्मरणमा

समग्र विषयवस्तुको भोक्ता प्रथम पुरुषीय 'म' पात्र रहेको छ । यसप्रकार *तेस्रो व्यक्ति*को जिज्ञासा निदान गरी गोतामेले यस संस्मरणको शीर्षकसमेत सार्थक तुल्याएको देखिन्छ ।

## ४.१० बाघको मुख रातो

### ४.१०.१ विषयवस्तु

*बाघको मुख रातो* शीर्षकको संस्मरणमा गोतामेले आफू रेडियो नेपालको कर्मचारी हुँदा २०१७ फागुन १५ गते संयुक्त अधिराज्यकी महारानी एलिजाबेथ द्वितीयाले गरेको काठमाडौँ भ्रमणलाई विषय बनाएका छन् । श्री ५ महेन्द्रले राज्यसत्ता हातमा लिएकाले एलिजाबेथको भ्रमणका विरोधमा भएका घटना तथा गोतामे स्वयम्ले गरेको टुँडिखेलको रेडियो उद्घोषको कमजोरीलाई समेत यस संस्मरणको वर्ण्य विषय बनाइएको छ । उनले यस संस्मरणमा एलिजाबेथको तेस्रो दिनको भ्रमण पाटनका लागि भएको र त्यसै दिन हनुमानढोकाको यात्रासमेत भएको चर्चा गरेका छन् । त्यस यात्रामा एलिजाबेथसँग आएका परराष्ट्रमन्त्री लर्ड ह्यूममाथि पुऱ्याएको असहज वातावरणको समेत चर्चा गर्दै तीर्थराज तुलाधर र सचिव सुरेन्द्रराज शर्मासँग बिताएका ठट्यौलीपूर्ण समयलाई पनि यस संस्मरणमा विषय बनाइएको छ । सचिव सुरेन्द्रराज चतुर मानिस भएकाले पञ्चायती व्यवस्थामा उनी उन्नति र प्रगतिका पथमा उक्लेको प्रसङ्ग उल्लेख गर्दै पछि प्रधानमन्त्री रिजालले सचिव सुरेन्द्रराज शर्मालाई घुस दिन २५ हजारसमेत दिएको विषय यसमा प्रस्तुत छ । तत्कालीन सचिव सुरेन्द्रराज निकै शक्तिशाली भए पनि २०३० सालतिर दरबारबाट आएको अनेक अभियोगमा जेलसमेत हालिएको चर्चा गोतामेको संस्मरणमा विषय बनेको पाइन्छ ।

### ४.१०.२ पात्र

गोतामेको *बाघको मुख रातो* शीर्षकको संस्मरणमा बेलायती महारानी एलिजाबेथ द्वितीया र लर्ड ह्यूमलाई पात्र बनाइएको छ । त्यसताका एलिजाबेथ र लर्ड ह्यूम नेपाल भ्रमणमा आएका थिए । यसरी नै यस संस्मरणमा तीर्थराज तुलाधर, हिरण्यध्वज जोशी, नरप्रताप थापा, धनपति नामका व्यक्तिलाई पनि पात्रका रूपमा प्रयोग गरिएको छ । गोतामेले विभिन्न घटना र प्रसङ्गहरूको उल्लेख गर्दै पात्रहरू सुरेन्द्रराज शर्मा, तत्कालीन प्रधानमन्त्री वी.पी. कोइराला तथा सचिव राधाप्रसाद घिमिरेलाई पात्रका रूपमा चर्चा गरेका छन् । विशृङ्खलित घटना तथा प्रसङ्गको उल्लेख गर्दै गोतामेले यस संस्मरणमा घटनाका टुक्रैपिच्छे भिन्नाभिन्नै पात्रहरू प्रयोग गरेका छन् । यसमा गोतामेले उच्चपदस्थ व्यक्तित्वदेखि लिएर सामान्य कर्मचारीसमेतलाई पात्रका रूपमा प्रयोग गरी संस्मरणलाई गतिमान बनाएका छन् ।

## ४.१०.३ उद्देश्य

गोतामेको *बाघको मुख रातो* शीर्षकको संस्मरणमा २०१७ फागुन १५ मा महारानी एलिजाबेथको नेपाल भ्रमणको गतिविधिलाई प्रस्तुत गर्ने उद्देश्य बनाइएको छ । यसमा गोतामेले त्यसबेलाका पत्रकारहरूको अवस्था, बाटोघाटोको अवस्था र गाडीहरूको यथार्थ अवस्थाको राम्रो चित्रण गरेका छन् । गोतामेले यस संस्मरणमा वी.पी. कोइरालाको भारत भ्रमणपछिको सामान्य अवस्थाको चर्चा गर्दै २०३१ सालतिर नगेन्द्रप्रसाद रिजाल प्रधानमन्त्री भएका बेलाको र अन्य कार्यालयको हाकिम, कर्मचारीहरूको कार्यप्रणालीको प्रस्तुतिलाई उद्देश्य बनाएको देखिन्छ । यसप्रकार गोतामेले यस संस्मरणमा तत्कालीन नेपालमा एलिजाबेथको भ्रमणको विषय र त्यसपछि २०३०/३१ सालतिरको सामान्य घटनाहरूलाई उद्देश्य बनाएर प्रस्तुत गरेको देखिन्छ ।

## ४.१०.४ परिवेश

घटना र विषयवस्तुको चित्रण गर्न नौ पृष्ठ खर्चिइएको यस संस्मरणमा पञ्चायतकालीन वितण्डालाई मुख्य विषय बनाइएको छ र काठमाडौँको टुँडिखेल, पाटन र हुनमानढोका तथा बालुवाटार परिवेशका रूपमा प्रयोग भएका छन् । निजात्मक अनुभूतिहरूलाई विशृङ्खलित रूपमा प्रस्तुत गर्दै गोतामेले सरल भाषामा विषयवस्तुलाई गति प्रदान गरेका छन् । पञ्चायतकालीन गतिविधि र कर्मचारीमा हुने तँछाडमछाडले सृजना गरेका आरोह-अवरोहलाई प्रस्तुत गर्ने विचारले यो संस्मरण सृजना भएको प्रस्ट हुन्छ ।

## ४.१०.५ भाषाशैली

*बाघको मुख रातो* शीर्षकको संस्मरणमा गोतामेले सरल र बोधगम्य गद्य भाषाको प्रयोग गरेका छन् । सरल र सहज तत्सम तथा तद्भव शब्दको प्रयोग गरी लेखिएको यस संस्मरणमा गोतामेले अभिधेयार्थ भाषाको प्रयोग गरेका छन् । गोतामेले विषयवस्तु र घटनावलीको वर्णन गर्दै निजात्मक अनुभूतिहरू प्रस्तुत गरेको यस संस्मरणमा निजात्मक शैलीको प्रयोग गरेका छन् । पञ्चायतकालीन वितण्डालाई विषय बनाइएको यस संस्मरणमा निजात्मक अनुभूतिहरूलाई विशृङ्खलित रूपमा प्रस्तुत गर्दै गोतामेले सरल भाषामा विषयवस्तुलाई गति प्रदान गरेका छन् ।

### ४.१०.६ दृष्टिबिन्दु

*बाघको मुख रातो* शीर्षकको संस्मरण गोतामेले प्रथमपुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरेका छन् । गोतामेले आफ्नो स्वरलाई प्रच्छन्न रूपमा अभिव्यक्त गर्ने प्रयत्नका साथ 'म' पात्रका माध्यमले तत्कालीन यथार्थ भोगाइलाई अभिव्यक्त गरेका छन् । सम्पूर्ण विषयवस्तु र घटनावलीको प्रस्तुति प्रथमपुरुष 'म' पात्रद्वारा भएको हुनाले यस संस्मरणको कथन ढाँचा प्रथमपुरुष दृष्टिबिन्दुमा रहेको प्रस्ट देखिन्छ ।

## ४.११ घुम्दै फिर्दै रुम्जाटार

### ४.११.१ विषयवस्तु

*घुम्दै फिर्दै रुम्जाटार* शीर्षकको संस्मरणमा गोतामेले आफू पत्रकारिता क्षेत्रमा रहेका बेला भोग्नुपरेका कठिनाइहरूको वर्णन गरेका छन् । यसमा गोतामेले २०४२ आषाढ ६ गते रामराजाप्रसाद सिंहले गरेको बम बिस्फोटनको घटना स्मरण गर्दै त्यसकै तेस्रो दिन सञ्चारमन्त्री पद्मसुन्दर लावतीले फोन गर्न लगाई घुम्दै फिर्दै रुम्जाटार भनेझैँ पहिले नै धेरै वर्ष खाइसकेको सूचना विभागको निर्देशक पद खान बोलाएको प्रसङ्ग उल्लेख गरेका छन् । आफूले पहिले खाइसकेको पद नखाने कुरा मन्त्रीसँग गरे पनि पछि परिवारको आग्रहका कारण सूचना निर्देशकको पद खाएको विषयलाई यस संस्मरणमा उठाएका छन् । उनले संस्मरणमा आफू विभागमा प्रवेश गरेपछि अस्तव्यस्त रहेको त्यसलाई बिस्तारै सुधार गर्दै लगेको कुरा प्रस्तुत गरेका छन् । यस संस्मरणमा गोतामेले सबै कर्मचारी बी.ए., एम.ए. गरेका तर आफू मात्र आइ.ए. गरेको कर्मचारी परेकाले स्थायी हुन र बढुवा हुन निकै कष्ट सहनु परेको कुरा पनि उल्लेख गरेको पाइन्छ । २०१८ सालमा भएको लोकसेवा आयोगको निलम्बनका कारण आफू जागिरमा टिकेको र २०२७ सालमा आफ्नो नाम क्याबिनेटमा पुगेकाले आफू पदमा रहिरहन सकेको चर्चा पनि गोतामेले गरेका छन् । आफ्ना परममित्र टेकबहादुरसँग समान पदमा पहिले नै काम गरिसकेको र अहिले उनी सचिव भएकाले केही अप्ठेरो माने पनि टेकबहादुरले मित्रवत् व्यवहार गरेको प्रसङ्गलाई गोतामेले आफ्नो संस्मरणमा ठाउँ दिएका छन् । गोतामेले सूचना विभागमा आएपछि दुईवटा सङ्कटको सामना गर्नुपरेको प्रसङ्ग उल्लेख गरेका छन् । एउटा राजाको हुकुममा एकरातमा क्यालेन्डर प्रकाशन गरेको र अर्को राजा धनकुटा गएका बेला एक हजारप्रति रामायणको पुस्तक मगाएको प्रसङ्ग उल्लेख गरेका छन् । तीन दिनमा हजारप्रति रामायण मुद्रण गर्न सम्भव नभएको अवस्थामा सबै कर्मचारीसँग बैठक गरी सबैसँग भएका १०/१० प्रति रामायण २०/२० प्रति फिर्ता दिने सर्तमा बटुलेर धनकुटा पठाएको र आफू सङ्कटमुक्त भएको प्रसङ्ग यस संस्मरणमा गोतामेले प्रस्तुत गरेका छन् ।

### ४.११.२ पात्र

गोतामेको *घुम्दै फिर्दै रुम्जाटार* शीर्षकको संस्मरणमा २०४२ आषाढमा बमकाण्ड मच्चाउने रामराजाप्रसाद सिंहलाई पात्रका रूपमा चर्चा गरेका छन् । गोतामेले तत्कालीन सञ्चारमन्त्री पद्मसुन्दर लावती पात्रका रूपमा प्रयोग गरी उनको सक्रिय भूमिकाको राम्रो चर्चा गरेका छन् । यसका साथै गोतामेले टेकबहादुर खत्री, सुरेन्द्रराज शर्मा र सूर्याबाबुलाई पात्र बनाएर उनीहरूको तत्कालीन कार्यालयीय भूमिकाको चर्चा गरेका छन् । यस संस्मरणमा गोतामेले २०२७ सालको विषय उठाउँदै गेहेन्द्रबहादुर राजभण्डारी र चिरनशमशेर थापालाई पात्रका रूपमा प्रयोग गरेका छन् । यसरी नै गोतामेले रमेशकुमार तथा अन्य राजारानी, छोरी आदिलाई नेपथ्यीय पात्रहरूका प्रयोग गरेका छन् ।

### ४.११.३ उद्देश्य

२०४२ साल आषाढको राजतन्त्र विरोधी बमकाण्ड र त्यसपछि सञ्चारमन्त्री पद्मसुन्दर लावतीको कार्यालयमा भएका गतिविधिको प्रस्तुतिलाई उद्देश्यका रूपमा गोतामेले प्रस्तुत गरेका छन् । यसमा गोतामेले तत्कालीन योजना आयोगको क्रियाकलाप, सूचना विभाग र रेडियो नेपालको गतिविधिलाई यथार्थ रूपमा प्रस्तुत गर्ने उद्देश्य बनाएका छन् । २०१७/१८ सालका घटनाहरूलाई प्रस्तुत गर्ने उद्देश्यले पनि यस संस्मरणको सृजना गरेको देखिन्छ । गोतामेले तत्कालीन राजदरबार कर्मचारीहरूका लागि दुश्चिन्ता, पीडा र भयको प्रतीकका रूपमा रहेको भन्दै दरबारबाट पीडित कर्मचारीहरूले भोग्नुपरेका अप्ठ्यारा परिस्थितिलाई उजागर गर्ने उद्देश्य पनि राखेका छन् । समग्रमा तत्कालीन नेपालको राजदरबार र उच्चपदस्थ व्यक्तित्वहरूको जगजगी प्रस्तुत गर्नु नै गोतामेको संस्मरणको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.११.४ परिवेश

घटना र विषयवस्तुको तारतम्य मिलाउन आठ पृष्ठमा लेखिएको यस संस्मरणले गोतामेको निवास, सञ्चारमन्त्रीको क्वाटरको प्राङ्गण, पुलचोक, रेष्टुराँ, सूचना निर्देशकको कार्यालय आदि परिवेश वरण गरेको छ । यिनै परिवेशमा घटेका घटना र छिटोछिटो परिवर्तन हुने विषयवस्तुलाई समेत परिवेशका रूपमा उतारिएको छ ।

### ४.११.५ भाषाशैली

गोतामेको यस संस्मरणमा सोझो गद्य भाषामा देखेभोगेका विषयहरू प्रस्तुत गरिएको छ । गोतामेले सरल र सहज भाषाका शब्द, वाक्य तथा अभिधेय अर्थमा आफ्ना यथार्थ

भोगाइहरूको स्मरण गरी यो संस्मरण सृजना गरेका छन् । गोतामेले निजात्मक अनुभूतिहरूको वर्णन गर्दै निजात्मक शैलीमा विषयवस्तुलाई गति प्रदान गरेका छन् । तत्कालीन पञ्चायती हैकमको यथार्थ स्मरण गर्दै कर्मचारीका लागि दुश्चिन्ता, पीडा र भयको प्रतीकका रूपमा रहेको राजदरबार र त्यसले सृजना गर्ने घटना प्रस्तुत गर्नु गोतामेको विचार रहेको पाइन्छ ।

### ४.११.६ दृष्टिबिन्दु

*घुम्दै फिर्दै रुम्जाटार* शीर्षकको संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित छ । यसमा कथयिता प्रथमपुरुष एकवचनको 'म' पात्रले सम्पूर्ण विषय र घटनावली व्यक्त गरेको छ । कतैकतै गोतामेले संवादात्मक भाषा प्रयोग गरी कथन ढाँचा खजमजिएको जस्तो देखिए पनि यसमा सुरुदेखि अन्तसम्मका विषयवस्तुको 'म' पात्रले एकोहोरो रूपमा स्मरण गरेको देखिन्छ । यसैले प्रस्तुत संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित रहेको स्पष्ट देखिन्छ ।

## ४.१२ चीनको उकालो

### ४.१२.१ विषयवस्तु

*चीनको उकालो* गोतामेको चीन भ्रमण र त्यस भ्रमणले सृजना गरेका विभिन्न घटनाहरू समेटिएको संस्मरण हो । यसमा गोतामेले आफू सूचना विभागमा रहेका बेला सञ्चारको शिष्टमण्डल चीन भ्रमण जाने भएको र सचिव विष्णुप्रताप शाहले आफ्नो नाम हटाउन गरेको षड्यन्त्रको संस्मरण गरेका छन् । प्रधानमन्त्री मचिरमान सिंहलाई बधाइ दिन बालुवाटार गएको प्रसङ्ग कोट्याउँदै चीन भ्रमणमा आफ्नो नाम नराखी आफूभन्दा सानो पदको कर्मचारीलाई पठाउन लागिएको कुरा प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको उल्लेख यस संस्मरणमा गरिएको छ । गोतामेले भ्रमण टोली छनोटमा षड्यन्त्र गर्ने सचिव बङ्गलादेश जानुपर्ने भएकाले पनि आफू चीन भ्रमण जान सफल भएको उल्लेख गर्दै आफूहरू काठमाडौँ हुँदै हङकङ पुगेको तथा हङकङमा आफूहरूलाई नभएर नीर शाहलाई भव्य स्वागत गरिएको चर्चा यसमा समेटिएको छ । गोतामेले यस संस्मरणमा हङकङबाट कैन्टन जाने रेलको आरामदायी यात्रा गरेको र उच्च रक्तचापका कारण बिहानै गोतामेले खाली खुट्टा यात्रा गर्दा मच्चिएको खैलाबैला वर्ण्य विषय बनेर आएको छ । शिष्टमण्डलको भ्रमणपछि राजाको चीन सवारी भएको र चीनका उच्चस्तरीय नेताहरूले सञ्चार विभागको शिष्टमण्डलमा नाङ्गो खुट्टा हिँड्ने व्यक्ति आएको कुरा राजासँग सोधेपछि परराष्ट्र र सञ्चार मन्त्रालय हुँदै आफूलाई समेत स्पष्टीकरण मागिएको प्रसङ्गलाई गोतामेले यस संस्मरणमा विषय बनाएर प्रस्तुत गरेका छन् ।

## ४.१२.२ **पात्र**

चीनको भ्रमणलाई मुख्य रूपमा चर्चा गर्दै गोतामेले *चीनको उकालो* संस्मरणमा तत्कालीन सञ्चार मन्त्रालयका सचिव विष्णुप्रताप शाहलाई सामन्ती स्वभावका पात्रका रूपमा प्रयोग गरेका छन् । गोतामेको यस संस्मरणमा टेकबहादुर खत्री, तत्कालीन सञ्चारमन्त्री हरिबहादुर बस्नेत, प्रधानमन्त्री मरिचमान सिंह तथा केही पञ्जाबी महिलाहरूलाई पनि पात्रको रूपमा प्रयोग गरिएको छ । गोतामेले यस संस्मरणमा मधुसूदन गोर्खाली र नीर शाहलाई पनि पात्रका रूपमा चर्चा गर्दै मधुमेह रोगका कारण आफूले चीन भ्रमणमा नाङ्गो खुट्टा हिँड्दा नेपालसम्म खैलाबैला मच्चिएको प्रसङ्ग उल्लेख गरेका छन् । यसरी गोतामेले यस संस्मरणमा चीन भ्रमणको प्रसङ्गसँगै पात्रहरूको प्रयोग गरेका छन् ।

## ४.१२.३ **उद्देश्य**

गोतामेको *चीनको उकालो* शीर्षकको संस्मरणमा तत्कालीन सञ्चार मन्त्रालयका सचिव विष्णुप्रताप शाह तथा अन्य पात्रहरूको स्वभावगत विशेषता र उनीहरूको कार्यशैली प्रस्तुत गर्ने उद्देश्य लिइएको पाइन्छ । उनले यस संस्मरणमा चीन भ्रमणको नालीबेली र त्यहाँको वस्तुजगत्लाई यथार्थ रूपमा प्रस्तुत गर्ने मुख्य उद्देश्य बनाएर त्यसको चर्चा गरेका छन् । विशेष गरी चीन भ्रमणभन्दा अघि र पछिका घटनावली प्रस्तुत गर्नु नै गोतामेको यस संस्मरणको मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ४.१२.४ **परिवेश**

छ पृष्ठमा लेखिएको यस संस्मरणमा गोतामेले महाराजगञ्ज, बालुवाटार, सूचना विभागको कार्यालय, भृकुटीमण्डप अगाडिको सानो कोठा, चीनको बेइजिङ, हङकङबाट कैन्टन जाने रेल आदिलाई परिवेशको रूपमा चित्रण गरेका छन् ।

## ४.१२.५ **भाषाशैली**

*चीनको उकालो* शीर्षकको संस्मरणमा गोतामेले सरल, सहज तथा बोधगम्य भाषाको प्रयोग गरेका छन् । गोतामेले विषयवस्तु प्रस्तुतिमा आलङ्कारिक भाषाको प्रयोग कहीं कतै गरेको पाइँदैन । विषयवस्तुलाई सोझै अभिधेय अर्थमा प्रस्तुत गरी सामान्य बौद्धिक पाठकवर्गलाई समेत यथार्थबोध गराउने प्रयत्न गरेको देखिन्छ । गोतामेले निजी अनुभूतिहरूको स्मरण गरी वर्णन गरिएको यस संस्मरणमा सरल भाषा र निजात्मक शैलीको प्रयोग भएको पाइन्छ । सरल र स्पष्ट भाषामा लेखिएको यस संस्मरणमा 'ये जो तुम्हारे यहाँ रहते हैं ये

एम.पी. है' जस्ता हिन्दीका थुप्रै वाक्यहरू पनि प्रयोग भएका छन् । निजात्मक शैलीमा गोतामेले आफ्ना अनुभूतिहरूलाई विशृङ्खलित रूपमा गति प्रदान गरेको यस संस्मरणमा केही तत्सम शब्दहरू तथा रापस, एम.पी. जस्ता सङ्क्षिप्त शब्दरूपको पनि प्रयोग गरिएको छ ।

### ४.१२.६ दृष्टिबिन्दु

गोतामेको *चीनको उकालो* संस्मरणमा निजात्मक अनुभूति समेटिएकाले विषयवस्तुको वक्ता 'म' पात्र रहेको छ । यसरी समग्र विषयका घटनावलीहरूको प्रस्तुति प्रथमपुरुष दृष्टिबिन्दुमा रहेको छ । गोतामेले कतैकतै संवादका टुक्राहरू पनि प्रयोग गरेको देखिन्छ तथापि विषयवस्तुको सुरुदेखि अन्तसम्म प्रथमपुरुष एकवचन 'म' पात्रद्वारा वर्णन गरिएकाले प्रथमपुरुष दृष्टिबिन्दुमा प्रस्तुत संस्मरण संरचित छ ।

## ४.१३ छालाको टोपी लाउने हाकिम

### ४.१३.१ विषयवस्तु

*छालाको टोपी लाउने हाकिम* शीर्षकको संस्मरणमा गोतामेले आफू २/२ पटक सूचना विभागको निर्देशक पदमा ठिङ्गुरिएर रहनुपरेको र त्यसमा पनि अनेक प्रकारका कठिनाइ भोग्नुपरेको चर्चा गरेका छन् । यसमा उनले पत्रकारहरूलाई दसैँभत्ता बाँड्न लागेको र त्यसपूर्व नै पत्रकारहरूले तोडफोड गरेको घटना प्रस्तुत गरेका छन् । पछि प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीकै निर्देशनमा सफलतापूर्वक भत्ता वितरण गरेको प्रसङ्ग निकै आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् । यसमा गोतामेले तत्कालीन समयमा रहेका अनपढ, छुल्याहा तथा उरन्ठेउला पत्रकारहरूले सञ्चारसचिव जीवनलाल सत्यालको हुलइज्जत गरेको तथा सञ्चारमन्त्री रुद्रप्रसाद गिरीसँगको मैत्रीपूर्ण कार्यकालको चर्चा गरेका छन् । गोतामेले लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्री कालमा आफूलाई पत्रकारको दसैँभत्ता बालुवाटारमै बाँड्ने जिम्मा दिइएको तथा बैतडीबाट आएका लोकेन्द्रबहादुरलाई प्रधानमन्त्री हुनुअगावै आफ्नो कार्यालयबाहिर धेरैबेर पर्खाएको प्रसङ्ग उल्लेख गरेका छन् । गोतामेले चन्दको प्रशंसा गर्दै २०२७ सालमा राजा महेन्द्र बैतडी सवारी हुँदा चन्दले नाटक देखाएको र त्यसबाट राजा प्रभावित भई फिल्म बनाउने निर्देशन दिएको प्रसङ्ग पनि उल्लेख गरेका छन् । गोतामेको यस संस्मरणमा श्री ५ महेन्द्रको बम्बई भ्रमण र सिनेकर्मी हीरा सिंहको नेपाल आगमनलाई वर्ण्य विषय बनाएका छन् । गोतामेले हीरा सिंहको हाउभाउको चर्चा गर्दै आफू पनि हीरा सिंहसँगै फिल्म बनाउन कलकत्ता गएर निकै मिहिनेतसाथ काम गरेको प्रसङ्ग उल्लेख गरेका छन् । गोतामेले हीरा सिंह दरबारको निर्देशनमा काम गर्ने भएकाले निकै पैसा खर्च गर्ने र यिनै हीरा सिंहलाई चन्दजीको नाटक फिल्म बनाउन दिँदा त्यो नाटक सिनेकरण हुन नसकेको कुरा

उल्लेख गरेका छन् । गोतामेको यस संस्मरणमा आफू बेलायत गएका बेला यादव खरेलसँग भेट भएको र उनी त्यहाँ सिनेमा निर्देशकको प्रशिक्षण लिन गएको चर्चा गरेका छन् । गोतामेले आफूले काम गर्ने विभागले नै सिनेमासम्बन्धी काम गर्ने भएकाले यादव खरेललाई त्यस क्षेत्रमा काम दिन एकजना तिमिल्सिनालाई काजमा पठाउन खोज्दा भएको खैलाबैला तथा त्यस काण्डले सृजना गरेको सङ्कटमा परी आफै सरुवामा परेको विषयलाई यस संस्मरणमा प्रस्तुत गरेका छन् । उनले यस संस्मरणमा लामो समयसम्म आफूले काम गरेको तर बढुवा नभएकाले प्रधानमन्त्री चन्दसँग गुनासो गरेको तथा चन्दले प्रज्ञाप्रतिष्ठानमा सदस्य प्राज्ञ भएर जान सिफारिस गरिदिने आश्वासन दिए पनि पछि चन्दले नै सरकारबाट कुनै फेरबदल नगरी माधव घिमिरेका सेट नै प्राज्ञमा रहिरहोस् भन्ने हुकुम भएको कुरा सुनाउँदा गोतामे निकै निराश हुँदै भाग्यलाई दोष दिएको मार्मिक विषय प्रस्तुत गरेका छन् ।

## ४.१३.२ पात्र

गोतामेले *छालाको टोपी लाउने हाकिम* संस्मरणमा प्रसङ्गैपिच्छे फरक-फरक पात्रहरूको प्रयोग गरेको पाइन्छ । यसमा गोतामेले तत्कालीन सञ्चारमन्त्री रुद्रप्रसाद गिरी, सञ्चारसचिव जीवनलाल सत्याल, तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द तथा २०२७ सालमा बैतडीको भ्रमणमा गएका राजा महेन्द्रलाई पात्रका रूपमा चर्चा गरेका छन् । गोतामेको यस संस्मरणमा मन्त्री गेहेन्द्रबहादुर राजभण्डारी, तत्कालीन सिनेकर्मी हीरा सिंह, सैनिक सचिव शेरबहादुर मल्ल, सूचना विभागका निर्देशक नारायणप्रसाद बास्कोटा, यादव खरेललाई पात्रका रूपमा चर्चा गरेका छन् । लामो अन्तरालको विषयवस्तु समेटिएको यस संस्मरणमा गोतामेले तत्कालीन सचिव चित्रबहादुर के.सी., पछि बनेका सञ्चारमन्त्री चतुर्भुजप्रसाद सिंह, गोविन्द तिमिल्सिना, कीर्तिनिधि विष्ट, डा. डिल्लीरमण रेग्मीलाई पात्रका रूपमा प्रयोग गरेका छन् । गोतामेको यस संस्मरणमा सबै पात्रहरू उच्चवर्गीय तथा उच्चपदीय दायित्व बोकेका देखिन्छन् ।

## ४.१३.३ उद्देश्य

गोतामेको यस संस्मरणको उद्देश्य तत्कालीन सूचना तथा सञ्चारक्षेत्रका उच्चपदस्थ कर्मचारी तथा शासकवर्गको व्यवहार प्रस्तुत गर्नु रहेको देखिन्छ । नेपालको सिनेक्षेत्रको ऐतिहासिक यथार्थ तथा स्थापना र सञ्चालनको सुरुवाती अवस्थालाई प्रस्तुत गर्नु पनि गोतामेको संस्मरणको उद्देश्य रहेको देखिन्छ । त्यसबाहेक गोतामेले तत्कालीन सूचना तथा सञ्चार विभागका सहकर्मी तथा उच्च ओहोदाका कर्मचारीहरूको स्वभावगत विशेषतालाई पनि यस संस्मरणमा प्रस्तुत गरेका छन् । गोतामेले नेपालको फिल्म इतिहासको आरम्भ गर्ने

हीरा सिंहको चर्चा गर्दै उनीसँगै कलकत्ता गएर फिल्मको स्क्रिप्ट तयार पार्दा भोग्नुपरेको यथार्थ पनि यसमा प्रस्तुत गरेका छन् । समग्रमा तत्कालीन कर्मचारीतन्त्रमा हुने सरुवा-बढुवा, चाकरी-चाप्लुसीसहित त्यसबेलाको सूचना तथा सञ्चार विभागको यथार्थ र नेपालको सिनेक्षेत्रको आरम्भको ऐतिहासिक प्रस्तुति नै यस संस्मरणको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.१३.४ परिवेश

विषयवस्तु र घटनाको तारताम्य मिलाउन एघार पृष्ठ खर्च गरिएको यस संस्मरणमा सूचना विभागको कार्यालय, बालुवाटार, बैतडी तथा बम्बईका ठाउँहरू नै परिवेशका रूपमा प्रस्तुत भएका छन् ।

### ४.१३.५ भाषाशैली

यसमा गोतामेले बम्बईको सिनेक्षेत्रमा प्रचलित 'हमे तो चवनियां क्लासके रिक्सावाले रोटी देते हैं' जस्ता हिन्दीका थुप्रै उक्ति र वाक्यहरू प्रयोग गरेका छन् । यसमा उनले सरल, सहज र बोधगम्य भाषाको प्रयोगका साथै केही तत्सम र केही अङ्ग्रेजी शब्दहरूको पनि संयोजन गरेर भाषालाई रोचक बनाएका छन् । प्रस्तुत संस्मरणमा गोतामेका निजात्मक अनुभूतिहरूको यथार्थ वर्णन गरिएको पाइन्छ । कतैकतै विषयवस्तु तथा घटनावलीमा संवादको स्थिति देखापरे पनि समग्र संस्मरणमा वक्ता 'म' पात्रद्वारा विषयको व्याख्या गरिएको देखिन्छ । यसप्रकार यो संस्मरण बोधगम्य, सरल भाषा र निजात्मक अनुभूतिलाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्ने रचना हो ।

### ४.१३.६ दृष्टिबिन्दु

गोतामेले प्रथमपुरुष कथन ढाँचामा प्रस्तुत गरेको यो संस्मरणमा समग्र विषयवस्तु र घटनावलीको वक्ता 'म' पात्र हो । विषयवस्तुको प्रस्तुतिमा संवादका टुक्राहरू प्रयोग भए पनि गोतामेका स्वानुभूतिहरू यसमा स्वत: स्फूर्त रूपमा व्यक्त भएका देखिन्छन् । यसप्रकार प्रस्तुत संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित छ ।

## ४.१४ गाँसिएको सम्झना

### ४.१४.१ विषयवस्तु

*गाँसिएको सम्झना* शीर्षकको संस्मरणमा गोतामेले आफू र आफ्ना हजूरबाले निरन्तर **गोरखापत्र**को अध्ययन गरेको तथा आफ्ना हजूरबाको सम्पूर्ण इतिवृत्तात्मक बयानहरू **गोरखापत्र**का जन्मदाता तत्कालीन प्रधानमन्त्री देवशमशेरसँग सम्बद्ध भएको चर्चा गरेका छन् ।

आफ्ना बाजे र देवशमशेरको पहिलेदेखि नै हेलमेल रहेको तथा देवशमशेर पद त्यागेर धनकुटा र पछि मन्सुरीको झरीपानीमा बसेका बेला १९८६ मा मृत्यु भएको चर्चा गोतामेले प्रस्तुत गरेका छन् । देवशमशेरको देहान्त नहुन्जेल सहयोगी बनेका आफ्ना बाजेले देवशमशेरका बारेमा बोल्दा अहिले पनि आँसु खसाल्ने गरेको प्रसङ्ग मार्मिक रूपमा गोतामेले यसमा प्रस्तुत गरेका छन् । गोतामेको यस संस्मरणमा आफ्ना बाजेले **गोरखापत्र**लाई खोस्टो छापा नठान्न सल्लाह दिएको र आजीवन यसकै पाठक बनेर रक्सौलमा उनको देहान्त भएको चर्चा गरेका छन् । गोतामेले आफूलाई **गोरखापत्र**को अम्मल भएको भन्दै आफू लन्डन बस्दा होस् वा आयरलैन्डको राजधानी बेलफास्ट बस्दा होस् **गोरखापत्र**का एक/एक पृष्ठ पढ्न आतुर रहेको कुरा यस संस्मरणमा व्यक्त गरेका छन् । विदेशमा यसको महत्त्व अझ बढी हुने तथ्य प्रस्तुत गर्दै सबै पाठकका लागि यसको महत्त्व रहेको तथ्यसमेत उल्लेख गरेका छन् । झण्डै चालीस वर्षसम्म एकहजार पाठक पाउन धौधौ परेको **गोरखापत्र**लाई आज पाठक पाउन होइन आजको **गोरखापत्र** आजै पाठकका हातमा पुऱ्याउन हम्मे-हम्मे परेको वर्णन पनि यसमा उल्लेख गरिएको छ । उनले आफ्नो संस्मरणमा प्रतिदिन झिसमिसेमा पोल्टाभरि खबर बोकेर टाढा-टाढाका डाँडाकाँडा र खोला-खोल्सा नाघ्दै पाठकका घरदैलो पुग्न हिँडेको **गोरखापत्र**लाई आजको रूपमा देख्न पाएका भए देवशमशेर कति आनन्दित हुने थिए होलान् भन्ने मार्मिक प्रसङ्ग उल्लेख गरेका छन् । यसप्रकार गोतामेले आफ्नो सम्बन्ध **गोरखापत्र**सँग बाजेकै पालादेखि गाँसिएको र यो सम्बन्ध **गोरखापत्र**का जन्मदाता देवशमशेरसँग पनि घनिष्ट रहेको कुरा यस संस्मरणमा प्रस्तुत गरेका छन् ।

## ४.१४.२ पात्र

*गाँसिएको सम्झना* संस्मरणमा गोतामेले आफ्नो र आफ्नो बाजेको घनिष्ट सम्झना **गोरखापत्र**सँग गाँसिएको बताएका छन् । यसमा गोतामेले **गोरखापत्र**का जन्मदाता तत्कालीन प्रधानमन्त्री देवशमशेरलाई विषयवस्तुभरि पात्रका रूपमा प्रयोग गरी चर्चा गरेका छन् । यसरी नै गोतामेले यसका विषयवस्तुका सानातिना टुक्राहरूमा आफ्ना बाजे छविलाल पाध्या गोतामेलाई पात्रका रूपमा प्रयोग गरेका छन् । दुई पात्रका सेरोफेरोमा विषयवस्तुले पूर्णता पाएको यो छोटो संस्मरण हो । यसमा गोतामेले रक्सौलको सामान्य परिवेश र देवशमशेरको चर्चालाई प्रस्तुत गरेका छन् ।

## ४.१४.३ उद्देश्य

*गाँसिएको सम्झना* शीर्षकको संस्मरण गोतामेले आफ्नो र आफ्ना बाजे छविलाल गोतामेको सम्झना देवशमशेर र **गोरखापत्र**सँग रहेको यथार्थ प्रस्तुत गर्ने उद्देश्यले

संरचना गरेको देखिन्छ । उनले आफ्ना बाजे छविलालले **गोरखापत्र**प्रति गरेको विश्वास र देवशमशेरप्रति गरेको स्नेह र ममता यस संस्मरणमा प्रस्तुत गरेका छन् । यसका साथै आफूले पनि **गोरखापत्र**लाई स्वदेश तथा विदेशमा पनि उच्च सम्मानका साथ हेर्ने गरेको बताएका छन् । यसप्रकार गोतामेको संस्मरणको मुख्य उद्देश्य देवशमशेर र **गोरखापत्र**का सन्दर्भमा आफू र आफ्ना बाजे छविलालको सम्बन्धलाई प्रस्तुत गर्नु रहेको देखिन्छ ।

### ४.१४.४ परिवेश

विषयवस्तुलाई रोचक तुल्याउन चार पृष्ठ र लामाछोटा गरी एघार अनुच्छेदमा संरचित यस संस्मरणमा रक्सौल, वीरगञ्ज, लन्डन, धनकुटा तथा मन्सुरीलाई परिवेशका रूपमा उपयोग गरेका छन् । विशेष गरी **गोरखापत्र**सँगको सम्बन्ध तथा आफ्ना बाजे र देवशमशेरको समेत सम्बन्धलाई **गोरखापत्र**को इतिहाससँग जोड्नु नै यस संस्मरणको मुख्य परिवेश हो ।

### ४.१४.५ भाषाशैली

छोटो विषयवस्तु तर रोचक प्रस्तुति भएको यस संस्मरणमा गोतामेले आफ्ना अनुभूतिहरूलाई सँगाल्दै आत्मपरक शैलीमा विषयवस्तुलाई गति प्रदान गरेका छन् । तसर्थ यस संस्मरणमा सरल र बोधगम्य भाषाको प्रयोग भएको पाइन्छ ।

### ४.१४.६ दृष्टिबिन्दु

गोतामेको गाँसिएको सम्झना शीर्षकको संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा व्यक्त भएको रचना हो । यसमा गोतामेले प्रथमपुरुष एकवचन ‘म’ पात्रद्वारा सम्पूर्ण विषयवस्तु र घटनावली प्रस्तुत गरेका छन् । यथार्थ भोगाइहरूको स्मरण गरी आफ्ना स्वानुभूति प्रस्तुत गरिएकाले प्रथमपुरुष कथन ढाँचामा यो संस्मरण व्यक्त भएको स्पष्ट देखिन्छ ।

## ४.१५ तुरिफेलको बुर्जामुनि

### ४.१५.१ विषयवस्तु

*तुरिफेलको बुर्जामुनि* शीर्षकको यात्रासंस्मरणमा गोतामेले बाजेले वर्णन गरेको फ्रान्सको पेरिस सहर र त्यहाँका युवतीहरू सम्झँदा-सम्झँदा वायुयानमै आँखा लागेको तथा यानकी परिचारिकाले ब्यूँझाएको चर्चा गरेका छन् । यसमा गोतामेले एअर फ्रान्सको यानभित्रका घटना र आफूले लन्डनबाट पेरिसको यात्रामा गरेका अनेक सुन्दर कल्पनाको चर्चा गरेका छन् । पेरिसको वर्ली विमानस्थलको भव्यता र सुन्दरताको प्रसङ्ग कोट्याउँदै गोतामेले

पेरिसको रङ्दार भवन र भित्ताको समेत यस यात्रासंस्मरणमा चर्चा गरेका छन् । विमानस्थलबाट बसको यात्रा, आफूले सामान राख्न नपाउँदा पाएका दु:खहरू र लन्डनमै चिनेका एक अफिसरलाई भेटेपछि आफूले सामान राख्ने ठाउँको प्रबन्ध गर्न सकेको चर्चा यस संस्मरणमा गरेका छन् । सोचेको र सम्झेको जस्तो पेरिस नभएको तथा अङ्ग्रेजी भाषासमेत नजान्ने फ्रान्सवासीहरूसँगको भेटघाटले आफूलाई होटल खोज्न निकै अप्ठेरो परेको कुरा गोतामेले यात्रासंस्मरणमा प्रस्तुत गरेका छन् । गोतामेले आफ्ना पूर्वपरिचित मित्र मोसियो बसेको होटल खोज्न धौधौ परेको तथा त्यहाँका काम गर्ने व्यक्तिहरूले गरेको बेवास्तासमेत प्रस्तुत गरेका छन् । गोतामेले मित्र बसेको होटल प्राप्तिपछि पनि भाषिक समस्याकै कारण यस्ता घटना घटेको र कोठाबाटै इफेल टावर (जसलाई फ्रान्सेलीहरू तुरिफेल भन्दारहेछन्) को दर्शन गर्न पाउँदा अति नै आनन्दित भएको प्रसङ्ग उल्लेख गरेका छन् । गोतामेले सामान कोठामा ल्याउन जाँदा पाएका दु:खहरू र त्यहाँका महँगा ट्याक्सीको चर्चा गर्दै प्यालेस बोरबर्न जान खोज्दा त्यसको ठेगाना कसैले बताउन नसक्नु तथा उनीहरूले त्यसलाई 'पाले बों-बों' भन्ने गरेको उल्लेख गरेका छन् । गोतामेको यस संस्मरणमा आफूले फ्रान्सको प्रतिनिधिसभा पुग्दा भोगेका सानासाना घटनाहरू, त्यहाँको पाले तथा फ्रान्सको पार्लियामेन्ट सचिवलाई भेट्न पर्खिंदाका पीडाको चर्चा गरेका छन् । गोतामेले यस यात्रासंस्मरणमा सचिवलाई भेट्न आतुर भएर खानाखाजा केही नखाई पर्खेको र बल्लतल्ल दोभाषेका माध्यमबाट कष्टप्रद वार्तालाप समाप्त गरी प्रतिनिधिसभा हेर्न गएको चर्चा गरेका छन् । विशेष गरी गोतामेले यस यात्रासंस्मरणमा आफू लन्डनबाट पेरिसको पार्लियामेन्टको सचिवसँग भेट गर्न जाँदा पाएका दु:खहरू र आफूले देखेभोगेका अनुभूतिहरूलाई विषयवस्तुका रूपमा उपयोग गरेका छन् ।

## ४.१५.२ पात्र

गोतामेले *तुरिफेलको बुर्जामुनि* शीर्षकको संस्मरणमा आफ्ना बाजे छविलाल गौतम, एअर फ्रान्समा रहेकी परिचारिका युवती, एउटा मोटो मानिस र पेरिसका दुईटी अधबैंसे महिलाहरूलाई पात्रका रूपमा प्रयोग गर्दै उनीहरूको व्यक्तिगत स्वभावको पनि केही चर्चा गरेका छन् । यसका साथै गोतामेले आफूले बेलायत यात्रामा भेटेका साथी माइकेल, राष्ट्रसङ्घका महामन्त्री उत्थान्टलाई पात्रकै रूपमा चर्चा गरेका छन् । यसरी नै गोतामेको यस संस्मरणमा परेकी एक वृद्धा, एउटी बलिष्ठ आइमाई र लेखकका साथी मोसियो नामका व्यक्तिलाई पात्रका रूपमा प्रयोग गरिएको छ । यसका साथै गोतामेको यस संस्मरणको विषयवस्तुका टुक्राहरूमा ट्याक्सी ड्राइभर, सज्जनजस्ता देखिने व्यक्ति, फ्रान्सको पार्लियामेन्टका सचिव र अन्य नाम थाहा नभएका मोटा मानिस आदि पनि पात्र बनेका छन् । विशेष गरी युवतीहरू, पुरुषहरू र उच्चपदस्थ व्यक्तित्वहरूलाई पात्रका रूपमा प्रयोग गरी उनीहरूको व्यवहारको पनि चर्चा गरेको पाइन्छ ।

### ४.१५.३ उद्देश्य

गोतामेले पेरिस भ्रमण र इफेल टावरको दर्शनलाई प्रस्तुत गर्ने उद्देश्यले *तुरिफेलको बुर्जामुनि* शीर्षकको संस्मरण रचना गरेको देखिन्छ । आफ्ना बाजे छविलालले वर्णन गरेका पेरिसका आइमाईहरू हेर्न उत्सुक लेखकले पेरिस पुगेपछि देखेका र भोगेका यथार्थ विषयवस्तु र घटनाहरू नै यस संस्मरणका उद्देश्य बनेर प्रस्तुत भएका छन् । विशेष गरी लेखकले फ्रान्सको पेरिस सहर, इफेल टावर र त्यहाँका मानिसले गरेको व्यवहारलाई प्रस्तुत गर्ने मुख्य उद्देश्यले यो संस्मरण रचेका हुन् ।

### ४.१५.४ परिवेश

विषयवस्तु र घटनालाई रोचक बनाउन दस पृष्ठमा लेखिएको यस यात्रासंस्मरणमा एअर फ्रान्सको वायुयान, पेरिस सहर र त्यहाँको वर्ली विमानस्थल तथा फ्रान्सको प्रतिनिधिसभा भवनको परिवेश समेटिएको छ । छिटोछिटो परिवर्तन भइरहने घटना र परिवेशका कारण विषयवस्तु विशृङ्खलित बनेको भए तापनि यिनै कुराहरू यस संस्मरणमा परिवेशका रूपमा आएका छन् ।

### ४.१५.५ भाषाशैली

यस संस्मरणमा गोतामेले मिश्रित भाषाको प्रयोग गरेका छन् । एक युवतीको वर्णन गर्ने क्रममा केही आलङ्कारिक शब्दको प्रयोग गरिएको छ । 'शुभ्र स्वच्छ, स्फटिकजस्ती मतिर हेरेर सुस्तरी हाँसिरहेकी थिई (पृ. १११) ।' एक वाक्यदेखि निकै लामालामा अनुच्छेद प्रयोग गरिएको यस यात्रासंस्मरणमा गोतामेले थुप्रै अङ्ग्रेजी र फ्रान्सेली शब्दहरूको प्रयोग गरेका छन् । गोतामेले आफ्ना यात्रा अनुभूतिलाई निजात्मक शैलीमा एकोहोरो वर्णन गरेका छन् । यसमा गोतामेले पेरिस आफूले कल्पना गरेजस्तो नभएर भोगेजस्तो रहेको प्रस्ट पार्न खोजेका छन् । गोतामेले आफ्नो यात्रासंस्मरणमा पेरिस सहर बाहिरबाट मनमोहक र कौतुहलपूर्ण रहे पनि आन्तरिक यात्रामा भाषिक, आर्थिक आदि विभिन्न दृष्टिले निकै कठिनाइपूर्ण रहेको कुरा व्यक्त गरेका छन् ।

### ४.१५.६ दृष्टिबिन्दु

गोतामेका *तुरिखेलको बुर्जामुनि* संस्मरण प्रथमपुरुष कथन ढाँचामा प्रस्तुत गरिएको छ । यसमा लेखकले आफ्ना यथार्थलाई स्मरण गरी 'म' पात्रद्वारा प्रस्तुत गरेका छन् । संस्मरणको समग्र विषयवस्तु र घटनावलीको वक्ता 'म' पात्र नै हो । लेखकले कतैकतै विषयवस्तुको

प्रस्तुतिमा संवादका टुक्रालाई प्रयोग गरे पनि समग्र संस्मरणका विषय प्रस्तुत गर्ने प्रथमपुरुष एकवचन 'म' पात्र नै हो । यसैले गोतामेको प्रस्तुत संस्मरणको प्रस्तुतिको ढाँचा प्रथमपुरुष दृष्टिबिन्दुमा रहेको प्रस्ट हुन्छ ।

## ४.१६ शून्य आँगनका उदास आकृतिहरू

### ४.१६.१ विषयवस्तु

*शून्य आँगनका उदास आकृतिहरू* संस्मरणमा गोतामेले परिवारमा हुने माया-ममतालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यसमा उनले आफू र आफ्ना साथीले बस पर्खिरहेका बेला एक वृद्ध महिलाले सहरको प्रदूषण र बैँसले उन्मक्त, उत्ताउला र उत्ताउलीको क्रियाकलापलाई देखेर फत्फताइरहँदा आफ्नो घरकी हजूरआमालाई सम्झन पुगेको विषय प्रस्तुत गरेका छन् । उनले बेलायतमा रहँदा बस स्टेसनमा एक वृद्धको फत्फताइले आफ्नी हजूरआमाको फत्फताइलाई स्मरण गराएको कुरा प्रस्तुत गरेका छन् । गोतामेको यस संस्मरणमा एउटा परिवारमा हुने वृद्धवृद्धाहरूको चासो, चिन्ता र उनीहरूले सबैलाई गर्ने माया-ममताको विषय समेटिएको छ । आफू परदेशबाट घर आउँदा आफ्नी हजूरआमाले गर्ने व्यवहार, उनले बोल्ने शब्दहरू तथा घरका अन्य दृश्य, श्रीमती, भाइहरूले गर्ने व्यवहारको गोतामेले निकै मार्मिक र जीवन्त चित्रण गरेका छन् । गोतामेले यस संस्मरणमा घरमा पाहुना आउनुअगावै काग कराउने, चुल्होमा आगो भर्भराउनेजस्ता जनविश्वासको चर्चा गर्दै मानिस बूढो हुँदै गएपछि मृत्युमुखी कल्पनाको कारण स्वर्ग र नर्कका रिक्तता ओगट्न चिन्तित रहने कुराको चर्चा गरेका छन् । यसमा गोतामेले आफ्ना हजूरआमाले हरेक विषयमा आफ्ना अनुभवहरू पोख्दै फत्फताइरहने गरेको र आफू घरबाट परदेश जान लाग्दा अझ केही दिन बसेर जानु भनेर गरेको आग्रहहरूलाई पनि चर्चाको विषय बनाएका छन् । गोतामेले परदेशबाट घर आउँदा सबै खुसी भएका तर परदेश फर्कंदा आमाबाबाले दिने आशीर्वाद र ममता, भाइहरूका स्नेह तथा हजूरआमाका शुभकामनाहरू यस संस्मरणमा समेटेका छन् । गोतामेले यसमा घरपरिवारको माया, ममता र स्नेहले भरिएका क्षणहरू प्रस्तुत गर्दै आज ती सबै कुराहरू शून्य र उदासतामा परिणत भइसकेको कुरा मार्मिक रूपमा व्यक्त गरेका छन् । यस संस्मरणमा पारिवारिक माया, ममता र स्नेहको मार्मिक प्रसङ्गसँगै परिवारमा अभिभावकत्व निर्वाह गर्ने वृद्धवृद्धाहरूप्रति सम्मान र श्रद्धा प्रकट गरेको पाइन्छ ।

### ४.१६.२ पात्र

गोतामेका *शून्य आँगनमा उदास आकृतिहरू* शीर्षकको संस्मरणमा एउटी विदेशी वृद्धा र विदेशी सिलोनिज साथीलाई पात्र बनाएका छन् । गोतामेले विदेशी वृद्धाको फत्फताइबाट

आफ्नो घरकी हजूरआमाको फत्फत सम्झन पुग्छन् । यसरी नै घरको सम्झना गर्न पुगेका गोतामे आफ्नो स्मरणमा घरकी बज्यै, श्रीमती मनरावली, ठूल्नानी, आफ्ना भाइहरू, केटाकेटीहरू सबैलाई पात्र बनाएर प्रस्तुत गरेका छन् । गोतामेको यस संस्मरणमा घरपरिवारका माता, पिता, बज्यैलगायत सबै परिवार पात्रका रूपमा प्रयोग भएका छन् । आफू परदेश भएका बेला विदेशी महिलाको व्यवहारले आफ्नो घरको सम्झना गर्न पुगेका गोतामेले थोरै पात्रका माध्यमबाट मार्मिक विषय प्रस्तुत गरेको देखिन्छ ।

### ४.१६.३ उद्देश्य

गोतामेले *शून्य आँगनका उदास आकृतिहरू* संस्मरणमा विदेशी वृद्धा र नेपाली वृद्धाहरू एकनाशका हुने भन्दै विदेशी वृद्धाको फत्फताइबाट आफ्नै बज्यैको फत्फताहटको झल्को आइरहेको वा मिलेको सङ्केत गरेका छन् । विशेष गरी आफ्नै घरपरिवारका अभिभावक तथा भाइहरूसँगको माया, प्रेम र स्नेह प्रस्तुत गर्ने उद्देश्यले गोतामेले यस संस्मरणको रचना गरेको देखिन्छ । वृद्धवृद्धाले झन्झटिलो फत्फत गरेर कराइरहे पनि उनीहरूले गर्ने ममता र स्नेह निकै गहिरो हुन्छ भन्ने देखाउनु नै गोतामेको यस संस्मरणको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.१६.४ परिवेश

चार पृष्ठमा संरचित यस संस्मरणमा गोतामेले परदेशबाट घर आउँदाका अवस्था तथा परदेश जाँदाका अवस्थाहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गर्दै बेलायतको बस स्ट्यान्डको सामान्य परिवेश तथा आफ्नै घरआँगनलाई मुख्य परिवेशका रूपमा प्रयोग गरेका छन् ।

### ४.१६.५ भाषाशैली

परदेशको एक वृद्धाका कारण आफ्नै घरकी हजूरआमा सम्झन पुगेका गोतामेले यस संस्मरणमा आफ्नी बज्यै र परिवारको व्यवहार प्रस्तुत गर्न सरल र बोधगम्य भाषाको प्रयोग गरेका छन् । गोतामेले नितान्त निजी अनुभूतिहरूलाई समेट्दै बेलायतबाट उडाएर आफ्ना घरसम्मको विषय र घटना प्रस्तुत गर्न निजात्मक शैलीको प्रयोग गरेका छन् । वृद्धवृद्धा बेलायतका हुन् वा नेपालका हुन्, भाषा नेपाली होस् वा अङ्ग्रेजी, वृद्धहरूले फलाकेका शब्दहरू कठोर हुन् ती स्नेहले जडिएका हुन्छन् र अनुभवले खारिएका हुन्छन् भन्नु नै यस संस्मरणको मुख्य आशय हो । गोतामेले यसमा घरपरिवारको माया-ममता र स्नेहले भरिएका क्षणहरू प्रस्तुत गर्दै आज ती सबै कुराहरू शून्य र उदासतामा परिणत भइसकेको कुरा व्यक्त गरेका छन् ।

### ४.१६.६ दृष्टिबिन्दु

गोतामेको *शून्य आँगनका उदास आकृतिहरू* संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुबाट सुरु भई बीचमा पुग्दा तृतीयपुरुष दृष्टिबिन्दुको सेरोफेरोमा व्यवस्थापन भएको छ । यसरी हेर्दा गोतामेको संस्मरणमा थोरै विषयवस्तुको कल्पना तृतीयपुरुषमा गरिए पनि समग्र विषयको भोक्ता लेखकको 'म' पात्र रहेको देखिन्छ । यसप्रकार गोतामेको संस्मरण प्रथमपुरुष कथन ढाँचामा संरचित रहेको छ ।

## ४.१७ गोपाल ! तिम्रो सम्झनामा

### ४.१७.१ विषयवस्तु

*गोपाल ! तिम्रो सम्झनामा* गोतामेले आफ्नो भाइ गोपालको सम्झना गर्दै उसका जीवनका घटना, कार्यहरू र उसको दु:खद निधनलाई विषय बनाएका छन् । यसमा गोतामेले गोपालसँग बिताएका राजनैतिक कार्यका क्षणहरू तथा उसले सानैदेखि सक्रिय भएर नेपालको स्वतन्त्रताका लागि लडेका दिनहरूको सम्झना गरेका छन् । यस संस्मरणमा गोपालले सत्याग्रही नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यकर्ताझैँ भएर कार्य गरेको र पछि राजनीतिले अर्कै मोड लिएपछि क्रान्तिकारी दलबाट राणाविरोधी आन्दोलनमा होमिएको विषय प्रस्तुत गरिएको छ । गोतामेले यस संस्मरणमा गणेशमान सिंहसँगको राजनैतिक भेटघाटपछि उनले एउटा रिभोल्भर दिएको र यसको अभ्यासका क्रममा गोपाललाई गोली लागी ऊ अचेत भएको पनि चर्चा गरेका छन् । गोतामेले आफ्नो विवाह भएको तथा गोपालले एउटा रिभोल्भर आफ्नै श्रीमतीलाई राख्न दिने गरेको घटना प्रस्तुत गर्दै आफ्नी माताको देहावसान तथा पिताको दोस्रो विवाहले निम्त्याएका सङ्कटहरूको चर्चा गरेका छन् । गोपालले आफ्नै लापरवाही तथा डाक्टरको सल्लाह नमानेको र औषधि उपचारमा निरन्तरता नदिएका कारण उनको असामयिक मृत्यु भएको दु:खपूर्ण प्रस्तुति यस संस्मरणमा गरेका छन् । यसरी गोतामेले आफ्नो भाइ गोपाल एक कर्मठ, क्रान्तिकारी स्वभावको भएको र **मातृभूमि** पत्रिकाको आजीवन लेखक बनेर राणा व्यवस्थाविरोधी समाजवादी विचारधारालाई प्रकाशित गर्दागर्दै समयअगावै यस धर्तीबाट बिदा भएकोमा यस संस्मरणमा दु:ख प्रकट गरिएको छ ।

### ४.१७.२ पात्र

गोतामेले *गोपाल ! तिम्रो सम्झनामा* शीर्षकको संस्मरणमा आफ्नो भाइ गोपालको सम्झनालाई ताजा रूपमा प्रस्तुत गरेका छन् । गोतामेले यसमा भाइ गोपाललाई मुख्य पात्रका रूपमा चित्रित गर्दै उसको बाल्यकालदेखि देहावसानसम्मको घटना वर्णन गरेका छन् । यसबाहेक गोतामेको यस संस्मरणमा श्यामप्रसाद, निरञ्जनगोविन्द वैद्य तथा द्वारिका श्रेष्ठलाई

पात्रका रूपमा प्रयोग गरेका छन् । यसका साथै गोतामेले कृष्णप्रसाद भट्टराई, माधवलाल श्रेष्ठ, चन्द्रप्रसाद राजभण्डारी, नारायणदास, चन्द्रप्रसाद (बर्मु) आफ्नै १० वर्षे भाइ किशोर, आफ्नी श्रीमती तथा भाउजूलाई पनि पात्रका रूपमा चर्चा गरेका छन् । भाइ गोपालको राजनैतिक क्रियाशीलताको समेत चर्चा गरी थोरै पात्रमार्फत् विषयवस्तुलाई पूर्णता दिइएको यो संस्मरण निकै मार्मिक रहेको छ ।

### ४.१७.३ उद्देश्य

गोतामेको *गोपाल ! तिम्रो सम्झनामा* शीर्षकको संस्मरण भाइ गोपालको क्रान्तिकारी विचारसहितको राजनैतिक सक्रियतालाई प्रस्तुत गर्ने उद्देश्यले रचना गरिएको संस्मरण हो । यसमा गोतामेले भाइ गोपाल बाल्यकालदेखि मृत्युसम्मका भोगाइ तथा स्वभावगत विशेषताको चर्चा प्रस्तुत गर्नु पनि उद्देश्य बनाएका छन् । आफ्नो स्वास्थ्यप्रति खासै चासो नदिने भाइ गोपालको दु:खद निधन र उसको सम्झना प्रस्तुत गर्नु गोतामेको संस्मरणको उद्देश्य रहेको पाइन्छ ।

### ४.१७.४ परिवेश

विषयवस्तु र घटनालाई रोचकता प्रदान गर्न पाँच पृष्ठ खर्चिएको यस संस्मरणमा गोतामेले महोत्तरी, रक्सौलको धर्मशाला र रेल्वे, वीरगञ्ज तथा काठमाडौँको घण्टाघर क्षेत्र र उपयोग गरिएका आन्दोलनका अवस्थाहरूलाई पनि परिवेशका रूपमा प्रयोग गरेका छन् ।

### ४.१७.५ भाषाशैली

गोतामेले यस संस्मरणमा सरल र बोधगम्य भाषाको प्रयोग गरेका छन् । निजात्मक तथा आत्मपरक शैलीमा विषयवस्तुलाई गति प्रदान गरिएको यस संस्मरणमा गोतामेले आफ्ना अनुभूतिहरूलाई मार्मिक ढङ्गले व्यक्त गरेका छन् । समग्र घटना, विषय र परिवेशमा भाइ गोपालको सम्झना गरिएकाले यस संस्मरणको भाषाशैली मार्मिक र कारुणिक रहेको पाइन्छ ।

### ४.१७.६ दृष्टिबिन्दु

गोतामेको *गोपाल ! तिम्रो सम्झनामा* शीर्षकको संस्मरण प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित छ । यसमा गोतामेले भाइ गोपालको एकोहोरो स्मरण गरी उसका बालापन, क्रियाकलाप र स्वभावलाई 'म' पात्रद्वारा वर्णन गरेका छन् । यसप्रकार गोतामेको संस्मरणमा आफ्ना अनुभूतिहरू प्रथमपुरुष कथन ढाँचामा प्रस्तुत गरिएको छ ।

## ४.१८ निष्कर्ष

ध.च. गोतामेको **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहमा देशको प्रशासनिक क्षेत्रमा काम गर्दा र स्वेदशभित्र यात्रा गर्दा तथा विदेश यात्राका विषयहरू समेटिएका सोह्रवटा संस्मरणहरू सङ्कलित छन् । त्यसका अतिरिक्त गोतामेले घरपरिवारको सम्झनामा र कुनै व्यक्तिलाई विषय बनाएर पनि संस्मरणात्मक निबन्ध तयार गरेका छन् । उनको संस्मरणहरूको भाषा परिष्कृत आलङ्कारिक हुँदाहुँदै पनि सरल, सहज र बोधगम्य रहेको छ । संस्मरणहरूमा आख्यानात्मक अभिव्यक्ति शैलीको प्रयोग गरिएकाले पाठकलाई कतै आख्यानात्मक कृति पो पढ्दै छु कि भन्ने भान हुन्छ । यसमा शृङ्खलाबद्ध रूपमा घटनाक्रमहरूको विन्यास भएकाले पाठकलाई कथा, उपन्यास पढेझैँ लाग्न सक्ने संस्मरणहरू सँगालिएका छन् । यस सङ्ग्रहमा स्वदेश तथा विदेशका विभिन्न परिवेशको प्रयोग गर्दै ती परिवेशगत भूमिको दृश्य जीवन्त बनाउने प्रयास गरिएको पाइन्छ । आत्मपरक र वस्तुपरक दुवै शैली अँगालेर यथार्थ घटनाहरूको प्रस्तुति गर्नु नै यस सङ्ग्रहका संस्मरणहरूको साझा विशेषता मान्न सकिन्छ । मिश्रित भाषाशैलीको प्रयोग गरी सामाजिक विकृति, विसङ्गतिहरूलाई पाठकसामु प्रस्तुत गर्नुपर्छ भन्ने मान्यतालाई नै यस सङ्ग्रहका संस्मरणहरूले पनि वरण गरेका छन् ।

# पाँचौं परिच्छेद

# ध.च. गोतामेका संस्मरणात्मक निबन्धसङ्ग्रहका प्रवृत्तिहरूको मूल्याङ्कन र उपसंहार

## ५.१ विषयप्रवेश

ध.च. गोतामे नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । उनले फुटकर रूपमा कथा, कविता, समालोचना विधामा कलम चलाएका छन् भने उनको सफल विधाका रूपमा उपन्यास र संस्मरणकारिता रहेको देखिन्छ । निबन्ध विधाका संस्मरण, नियात्रा, हास्यव्यङ्ग्य आदि क्षेत्रमा उनको कलम चलेको देखिन्छ । उनले विविध विधामा प्राप्त गरेको सफलताभन्दा संस्मरण विधामा प्राप्त सफलता अझ उर्वर देखिन्छ । २०१६ सालबाट *एक संस्मरण* नामक संस्मरणबाट यिनले संस्मरण लेखनको आरम्भ गरेको देखिन्छ । उनका पुस्तकाकार कृतिका रूपमा २०५३ सालमा **कालान्तर** संस्मरणसङ्ग्रह प्रकाशनपछि लगातार रूपमा पाँचवटा संस्मरणात्मक निबन्ध प्रकाशित भएका छन् । यिनै उनका संस्मरणात्मक कृतिका आधारमा उनका प्रवृत्तिलाई केलाउन सकिन्छ । उनले आफ्ना संस्मरणमा आफूले देखेका, भोगेका, सुनेका विविध विषयलाई वर्ण्य सामग्री बनाएका छन् । गोतामेले आफ्ना संस्मरणहरूमा आफ्ना सङ्घर्षका कथा र प्रशासनिक जीवनका कटुमधु अनुभवसम्बन्धी वृत्तान्तको रम्य वर्णन गरेका छन् । धेरै लामो समयसम्म विभिन्न क्षेत्रमा बसेर काम गर्ने, धेरै ठाउँ घुम्ने र अत्यधिक मानिससँग सम्पर्क गर्ने अवसर प्राप्त भएकाले पनि आफ्ना अनुभव र अनुभूति अभिव्यक्त गर्न संस्मरण उनका लागि उपयुक्त माध्यम हुन पुगेको देखिन्छ । गोतामेका संस्मरणहरूमा इतिहाससम्बद्ध विविध प्रसङ्ग र सूचनाहरूका अतिरिक्त उपन्यासमा जस्तो विभिन्न पात्रहरूको प्रस्तुति र चरित्रचित्रण, कथाको जस्तो उत्सुकता जगाउने भाषा र नाटकको जस्तो घटनाहरूको क्रम पनि उत्तिकै प्रभावशाली रूपमा प्रस्तुत भएको पाइन्छ । संस्मरणको केन्द्रबिन्दु आफू भए पनि उनी क्रमशः विस्तारित हुँदै व्यक्ति, समय, अवस्था र परिस्थितिको आकलन र चित्रण पनि सँगसँगै गर्दै अगाडि बढ्छन् । उनको संस्मरणात्मक प्रस्तुतिको शैली वर्णनात्मक छ र पाठकहरूलाई आकर्षित गर्ने खालको देखापर्छ । यी संस्मरणात्मक निबन्धहरूले नेपाली प्रशासनयन्त्रमा हुने गरेका उचनीच र भेदभावलगायतका

धेरै कुरा अभिव्यक्त गर्छन् । कसरी एउटा क्षमतावान् स्वाभिमानी व्यक्ति प्रशासनमा सधैँ तल पर्छ, कसरी तल्ला वर्गले गल्ती नगरेरै दण्डित हुनुपर्छ, प्रशासनमा कति धेरै चाकरी-चाप्लुसी छ, कसरी मानिस आफ्ना काम सकिएपछि चिन्न छाड्छन् इत्यादि तथ्य उनले नलुकाई विस्तारमा वर्णन गरेका छन् । यसरी ध.च. गोतामेका संस्मरणहरूको विषयगत प्रवृत्तिलाई निम्नलिखित बुँदाहरूमा चर्चा गरिएको छ :

## ५.२ ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्ति

### ५.२.१ ग्रामीण विषयवस्तुलाई संस्मरणमा समेट्ने प्रवृत्ति

ध.च. गोतामेले पहिलो चरणका आफ्ना संस्मरणहरूमा सानो छँदा आफूले देखेका, भोगेका, ग्रामीण परिवेशमा घटेका घटनाहरूलाई संस्मरणको विषयवस्तु बनाएको पाइन्छ । उनको **कालान्तर** (२०५३) मा प्रकाशित संस्मरणात्मक सङ्ग्रहमा सङ्कलित धेरैजसो संस्मरणहरूमा बाल्यावस्थामा अनुभव गरेका विषयहरू नै स्मृतिका माध्यमले उजागर भएका छन् । उनका यसै सङ्ग्रहमा सङ्कलित आलो *माटोका नयाँ संस्कार, बिरानो माटो, फुच्चे खलनायक, यात्राको तयारी, अलकापुरी कान्तिपुरी* आदि संस्मरणहरूमा गाउँले जीवन र लेखकका बाल्यकालका अनुभवहरू प्रस्तुत भएका छन् । त्यसैले उनका संस्मरणहरूमा ग्रामीण विषयवस्तुहरूको टड्कारो प्रस्तुति पाइन्छ ।

### ५.२.२ धार्मिक अन्धविश्वासको विरोध गर्ने प्रवृत्ति

ध.च. गोतामेले आफ्ना संस्मरणमा धार्मिक अन्धताबाट निम्तिएका जटिलता र समस्याहरूलाई अभिव्यक्त गरेका छन् । उनले धार्मिक अन्धविश्वासले समाजमा सृजना गरेको भेदभाव र दमनको विरोध गरेका छन् । प्राकृतिक नियमानुसार रजस्वाला हुँदा अपशकुन भएको भनेर रेलकै शौचालयमा थुनिन बाध्य भएकी नारीप्रति गोतामेले सहानुभूति प्रकट गर्दै अन्धविश्वासको विरोध गरेका छन् भने कतै घरका छेउमा गिद्ध बस्दा अपशगुन परेको भन्दै रुद्रीचण्डी पाठ गराएर ब्राह्मणभोजन गराउने परम्पराप्रति विरोध जनाएका छन् । *सानातिना छाउपडी, आफ्नो माटोको सुगन्ध* आदि संस्मरणहरू यस्ता प्रवृत्तिका उत्कृष्ट नमुना हुन् । यही धार्मिक अन्धताका कारणले आफ्ना मावलका महिलाहरू घरबाहिर निस्कन र कसैसँग बोल्नबाट वञ्चित भएको उल्लेख गर्दै उक्त परम्पराको विरोध गरेका छन् । त्यसैले धार्मिक अन्धविश्वासको विरोध गर्ने प्रवृत्ति उनका संस्मरणहरूमा पाइन्छ ।

### ५.२.३ मानवीय अस्तित्वको बचाउ गर्ने प्रवृत्ति

ध.च. गोतामेका संस्मरणहरूमा विषयगत विविधता पाइन्छ । पञ्चायती व्यवस्थामा साधारण जनताले बोल्न नपाएको, साधारण र स्वाभिमानी कर्मचारीहरूले उच्च कर्मचारीहरूको

गुलामी गर्नुपरेको र त्यसो नगर्दा कर्मचारीले भोग्नुपरेका कष्टहरू गोतामेका संस्मरणमा समेटिएका छन् । तत्कालीन शासनव्यवस्थामा उच्च ओहदाका सरकारी कर्मचारी र दरबारका आसेपासेहरूले साधारण मानिसलाई हेप्ने गरेको र अमानवीय प्रवृत्ति देखाउने गरेको घटनाप्रति विरोध गर्दै गोतामेले मानवीय अस्तित्वको बचाउ गरेका छन् । *परिबन्द, छालाको टोपी लाउने हाकिम, हुरीले हुत्याएको बाछिटा* आदि संस्मरणहरू यस प्रवृत्तिका उत्कृष्ट नमुना हुन् । त्यस्तै २००७ सालभन्दा अगाडि केही राणा परिवारसँग आफ्नो परिवारको चिनजान रहेको चर्चा गरेका छन् । तर राणा परिवारका व्यक्तिहरूले साधारण मानिस र आफ्ना नोकरचाकरलाई मानिस नठानेर भैँडाबाख्रा सम्झने गरेको र उनीहरूकै अगाडि अनेक अश्लील कार्य गरेको प्रसङ्ग पनि उल्लेख गरेका छन् । *आभिजात्य परिवेशमा* शीर्षकको संस्मरण यसको उत्कृष्ट नमुना हो । यसप्रकारका क्रियाकलापहरूको विरोध गर्दै मानवीय अस्तित्वको बचाउ गरेकाले मानवीय अस्तित्वको बचाउ गर्ने प्रवृत्ति उनका संस्मरणहरूमा पाइन्छ ।

### ५.२.४ सामन्ती व्यवस्था वा शोषकसत्ताविरुद्ध विद्रोहको अभिव्यक्ति प्रकट गर्ने प्रवृत्ति

ध.च. गोतामे जन्मँदा देशमा राणाशासन व्याप्त थियो । गोतामेको किशोरावस्था शोषक सामन्तवादी राणाशासन विरुद्धको सङ्घर्षमा बितेको कुरा उनले आफ्ना संस्मरणमा उल्लेख गरेका छन् । उनले जागिरे जीवन सुरु गरेको केही समयपश्चात् देशमा पञ्चायती राज्य व्यवस्था सुरु भयो । तीसवर्षसम्म कायम रहेको पञ्चायती व्यवस्थाले पारेको प्रभाव, त्यस व्यवस्थाले आफूसहित साधारण जनतालाई दिएको दु:खका कथा र यस्तो शोषक, सामन्ती व्यवस्थाविरुद्ध स्वतन्त्र रूपमा बोल्न र हिँड्न पाउनुपर्ने विद्रोहात्मक विचारका स्वरहरू उनका धेरैजसो संस्मरणमा व्यक्त भएका छन् । *आभिजात्य परिवेशमा, विद्रोहको प्रथम उद्घोष, हुरीले हुत्याएको बाछिटा, शीतल छहारी र चर्को घाम, छालाको टोपी लाउने हाकिम* आदि यस प्रवृत्तिका उत्कृष्ट संस्मरण हुन् । गोतामे कतै राणाहरूको ज्यादतिविरुद्ध आवाज उठाउँछन् भने कतै पञ्चायती व्यवस्थाले आक्रान्त पारेको समाजलाई त्यस विरुद्ध आवाज उठाउन प्रेरित गर्छन् । गोतामे स्वतन्त्रताका पक्षपाति थिए । उनी प्रगतिशील विचार राख्ने व्यक्ति हुन् । उनी समाजको विकास होस् जनता शिक्षित र स्वतन्त्र हुन् भन्ने विचार राख्थे । त्यसैले उनका संस्मरणहरूमा सामन्ती, शोषकसत्ता व्यवस्थाका विरुद्ध विद्रोहको अभिव्यक्ति प्रकट गर्ने प्रवृत्ति पाइन्छ ।

### ५.२.५ कर्मचारीतन्त्रमा व्याप्त चाकरी प्रथाको विरोध गर्ने प्रवृत्ति

ध.च. गोतामे मूलत: संस्मरणात्मक निबन्धका माध्यमबाट कर्मचारीतन्त्रमा रहेका विकृति, विसङ्गति र चाकरी प्रथाको विरोध गर्ने सशक्त संस्मरणकार हुन् । उनका

संस्मरणहरू पञ्चायती व्यवस्थामा जागिरे जीवनका भोगाइसँग सम्बन्धित घटनाहरूबाटै सृजिएका छन् । गोतामेका दोस्रो चरणका संस्मरणहरूले नै मुख्य रूपमा कर्मचारीतन्त्रमा देखापरेका चाकरी र चाप्लुसी प्रथाको विरोध गर्दै त्यसबाट उन्मुक्ति खोजिरहेको विचार व्यक्त गरेको पाइन्छ । पहिलो चरणदेखि तेस्रो चरणसम्म नै यस्तो प्रवृत्ति वरण गरेका उनका संस्मरणहरूमा राणा, राजा तथा उच्च ओहोदाका कर्मचारीका निकट हुन खोज्ने र आफ्नो सरुवा, बढुवाका निम्ति चाकरी गर्ने आफ्नै सहकर्मी चाकरीवाजको लाजलाग्दो व्यवहारको उल्लेख पाइन्छ । यस्तो चाकरी प्रथालाई प्रस्तुत गर्ने संस्मरणहरूमा *त्यो अग्निकाण्ड, छालाको टोपी लाउने हाकिम* आदि **सम्झनाका गल्छेडाहरूमा** नामक संस्मरणात्मक निबन्धसङ्ग्रहमा सङ्कलित छन् । यसरी नै **कालान्तर** सङ्ग्रहमा सङ्कलित *बहानाविहीन जलपोत, धमिराको सुस्वादु भोजन, आषाढस्य प्रथम दिवसे, शीतल छहारी र चर्को घाम* आदि संस्मरणहरूमा कर्मचारीतन्त्रमा व्याप्त चाकरी प्रथाको तीव्र विरोध गर्ने प्रवृत्ति मुखरित भएको पाइन्छ ।

## ५.२.६ वर्गीय असमानताको खुलेर विरोध गर्ने प्रवृत्ति

ध.च. गोतामेले आफ्ना प्रायः संस्मरणहरूमा वर्गीय असमानताले निम्त्याएका समस्याहरू प्रस्तुत गरेका छन् । उनका दोस्रो चरणका संस्मरणहरूले वहन गरेका विषयवस्तुभित्र उच्च वर्ग र नीच वर्गको द्वन्द्वले सृजना गरेका घटनाहरू समेटिएका छन् । वर्गीय असमानतालाई पहिलोपल्ट *आभिजात्य परिवेशमा* शीर्षकको संस्मरणले अभिव्यक्त गरेको हो । त्यसपछिका *सम्झनाका गल्छेडाहरूमा* र *तीनबास*जस्ता संस्मरणहरूले वर्गीय असमानताका क्रियाकलापहरूलाई प्रखर रूपमा प्रस्तुत गर्दै आएका छन् । उच्च वर्गले नीच वर्गलाई गरेको शोषण, दमन र अत्याचार तथा हैकमवादी प्रथाको विरोध गर्दै उनले आफ्ना संस्मरणमा वर्गीय असमानताको खुलेर विरोध गरेका छन् । यस्ता असमान व्यवहारको विरोध गर्नु नै गोतामेका संस्मरणगत प्रवृत्ति रहेको पाइन्छ । गोतामेले यस्ता वर्गीय असमानताको विरोध गर्दै निम्नवर्गप्रति सहानुभूति व्यक्त गरेर उनीहरूको अधिकार र अस्तित्वको पक्षमा आवाज उठाएका छन् । यस दृष्टिले हेर्दा गोतामेका संस्मरणहरूमा तत्कालीन उच्च र नीच वर्गमा रहेको असमानताको खुलेर विरोध गर्ने प्रवृत्ति प्रष्ट रूपमा देखापरेको पाइन्छ ।

## ५.२.७ समाज विकासका लागि मरिमेट्ने सहिद तथा अग्रजहरूप्रति श्रद्धा गर्ने प्रवृत्ति

ध.च. गोतामेका संस्मरणमा सहिद तथा समाजसेवी अग्रजहरूप्रति श्रद्धा र सम्मान व्यक्त गरिएको छ । उनले आफ्ना संस्मरणमा समाज विकासका निम्ति आफूलाई समर्पित

गर्ने इतिहासविद् बाबुराम आचार्य तथा देशको व्यवस्था परिवर्तनका लागि बलिदान गर्ने गङ्गालाल, शुक्रराजजस्ता सहिदहरूका कार्यको चर्चा गरेका छन् । उनको **कालान्तर** सङ्ग्रहमा *सङ्कलित यात्राको तयारी* नामक संस्मरणमा समाजको अग्रगमन चाहने तथा स्वतन्त्रताप्रेमी सहिदहरूप्रति श्रद्धा व्यक्त गरिएको छ । यसप्रकार गोतामेले आफ्ना संस्मरणमा देशका उच्च साहित्यिक, समाजसेवी तथा देशविकास र समाज विकासमा अहम् भूमिका निर्वाह गर्ने महान् व्यक्तिहरूको उच्च महत्त्व देखाएका छन् । गोतामेले आफ्ना संस्मरणमा देशका महत्त्वपूर्ण व्यक्तित्वहरूलाई श्रद्धा र सम्मान व्यक्त गर्ने प्रवृत्ति मुखरित गरेका नमुना संस्मरणहरूमा *यात्राको तयारी, शिखर पुरुष तथा इतिहास शिरोमणि बाबुराम आचार्य, एक संस्मरण* आदि मुख्य रहेका छन् । यिनै संस्मरणमा व्यक्त भएका विषय र विचारबाट गोतामेका प्रवृत्तिहरू प्रस्तुत भएको पाइन्छ । यसप्रकार गोतामेका संस्मरणहरूमा समाज विकासका निम्ति मरिमेट्ने सहिद तथा अग्रज व्यक्तित्वहरूप्रति श्रद्धा र सम्मान गर्ने प्रवृत्ति प्रस्तुत भएको पाइन्छ ।

### ५.२.८ संसदीय व्यवस्थामा हुने गरेका केही भ्रष्टताप्रति असन्तुष्टि व्यक्त गर्ने प्रवृत्ति

गोतामेका संस्मरणहरूले विभिन्न प्रवृत्तिहरूलाई आत्मसात् गरेका छन् । विविध विषयवस्तु र घटनाहरू समेटेर यिनले कहिले तत्कालीन व्यवस्थाको पर्दाफास गरेका छन् भने कहीँ उच्च व्यक्तित्वको सम्मान गरेका छन् । उनले आफ्ना संस्मरणको विषयवस्तुभित्र पञ्चायती कर्मचारीतन्त्रमा मौलाएको चाकरी प्रथाको विरोध गरेका छन् भने कतै संसदीय व्यवस्थामा फस्टाएको भ्रष्टताको भण्डाफोर गर्ने प्रयत्न पनि गरेका छन् । संस्मरणकार पञ्चायती व्यवस्थाको अन्त्यपछि देशविकास होला, जनताका मौलिक अधिकार सुनिश्चित होलान् र जनताको प्रगति होला भन्नेमा आशावादी थिए तर प्रजातन्त्र पुन: प्राप्तिपश्चात् संसदीय व्यवस्थामा राजनैतिक दलका नेताहरूले आफै सम्पत्ति कमाउन थालेका र आफ्ना आफन्तलाई जागिर खुवाउनमा मात्र तल्लीन भएको देखेर यस्ता गतिविधिप्रति आफ्ना संस्मरणमा असन्तुष्टि व्यक्त गरेका छन् । संस्मरणकार कतै नेताहरूले अकुत सम्पत्ति कुम्ल्याएको चर्चा गर्दछन् भने कतै आफन्तलाई जागिर लगाइदिन मन्त्री आफ्नै कार्यकक्षसम्म आएको चर्चा गर्दछन् । त्यस्तै पञ्चायती व्यवस्थामा चाकरीतन्त्रको प्रमुख थलो दरबार रहेको थियो भने प्रजातन्त्रपछि पार्टी कार्यालयहरू चाकरीतन्त्रका दरबारका रूपमा विकास भएको कुरा उनका संस्मरणमा उल्लेख गरिएको छ । *अन्तिम पटाक्षेप, समयचक्र*जस्ता संस्मरण यसका उदाहरण हुन् । प्रजातन्त्र पुन: प्राप्तिपश्चात् जनताले सोचेजस्तो प्रगति नभएको र भ्रष्टता बढेको सन्दर्भ गोतामेका संस्मरणहरूमा पाइने भएकाले संसदीय व्यवस्थामा हुने गरेका केही भ्रष्टताप्रति असन्तुष्टि व्यक्त गर्ने प्रवृत्ति उनमा पाइन्छ ।

## ५.२.९ महिला उत्पीडनविरुद्ध मुक्तिको आकाङ्क्षा राख्ने प्रवृत्ति

ध.च. गोतामे एक सशक्त संस्मरणकार हुन् । उनका संस्मरणहरूमा विभिन्न विषयवस्तु र घटनावलीहरूको संयोजन गरिएको हुन्छ । सशक्त विचारपक्षको प्रस्तुतिसँगै उनले आफ्ना संस्मरणमा महिला उत्पीडनविरुद्ध मुक्तिको आवाजसमेत उरालेका छन् । उनका संस्मरणमा तत्कालीन महिलाहरूको अवस्था, पुरुषहरूबाट महिलामा हुने हिंसा तथा अन्धविश्वासले सृजना गरेका समस्याका कारण महिलाहरूबाटै महिलाहरू बढी पीडित भएका घटनाहरू प्रस्तुत गरेका छन् । गोतामेले **आरोह–अवरोह** सङ्ग्रहमा सङ्कलित *अन्तिम पटापेक्ष* तथा *निर्णयको दोबाटोमा* महिलाहिंसाको विरोध गर्दै त्यस्ता उत्पीडनबाट महिलाहरूले मुक्ति पाउनुपर्ने विचार प्रस्तुत गरेका छन् । गोतामेले आफू कर्मचारी भएका बेला केही पुरुषहरू महिला शोषणमा लिप्त भएको र त्यस्ता चरित्रहीन पुरुषहरूबाट महिलाहरू पीडित हुनुपरेको प्रसङ्ग प्रस्तुत गरेका छन् । गोतामेमा रहेको महिला मुक्तिको आवाज उनका संस्मरणका माध्यमबाट पाठकसामु मुखरित हुन पुगेको पाइन्छ । त्यस्तै उनको **कालान्तर** सङ्ग्रहमा सङ्कलित *निलुफर मैयाँ* शीर्षकको संस्मरणमा महिला उत्पीडनको प्रसङ्ग उल्लेख गर्दै गोतामेले महिलाहरू पनि सशक्त र निडर भएर पुरुषहरूसमान हक-अधिकारका लागि भागिदार हुनुपर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । यसप्रकार गोतामेले आफ्ना संस्मरणमा विभिन्न कारणले पुरुषहरूबाट पीडित भएका महिलाहरूको अवस्था तथा महिलाहरूबाट महिलाहरू बढी पीडित हुन पुगेका अवस्था पनि प्रस्तुत गरेका छन् । यसरी हेर्दा गोतामेका संस्मरणमा महिलाहरूप्रति सहानुभूति प्रकट गर्दै महिलाहरूले पनि सशक्त आवाजका साथ आफ्ना हक-अधिकारको निमित्त सङ्घर्ष गर्नुपर्ने कुरा अगाडि सारिएको पाइन्छ । यिनै विषय र घटनावलीबाट गोतामेका संस्मरणमा महिला उत्पीडनविरुद्ध मुक्तिको आकाङ्क्षा राख्ने प्रवृत्ति मुखरित भएको प्रष्ट हुन्छ ।

## ५.२.१० बाल्यकालीन घटनाका स्मृतिहरूलाई रोमाञ्चकताका साथ पाठकसामु प्रस्तुत गर्ने प्रवृत्ति

ध.च. गोतामेले आफ्ना संस्मरणहरूमा लेखकलाई पूर्णरूपले पाठकसामु बिसाएको पाइन्छ । उनले आफ्ना प्राय:जसो रचनाहरूमा आफूले प्रत्यक्ष भोगेका घटनाहरूको विस्तारमा चर्चा गरेका छन् । गोतामेले **कालान्तर** सङ्ग्रहमा सङ्गृहीत प्राय: संस्मरणहरूमा आफ्ना बाल्यकालीन घटनावलीहरू प्रस्तुत गरेका छन् । उनका *राजनीतिक गोरेटोको खोजीमा, आलो माटोका नयाँ संस्कार, विद्रोहको प्रथम उद्घोष, फुच्चे खलनायक, आभिजात्य परिवेशमा, यात्राको तयारी* आदि संस्मरणहरूमा बाल्यकालीन स्मृतिहरूलाई रमाइलो ढङ्गले प्रस्तुत गरिएको छ । यस्ता घटनाहरूमा बालसुलभ व्यवहारहरू तथा बाल्यकालमा भोग्नुपरेका अप्ठ्यारा परिस्थितिहरूको पनि चाखलाग्दो गरी चर्चा गरिएको पाइन्छ । उनले बालककालमा आफ्ना परिवारभित्र भोगेका घटनाहरू, स्कुले साथीभाइसँग बिताएका दिनहरू तथा

बालककालमै यत्रतत्र भड्किएर बिताउनु परेका पलहरू यसमा समेटेका छन् । यसरी हेर्दा उनका संस्मरणहरू या बाल्यकालीन भोगाइका स्मृतिहरूलाई चाखलाग्दो गरी पर्गेल्न सक्ने प्रवृत्ति पाठकसामु प्रस्तुत भएको देखिन्छ । उनका विभिन्न शीर्षकमा समेटिएका संस्मरणहरूमा यस्ता बाल्यकालीन घटना र परिस्थितिहरू समेटिएकाले पाठकवर्गमा समेत रोमाञ्चकता सृजना हुन सक्ने देखिन्छ । यसरी हेर्दा उनका संस्मरणात्मक प्रवृत्तिहरूमा बाल्यकालीन घटनाका स्मृतिहरू चाखलाग्दो गरी पाठकसामु प्रस्तुत भएका छन् ।

## ५.३ मूल्याङ्कन

नेपाली साहित्यमा उपन्यास विधाबाट आफ्नो साहित्यिक यात्रा आरम्भ गरेका गोतामे मूलत: संस्मरणकारका रूपमा स्थापित भएका छन् । नेपाली संस्मरणसाहित्य लेखनको परम्परा यात्रासंस्मरणबाट सुरु भए पनि पछिल्लो चरणमा विशुद्ध संस्मरणलेखनको सैद्धान्तिक आधार तय भइसकेको छ । लेखकले अनुभव गरेका अविस्मरणीय घटनाका भोगाइहरू नै संस्मरणका विषयवस्तु हुन्छन् । नेपाली संस्मरणसाहित्यमा पछिल्लो चरणमा उदाएका सफल व्यक्तित्व गोतामे संस्मरणसाहित्यमा योगदान पुऱ्याउने व्यक्ति हुन् । यिनको संस्मरणात्मक प्रवृत्तिहरूको मूल्याङ्कनलाई ऐतिहासिक, परिमाणात्मक र गुणात्मक दृष्टिकोणले अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

वि.सं. २०१६ सालदेखि पत्रपत्रिकामा संस्मरणहरू छपाउन थालेका ध.च. गोतामेले **कालान्तर** (२०५३), **सम्झनाका गल्छेडाहरूमा** (२०५५), **तीनबास** (२०५८), **उत्तरोत्तर** (२०५९), **आरोह-अवरोह** (२०६२) र हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह **संज्ञासर्वनाम** (२०५४) गरी छवटा कृतिहरू प्रकाशित गरेका छन् । यिनले आफ्ना संस्मरणात्मक रचनाहरूमा जीवनका अविस्मरणीय घटनाहरूलाई कलात्मक र मीठो शैलीमा जीवनभोगाइका वास्तविकतासँग जोडेर प्रस्तुत गरेका छन् । नेपाली संस्मरणसाहित्यको विकास गर्ने सन्दर्भमा गोतामेले गहकिलो इट्टा थप्ने काम गरेका छन् । आधुनिक युगका विकृति, विसङ्गति र सचेत जनताका प्रत्यक्ष चासोका विषयमा बौद्धिक विचार व्यक्त गर्ने उनको प्रवृत्ति देखिन्छ । यस दृष्टिकोणले हेर्दा नेपाली संस्मरणसाहित्यको इतिहासमा ध.च. गोतामेको संस्मरणात्मक प्रवृत्ति उच्च रहेको छ । नेपाली संस्मरणसाहित्यमा *आफ्नो कथाबाट* (१९७५) लेखन आरम्भ भई आजसम्म आइपुग्दा लगभग एक शताब्दीसम्मको अन्तरालमा तीनदर्जनजति सङ्ग्रहहरू उपलब्ध भइसकेका छन् । फुटकर रूपमा पर्याप्त मात्रामा संस्मरणहरू छापिएका भए पनि उत्कृष्ट प्रवृत्ति भएका संस्मरणहरू सङ्ग्रहका रूपमा छापिन सकेका छैनन् । सङ्ख्यात्मक रूपमा गोतामेका छवटा संस्मरणात्मक निबन्धसङ्ग्रहहरू छन् । यी सबैजसो कृतिमा स्तरीयता, बौद्धिकता र परिवेशको विविधता पाउन सकिन्छ ।

ध.च. गोतामेको संस्मरणकारितालाई गुणात्मक दृष्टिले हेर्दा संस्मरणसाहित्यको परम्परामा उनी एक सफल व्यक्तिका रूपमा स्थापित देखिन्छन् । परिवेशगत हिसाबले उनका संस्मरणहरूको मूल्याङ्कन गर्दा ग्रामीण, सहरिया तथा वैदेशिक भूमिको यिनले सफलतापूर्वक चित्रण गरेको पाइन्छ । पात्र प्रयोगका दृष्टिले गोतामेलाई हेर्दा सफल संस्मरणकारले प्रयोग गर्ने प्रथम पुरुषीय 'म' पात्रको प्रयोग गर्दै लेखकीय अनुभूति र स्मृतिसञ्चित अविस्मरणीय क्षणहरूको वर्णन गर्ने प्रवृत्ति उनका संस्मरणमा पाइन्छ । गोतामेका संस्मरणहरूमा विषयवस्तुको विविधता झल्कन्छ । गोतामेका संस्मरणहरूको भाषा साधारण पाठकका लागि पनि सुबोध्य छ । कृति पढ्दा कथा पढेजस्तो लागे पनि विषयवस्तुको प्रस्तुतीकरणले संस्मरणको कोटिमा पर्ने उनका संस्मरणहरू बालकदेखि वृद्धसम्मलाई लोभ्याउने खालका छन् । उनका संस्मरण पढ्ने जो कोही पनि संस्मरणको 'म' पात्रसँग साधारणीकृत बन्न पुग्छ । सफल संस्मरणमा हुनुपर्ने गुणहरू गोतामेका संस्मरणमा पाइन्छन् । अभिधेय अर्थमा पनि मार्मिक विषय प्रस्तुत गर्दै देश, विदेश र कर्मचारीतन्त्रका अस्तव्यस्ततालाई यथार्थपरक शैलीमा व्यक्त गर्ने यिनले भोगेका भोगाइहरू, तत्कालीन कर्मचारीतन्त्रमा भएका विकृति र विसङ्गतिलाई पर्दाफास गरेर पाठकसामु पुऱ्याउने लक्ष्य लिएको थाहा हुन्छ । यसरी गोतामेको संस्मरणात्मक प्रवृत्तिहरूको मूल्याङ्कन गर्दा परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले उच्च एवम् महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

## ५.४ उपसंहार

पहिलो परिच्छेदअन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधविषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधअध्ययन विधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदअन्तर्गत संस्मरणको सैद्धान्तिक परिचय र समस्या प्रस्तुत गरिएको छ । यस खण्डमा सैद्धान्तिक परिचयअन्तर्गत विभिन्न विद्वान्हरूका भनाइहरूका साथसाथै संस्मरणको अर्थ तथा परिभाषा उल्लेख गरिएको छ । यसै परिच्छेदको अन्य खण्डहरूमा संस्मरणका विभिन्न तत्त्वहरू र तिनका सम्बन्धमा विभिन्न विद्वान्हरूको व्यक्त गरेका मत-अभिमतहरू प्रस्तुत गरिएका छन् । यसै परिच्छेदअन्तर्गत संस्मरणका विशेषताहरू, अन्य विधाभित्रका उपविधासँग संस्मरण विधाको तुलना क्रमिक रूपमा प्रस्तुत गरिएको छ । आत्मकथा र संस्मरण, जीवनी र संस्मरण, यात्रावृत्तान्त र संस्मरण, दैनिकी र संस्मरण, पत्रसाहित्य र संस्मरण, अन्तर्वार्ता र संस्मरण, शब्दचित्र र संस्मरणका साथै विवरण र संस्मरणको अर्थसहित तुलना गरिएको छ । अन्तमा, निष्कर्षसहित संस्मरण विधालाई अन्य विधाजस्तै स्थापित गराउँदा देखापर्न सक्ने समस्यालाई सामान्य रूपमा औँल्याएको छ ।

तेस्रो परिच्छेदमा संस्मरणको विकासक्रम र ध.च. गोतामेका संस्मरणहरूको चरणगत अध्ययन प्रस्तुत गरिएको छ । यस परिच्छेदअन्तर्गत संस्मरणसाहित्यको विकास प्रक्रियाका चरणहरूको चर्चा गर्दै गोतामेका संस्मरणहरूमा पाइने विषयगत प्रवृत्ति र उनमा आएको वैचारिक परिवर्तनका आधारमा उनको संस्मरणलेखनलाई तीन चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । उनको संस्मरणलेखनको प्रारम्भ २०१६ सालमा प्रकाशित *एक संस्मरण*बाट सुरु भएको देखिन्छ । २०५३ सालमा प्रकाशित **कालान्तर** संस्मरणात्मक निबन्धसङ्ग्रहका निबन्धहरूलाई पहिलो चरणअन्तर्गत राखिएको छ । उनको संस्मरणलेखन प्रारम्भदेखि २०५४ सम्मलाई पहिलो चरण, २०५५ देखि २०५८ सम्मलाई दोस्रो चरण, २०५९ देखि २०६३ सम्मलाई तेस्रो चरण मानिएको छ । उनले प्रस्तुत गरेका विषयवस्तुलाई भन्दा उनमा आएका वैचारिक परिवर्तनलाई मूल आधार बनाएर चरण विभाजन गरिएको छ । उनले पहिलो चरणमा आफ्ना बाल्यकालीन अनुभवहरू, प्रारम्भिक शिक्षा आर्जन गर्दाका समस्याहरू, राणाविरोधी आन्दोलनका क्रममा भएका रक्सौल बसाइका तीतामीठा अनुभवहरू अनि काठमाडौँ प्रवेश गरेपछि भोगेका यावत् घटना र आफू जागिर प्रवेश गर्नुपूर्व भोगेका आर्थिक कठिनाइहरू, पत्रकार जीवनमा देखेका अनेक घटनाहरूका साथै प्रशासनिक क्षेत्रमा प्रवेश गरेपछि गरेका विदेश भ्रमणको वर्णन, अनेक व्यक्तिका चारित्रिक विशेषताका साथै थोरबहुत रूपमा समाजमा देखिएका विकृतिहरूको पर्दाफास गरेका छन् भने दोस्रो चरणमा यो भन्दा फरक विषय खासै नदेखिए पनि यिनले प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई सबै पाठकसामु कत्ति पनि नलुकाइकन प्रस्तुत गर्नुका साथै चाकरी प्रथाको विरोध गर्दै प्रगतिशील विचार व्यक्त गरेका छन् । उनले विदेश भ्रमणका यावत् प्राकृतिक सौन्दर्यको वर्णन र अनेक विकृतिलाई उजागर गरेका छन् । उनको संस्मरणकारिताको तेस्रो चरणमा लामो प्रशासनिक सेवाबाट निवृत्त भएपछि प्रज्ञा प्रतिष्ठानको सदस्य-सचिव भएको उन्नतिलाई मूल आधार बनाएर आफ्ना विचार प्रस्तुत गरेका छन् । उनका यस चरणमा दुईवटा संस्मरणात्मक सङ्ग्रह **उत्तरोत्तर** र **आरोह-अवरोह** प्रकाशित छन् । बौद्धिक क्षेत्रमा भएका विसङ्गतिलाई पर्दाफास गर्दै **उत्तरोत्तर**लाई प्रस्तुत गरेका छन् भने विशृङ्खलित विषयवस्तुको टिपोटका साथै धेरैभन्दा धेरै संस्मरणहरू दोहोरिएको सङ्ग्रहका रूपमा **आरोह-अवरोह** प्रकाशित छ । उनले पहिला संस्मरणहरूमा भनिसकेका कुराहरूलाई नै दिग्दारिलो पाराले केही नयाँ विषयवस्तुलाई थपेर यो सङ्ग्रह प्रकाशित गरेका छन् ।

चौथो परिच्छेदअन्तर्गत **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन प्रस्तुत गरिएको छ । यसमा सोह्रवटा निबन्धात्मक संस्मरणहरू रहेका छन् । यस खण्डमा सैद्धान्तिक रूपले **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धसङ्ग्रहभित्रका सोह्रवटा निबन्धात्मक संस्मरणहरूको छुट्टाछुट्टै विश्लेषणका साथै कृतिपरक अध्ययन प्रस्तुत गरिएको छ । २०१६ सालदेखि निबन्धलेखनमा सक्रिय भएका गोतामेले देशविदेशका विभिन्न स्थानहरूको भ्रमण गरेर लेखेका र आफू प्रशासनमा रहेका बेला देखेका, सुनेका वा अनुभव

गरेका विषयलाई लिएर लेखिएका हास्यव्यङ्ग्यात्मक निबन्धसहित छ वटा निबन्धात्मक कृतिहरू प्रकाशित गरेका छन् । उनका संस्मरणात्मक निबन्धहरूमा भ्रमणका बेलामा देखेका दृश्यहरू, व्यक्तिका चरित्रहरू, प्रशासनिक संयन्त्रलाई विषय बनाएर यथार्थ रूपमा लिपिबद्ध गरिएको छ । उनले प्रशासनिक क्षेत्रमा हुने गरेका हालीमुहाली र वर्गीय विभेद अन्त्य हुनुपर्ने चाहना राखेका छन् । उनका संस्मरणहरू कुनै आख्यानात्मक कृति पढेझैँ लाग्ने खालका छन् भने यथार्थको चित्रण गर्न सफल रहेका छन् । उनका नियात्रामा विभिन्न स्थानको वर्णनले पाठकलाई लेखकसँगै यात्रा गराइरहेका हुन्छन् । उनका निबन्धको विषय सामान्य पनि कथ्यशिल्प निकै तिख्खर र गहन रहेको पाइन्छ । उनका निबन्धहरूले समाजको विसङ्गतिलाई पर्दाफास गरेका छन् भने ती विषयवस्तुको वर्णन गर्दा सरल, सहज आलङ्कारिक भाषाको प्रयोग भएको पाइन्छ । कतैकतै भाषिकाको प्रयोगबाट तत्भाषामा ज्ञान नभएका पाठकका लागि संस्मरणमा व्यक्त विचार बोध गर्न केही कठिन भए पनि प्रसङ्गबोध गर्न त्यति असहज हुँदैन ।

पाँचौँ परिच्छेदअन्तर्गत ध.च. गोतामेका संस्मरणात्मक प्रवृत्तिहरूका साथै मूल्याङ्कन र उपसंहार प्रस्तुत गरिएको छ । यस खण्डमा गोतामेका संस्मरणहरूमा पाइने प्रवृत्तिहरूलाई छुट्टाछुट्टै बुँदाहरूमा व्यक्त गरी मूल्याङ्कन गरिएको छ । उनले वर्णन गरेका हरेक विषयवस्तु र ती संस्मरणहरूको उद्देश्यका आधारमा प्रवृत्ति निर्धारण गरिएको छ । उनले खास गरेर ग्रामीण र सहरिया दुवै परिवेशमा आधारित संस्मरणहरू लेखेको देखिन्छ भने दुवै क्षेत्रमा व्याप्त विषयहरूलाई संस्मरणमा प्रस्तुत गर्ने प्रवृत्ति पनि पाइन्छ । धार्मिक अन्धविश्वासको विरोध, मानवतावादी धारणा, शोषणसामन्ती सत्ताविरुद्ध विद्रोह, कर्मचारीतन्त्रमा व्याप्त चाकरी प्रथाको विरोध, वर्गीय असमानताको खुलेर विरोध, सहिद, समाजका अग्रगण्य व्यक्तित्वहरूप्रति सम्मान, महिला उत्पीडनविरुद्ध मुक्तिको आकाङ्क्षा, बाल्यकालीन घटनाको वर्णन जस्ता प्रवृत्ति उनका संस्मरणमा पाइन्छन् । यसै परिच्छेदअन्तर्गत गोतामेले संस्मरणलेखनमा गरेको योगदानको मूल्याङ्कनसमेत प्रस्तुत गरिएको छ । अन्तमा, यस शोधपत्रको शोधसार वा उपसंहार भागलाई प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा लेखन र प्रशासनिक जिम्मेवारी बहन गरी जीवन बिताउँदै आएका ध.च. गोतामे नेपाली साहित्यका एक महत्त्वपूर्ण स्रष्टा तथा द्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले गोतामे नेपाली साहित्यका एक सफल साहित्यकार हुन्भन्ने स्थापित गरेको छ । उनको संस्मरणकारिताले अन्य विधाका तुलनामा छुट्टै अस्तित्व निर्माण गरेको छ । उनले संस्मरणलेखनमा गरेको योगदान नेपाली साहित्यले कहिल्यै बिर्सने छैन । उनले संस्मरणलेखनमा सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा अविस्मरणीय योगदान पुऱ्याएका छन् ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तकसूची


अधिकारी, माधव, **संस्मरणकार खगेन्द्र सङ्ग्रौला**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६) ।

असद्, माजदा, **गद्यकी नवीन विधाएँ**, (दिल्ली : ग्रन्थ अकादमी, २०३०) ।

आ.दी., केशवमणि र आ.दी., राममणि, **पुरानो सम्झना**, (.......... : शान्ति निकेतन पुस्तकालय, २०२९) ।

आनन्द, खेलचन्द्र, **आधुनिक हिन्दी गद्य**, (दिल्ली : सूर्य प्रकाशन, १९७४) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, (काठमाडौँ : साहित्य प्रकाशन, २०४९) ।

खतिवडा, खडानन्द, **ध.च. गोतामेको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६८) ।

गोतामे, ध.च., **कालान्तर**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५३) ।

__________, **सम्झनाका गल्छेडाहरूमा**, (ललितपुर : साझा प्रकाशन, २०५५) ।

पाठक, मनमाया, **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६) ।

पारिजात, **पारिजातका सङ्कलित रचनाहरू**, (सिक्किम : निर्माण प्रकाशन, २०५४) ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०) ।

पौड्याल, चिरञ्जीवी, **आफ्नू कथा**, दोस्रो संस्क., (ललितपुर : जगदम्बा प्रकाशन, २०२१) ।

प्रधान, प्रमोद, **नेपाली निबन्धको इतिहास**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६६) ।

__________, **नेपाली यात्रासाहित्यको वृत्तान्त**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०) ।

प्रधान, भिक्टर, **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४४) ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.), **हिन्दी साहित्यकोश**, दोस्रो संस्क., (वाराणसी : ज्ञानमण्डल लिमिटेड, २०२०) ।

भट्टराई, इन्द्रप्रसाद, **सम्झनाका तरेलीहरूमा**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८) ।

भट्टराई, हर्षनाथ र अन्य (सम्पा.), **नेपाली राष्ट्रिय शब्दकोश**, (काठमाडौँ : एजुकेसन पब्लिसिङ हाउस, २०६३) ।

रोका, रमेशचन्द, **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८) ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२) ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, (ललितपुर : साझा प्रकाशन, २०४९) ।

वर्क, विलियम (सम्पा.), **सही शब्द**, (दार्जिलिङ : बेलामिन भाषा संस्थान, सन् १९९४) ।

शर्मा, तारानाथ र प्रधान, पारसमणि, **रोचक संस्मरण**, दोस्रो संस्क., (कालिङपोङ : भाग्यमणि प्रकाशन, २०४०) ।

शर्म्मा, वसन्तकुमार (सम्पा.), **नेपाली शब्दसागर**, (काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५७) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौँथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४५) ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०५८) ।

ज्ञवाली, सूर्यविक्रम, सिंह, खड्गमान र वैद्य, गजानन्द, **जेलमा बीस वर्ष**, (काठमाडौँ : ......................................, २०३०) ।

## (ख) पत्रपत्रिकासूची

केशरबहादुर, *करुण कहानी,* **शारदा**, (वर्ष १, अङ्क १२, १९ माघ, १९९२), पृ. १२ ।

सुवेदी, राजेन्द्र, *संस्मरण साहित्यको सैद्धान्तिक परिचय : सङ्क्षिप्त अध्ययन,* **मधुपर्क**, (वर्ष २८, अङ्क ४, भदौ, २०५३), पृ. ३७ ।